# बाटो
# सत्य
# जीवन



अनुग्रहको
हिँडाइको रूपमा
चेलापन

डेविड ए. ब्युसिक

येशूलाई पछ्याउने जीवन कहिल्यै पट्टाइलाग्दो वा एकै ठाउँमा अडिएको हुनुहुँदैन, न ता यो एकलो हुनुपर्छ। जब हामी येशूजस्तै हुन खोज्छौं, तब हामीले यो पत्ता लगाउँछौं कि इसाई चेलापनचाहिँ निरन्तर भइरहने अनुग्रहको हिँडाइ हो। बाटो, सत्य, जीवनमा, डेभिड ब्युसिकले हामीलाई विभिन्न तरिकाहरू विचार गर्न निमन्त्रणा दिन्छन् जसले हाम्रो जीवनको हरेक मोडमा परमेश्वरको खोजी गर्ने, बचाउने, चोखो पार्ने, दिगो पार्ने र प्रशस्त अनुग्रहलाई भेट्टाउँदछ। जब हामीले अनुग्रहको हिँडाइको लागि हामीलाई प्रेमपूर्वक बोलाउनुहुने र सुसज्जित पार्नुहुनेलाई विश्वासयोग्यतासाथ जवाफ दिन्छौं, हामी येशू ख्रीष्टसँग गहिरो सम्बन्धको आनन्द लिनेछौं, जो स्वयम बाटो, सत्य र जीवन हुनुहुन्छ।

डेविड ए. ब्युसिक (डी.मीन, डीडी) चर्च आफ द नाजरेनमा सामान्य अधिक्षकको रूपमा सेवा गर्छन्। उनले कन्सास सिटी (यू.एस.ए) मा नाजरेन थियोलोजिकल सेमिनारीको अध्यक्षको रूपमा र क्यालिफोर्निया, कन्सास र ओक्लोहोमाका चर्चहरूको प्रमुख पास्टरको रूपमा सेवा गरेका थिए। ब्युसिकले द सिटी: अर्बन चर्चेस इन द वेस्लियन-होलनेस ट्रेडिसन, र परफेक्टली इम्पर्फेक्कका दुई खण्डहरू, पुराना र नयाँ करारका पात्रहरूको अध्ययन पनि लेखे।

CHURCH OF THE NAZARENE

# बाटो सत्य जीवन

अनुग्रहको
हिँडाइको रूपमा
चेलापन

डेविड ए. ब्युसिक

येशूलाई पछ्याउने जीवन कहिल्यै पट्टाइलाग्दो वा एकै ठाउँमा अडिएको हुनुहुँदैन, न ता यो एकलो हुनुपर्छ। जब हामी येशूजस्तै हुन खोज्छौं, तब हामीले यो पत्ता लगाउँछौं कि इसाई चेलापनचाहिँ निरन्तर भइरहने अनुग्रहको हिँडाइ हो। बाटो, सत्य, जीवनमा, डेभिड ब्युसिकले हामीलाई विभिन्न तरिकाहरू विचार गर्न निमन्त्रणा दिन्छन् जसले हाम्रो जीवनको हरेक मोडमा परमेश्वरको खोजी गर्ने, बचाउने, चोखो पार्ने, दिगो पार्ने र प्रशस्त अनुग्रहलाई भेट्टाउँदछ। जब हामीले अनुग्रहको हिँडाइको लागि हामीलाई प्रेमपूर्वक बोलाउनुहुने र सुसज्जित पार्नुहुनेलाई विश्वासयोग्यतासाथ जवाफ दिन्छौं, हामी येशू ख्रीष्टसँग गहिरो सम्बन्धको आनन्द लिनेछौं, जो स्वयम बाटो, सत्य र जीवन हुनुहुन्छ।

डेविड ए. ब्युसिक (डी.मीन, डीडी) चर्च आफ द नाजरेनमा सामान्य अधिक्षकको रूपमा सेवा गर्छन्। उनले कन्सास सिटी (यू.एस.ए) मा नाजरेन थियोलोजिकल सेमिनारीको अध्यक्षको रूपमा र क्यालिफोर्निया, कन्सास र ओक्लोहोमाका चर्चहरूको प्रमुख पास्टरको रूपमा सेवा गरेका थिए। ब्युसिकले द सिटी: अर्बन चर्चेस इन द वेस्लियन-होलनेस ट्रेडिसन, र परफेक्टली इम्पर्फेकका दुई खण्डहरू, पुराना र नयाँ करारका पात्रहरूको अध्ययन पनि लेखे।

प्रतिलिपि अधिकार©२०२१

द फाउण्ड्री पब्लिकेशन

पो.आ बक्स ४१९५२७

कन्सास सिटी, एमओ ६४१४१ (यूएसए)

thefoundrypublishing.com

मौलिकरूपले अंग्रेजी भाषामा वे टुथ लाइफ को शिर्षकमा छापिएको थियो।

डेविड ए. ब्युसिक

द फाउण्ड्री पब्लिकेशनद्वारा प्रकाशित

यो संस्करण द फाउण्ड्री पब्लिशिको व्यवस्थापनमा प्रकाशित

सर्वाधिकार सुरक्षित

यस प्रकाशनको कुनै पनि अंश वा खण्ड पुन: उत्पादन, पुन: प्राप्ति प्रणालीमा भण्डारण, वा कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट प्रकाशकको पूर्व लिखित अनुमति बिना प्रसारण गर्न सकिंदैन, उदाहरणका लागि स्क्यानिङ, फोटोकपी, र रेकर्डिङ इत्यादि। केवल मुद्रित समीक्षाहरूको निम्ति छोटो उद्धरणहरू छाप्न सकिनेछ।

आन्तरिक सजावट: शेरोन पृष्ठ

अनुवाद:

सम्पूर्ण बालबलीय खण्डहरू नेपाल बाइबल सोसाइटीद्वारा अनुवादित नेपाली बाइबलबाट उद्धृत गरिएको छ।

यस पुस्तकको प्रकाशन समयसम्म यस पुस्तकका इन्टरनेट ठेगानाहरू सही थिए, तर ती सबै भाषाहरूमा उपलब्ध नहुन सक्छन्।

यी लिङ्कहरू स्रोतको रूपमा प्रदान गरिएका छन्। प्रकाशकले ती सबलाई समर्थन गर्दैन वा ती तिनीहरूका सामग्रीहरू वा स्थायीताको लागि आश्वासन दिंदैन।

*समपर्ण*

*मेरा पिता रोबर्ट ई. ब्युसिक, जसले मलाई कि अनुग्रहले भरिएको हिँडाइ हो र येशूजस्तै हुनु चाहिँ हाम्रो गन्तब्य हो भनी सिकाउनुभयो, उहाँको स्मृतिमा यो समर्पित छ।*

*हे परमप्रभु, मलाई तपाईंको मार्गको शिक्षा दिनुहोस्, र म तपाईंको सत्यतामा हिँड्नेछु। मलाई एकाग्र हृदय दिनुहोस्, र म तपाईंका नाउँको भय मानूँ।*

*-भजन ८६:११*

# विषयहरू


स्वीकृतिहरू 9

परिचय 11

1. अनुग्रह जसले हामीलाई चकित पार्छ 21

## बाटो

2. अनुग्रह जसले हामीलाई खोज्छ 35

## सत्य

3. अनुग्रह जसले हामीलाई बचाउँछ 51

## जीवन

4. अनुग्रह जसले हामीलाई चोखो पार्दछ 73

5. अनुग्रह जसले हामीलाई दिगो बनाउँछ 103

6. अनुग्रह जो हाम्रो लागि प्रशस्त छ 137

त्यसपश्चात: येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ 153

# स्वीकारोक्ति

स्वीकारोक्तिले ती व्यक्तिहरूको पहिचानबाट दायरा विस्तार गर्न सक्छ जसले भुक्तान गर्न नसकिने कृतज्ञताको आभार व्यक्त गर्न केही सम्भव तुल्याउँछ। अहिले पनि त्यस्तै भएको छ।

जब म चर्च अफ नाजरेनको लागि सामान्य अधिकृतको रूपमा सेवा गर्न चुनिएँ, म जान्दथें कि जेनेरल सुपरिटन्डेन्टका बोर्डका मेरा मित्रहरूले मेरो जीवनलाई प्रभाव पार्नेछन्, तर तिनीहरूको प्रभावको माप अतूलनीय थियो। यद्धपि हाम्रा अनगिन्ती नेतृत्व कुराकानी सधैँ विपरित विचारहरूले भरिएको हुन्थ्यो, तर त्यहाँ एउटा कुराचाहिँ स्थीर थियो त्यो हो तिनीहरूको मण्डलीप्रति विश्वासयोग्यता र प्रार्थनामय समर्पित जीवन, चाहे त्यो कठिन र गाह्रो कुरा भए तापनि। र तिनीहरूको हृदयको चोखो र तिनीहरूको चरित्रको सामर्थमा मेरो पूर्ण भरोसा अडिएको थियो। फिलिमाओ चाम्बो, गुस्तावो क्रोकर, यूजेनियो डुआर्टे, डेविड ग्रेव्स, जेरी पोर्टर, कार्ला सनबर्ग, र जेके वारिकलाई धेरै धन्यवाद! तपाईंहरूको प्रभावले मण्डलीमा सेवा पुर्‍याउन यो पुस्तक लेख्दा हामीलाई "अन्यजातिहरूमा ख्रीष्टजस्तै चेला बनाउने" हाम्रो मिसन पूरा गर्न मद्दत गर्न उत्प्रेरित गरेको छ।

चर्च अफ द नाजरेनका लागि विश्वव्यापी चेलापन सेवकाईका निर्देशक स्कट राइनेलाई धन्यवाद, जसले मलाई अनुग्रहको हिँडाइको रूपमा पवित्रताले भरिएको चेलापनलाई जोड दिने एउटा साधारण पुस्तक लेख्ने निमन्त्रणा दिए। द फाउण्ड्री पब्लिसिङका सम्पादकीय निर्देशक बोनी पेरीलाई धन्यवाद, उनको अटुट विश्वासको लागि कि राम्रो धर्मशास्त्र हाम्रो बालबालिकाहरूको निम्ति लेखिएको र पारित गरिएको छ जुन उनको उत्तम जीवनको लगानी गर्न पर्याप्त छ। स्पष्टताको लागि सम्पादकीय हेराईको लागि र सधैँ "यदि तपाईंले यसलाई यसरी भन्नुभयो भने के हुन्छ" भन्ने प्रश्नको लागि औड्रा स्पिवेनलाई धन्यवाद । अन्तमा, मेरो युवास्थामा म अत्याधिक उपस्थित नभए तापनि तर असाधारण प्रेम गर्ने नाजरेन मण्डलीलाई धन्यवाद, जसले मलाई सिकाए कि पवित्रता

भनेको ख्रीष्टमा परमेश्वरले हाम्रो लागि गर्नुभएको कुरा मात्र होइन तर ख्रीष्टमा परमेश्वरले हामीमा र हामीमार्फत अनवरत रूपमा गरिरहनुभएको कुरा पनि हो, जब हामी आफैलाई अधिकार दिन्छौं र येशूलाई हाम्रो जीवनको प्रभु हुन दिन्छौं।"

## लेखकबाट केही शब्दहरू

अघिल्ला लेखहरूमा मेरो शैली भएजस्तै म पाठकहरूलाई चेलापन र अनुग्रहको हिँडाइबारे अझ विस्तृत समझको लागि प्रचुर मात्रामा फुटनोटहरूबाट परामर्श लिन प्रोत्साहित गर्दछु। प्रचुर मात्रामा दिइएका टिप्पणीहरूले अरूको सोचाइप्रतिको मेरो आभार र पाठको मुख्य निकायको लागि बोझ हुने थप अन्तरदृष्टिहरू प्रदान गर्ने मेरो इच्छालाई प्रतिबिम्बित गर्दछ। पहुँचको खातिर, हरेक पल्ट नयाँ अध्याय सुरु हुँदा पूर्ण उद्धरणहरू प्रस्तुत गरिन्छ, यद्धपि ती लेखक वा स्रोतलाई पहिले नै स्वीकार गरिएको छ।

# परिचय

येशूले हामीलाई उहाँसितको हिँडाइमा निमन्त्रणा दिनुहुन्छ। "आओ, मलाई पछ्याओ।" यो एक प्रिय मित्रसँग एक साहसिक कार्यमा जाने एक सरल निमन्त्रणा हो। ख्रिस्टियन जीवन सही विश्वासभन्दा बढी हो। यो बौद्धिक सहमतिभन्दा बढी हो। यो येशूसँग हिँड्नका लागि निमन्त्रणा हो।

येशूसितको हिँडाइको अर्को शब्द चेलापन हो। चेला हुनु भनेको येशूसित हिँड्दा येशूको बाटो पछ्याउनु हो। बाटोमा धेरै गल्ली, गल्छेडो र अनपेक्षित मोडहरू छन्। कहिलेकाहीँ बाटो सजिलो महसुस हुन्छ, र कहिलेकाहीँ यो एक असजिलो वा कठिन भए जस्तो लाग्छ। तथापि, चेलापनको अन्तिम लक्ष्य (ग्रीक भाषामा) सधैँ एउटै हुन्छ: ख्रीष्टजस्तै हुनु।

यदि यो असम्भव देखिन्छ भने, तपाईं वास्तवमा नै सुरु गर्नका लागि असल ठाउँमा हुनुहुन्छ। वास्तवमा, यदि मैले एउटा महत्त्वपूर्ण निश्चितामा आउनुपर्ने हुन्छ भने यो असम्भव छ: हामी येशूसँगको हिँड्छौं। त्यसैकारण यो अनुग्रहको हिँडाइ हो।

जब येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ" (यूहन्ना १४:६)। उहाँले क्रमिक, बौद्धिक समीकरण वा हामीले परमेश्वरसँग गर्ने लेनदेनको सम्झौताभन्दा बढी कुरा गरिरहनुभएको थियो। उहाँले चेलापन कसरी हुनेछ भनेर वर्णन गरिरहनुभएको थियो। निस्संदेह, बाटो, सत्य र जीवन दार्शनिक अमूर्तता वा जीवनका सिद्धान्तहरू होइनन्। बाटो, सत्य र जीवन एक व्यक्ति हुन्।

येशूले हिँडाइको उचित लक्ष्य तर्फ संकेत गर्दै हुनुहुन्थ्यो: परमेश्वरले चाहनुभएको वास्तविक जीवन, र हामी लक्ष्यमा पुग्ने माध्यमहरू बाटो र सत्य हुन्, जो आफैमा र आफू मार्फत पूरा हुन्छन्।२ अनुग्रहको हिँडाइ यसको मुख्य भागसँग सम्बन्धात्मक छ।

जेम्स के.ए. स्मिथले चेलापनलाई "अन्धकारको राज्यबाट परमेश्वरको प्रिय पुत्रको राज्यमा एक प्रकारको बसाइँ सराई" को रूपमा वर्णन गरेका छन् (कलस्सी १:१३)। यो हिँडाइको भाषा हो- एक देशबाट अर्को देशमा सर्ने काम। यो नागरिकता र निष्ठाको परिवर्तनको बारेमा हो कि येशू ख्रीष्टमा परमेश्वरको अनुग्रहबाट अलग रहेर गर्न असम्भव छ, जो बाटो हुनुहुन्छ। स्मिथ अझ यसो भन्छन्, "ख्रीष्टमा हामीलाई स्वर्गीय राहदानी दिइएको छ; उहाँको शरीरमा हामी उहाँको राज्यको "स्थानीय नागरिक" भएर बाँच्न हामी सिक्छौं। नयाँ राज्यमा साँच्चै सर्नु भनेको अर्कै ठाउँमा सारिनुमात्र होइन; हामीले नयाँ जीवनशैलीमा अभ्यस्त हुनु आवश्यक छ, नयाँ भाषा सिक्नुपर्छ, नयाँ आदत बसाल्नुपर्छ – र विद्रोही स्वभावका आदतहरूलाई हटाउनुपर्छ।

म साँच्चै विश्वास गर्छु कि जब येशूले भन्नुभयो, "म तिम्रोलागि एउटा ठाउँ तयार पार्न जाँदैछु" (यूहन्ना १४), त्यो प्रतिज्ञामा जब हामी आइपुग्छौं त्यतिबेला हामीलाई बस्ने ठाउँ दिइनेछ भनेर उहाँले व्यक्तिगत रूपमा हाम्रो यात्राको लागि सुरक्षित राख्नुभएको छ भन्ने ग्यारेन्टी समावेश थियो। उहाँ हाम्रो स्वर्गीय राहदानी हुनुहुन्छ जसले हामीलाई उहाँको राज्यको नयाँ देश अर्थात त्यहाँको नागरिक हुन सक्षम तुल्याउनु हुन्छ। सबैभन्दा उत्तम कुरा, उहाँले हामीलाई घरमा नपुग्नुञ्जेल साथ दिने प्रतिज्ञा गर्नुभएको छ। येशू त्यहाँ पुग्ने बाटो हुनुहुन्छ। यो अनुग्रहको हिँडाइको आशा हो।

## बाटो, सत्य र जीवन म नै हुँ

जब येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ", उहाँले भित्तामा झुण्ड्याउने अमूर्त जीवन सिद्धान्तको बारेमा बताइरहनुभएको थिएन। बरू यो भयभीत र अनिश्चित चेलाहरूले उठाएका प्रश्नको उत्तर थियो। यो यूहन्नाको सुसमाचारको एउटा खण्डबाट आएको हो जसलाई बाइबलविदहरूले "अन्तिम प्रवचन" (यूहन्ना १४-१७) को रूपमा उल्लेख गरेका छन्। यूहन्नाका यी चार अध्यायहरूले,

---

*रिचर्ड जोन न्युहाउसले टेलोसलाई "अन्तिम अन्त जसले प्रश्नमा रहेको कुरालाई अर्थ दिन्छ" भनेर परिभाषित गर्दछ।

*न्यूहाउस, डेथ ओन अ फ्राइडे आफ्टरनुन: मिडिटेसनस ओन द लास्ट वर्ड्स अफ जिजस फ्रम द क्रस (न्यू योर्क: बेसीक बुक्स, २०००), १२७।

*जेम्स के.ए. स्मीथ, यू आर वट यू लभ: द स्पिरिच्युल पावर अफ ह्याबिट (ग्रान्ड र्‍यापिडस: ब्राजोस प्रेस, २०१६),६६। जोन बनयानको द पिलग्रीम्स प्रोग्रेस (१६७८) देश वा राज्यहरू परिवर्तन गर्नका लागि लिने यात्राको यही आवधारणाको काल्पनिक प्रारम्भिक संस्करण थियो।

*स्मीथ, यु आर वाट यु लभ, ६६।

नयाँ नियमका अन्य तीन सुसमाचारका पुस्तकहरूमध्ये कुनै पुस्तकले भन्दा बढी, येशूले क्रूसमा उहाँको दु:ख र मृत्यु हुनुभन्दा केही घण्टाअघि आफ्ना चेलाहरूलाई दिने शिक्षाको बारेमा के सोच्दै हुनुहुन्थ्यो भन्ने कुराको भित्रीय दृष्टि हामीलाई दिन्छ।

याद गर्नुहोस्, चेलाहरूले साह्रै नराम्रो खबर सुनेका थिए। उनीहरू कसैको घरको कोठामा बसेका छन्। उनीहरू एक-अर्कासित साघुरिएर बसेका छन्। येशूले उहाँका बाह्रै चेलाको खुट्टा धुनुहुन्छ, जसले सबैलाई असजिलो बनाएको थियो। त्यसपछि उहाँले तिनीहरूलाई भन्न थाल्नुभयो कि अब चाढै तिमीहरूमध्ये एक जनाले मलाई धोका दिनेछौ (१३:२१)। धेरै वर्षसम्म सँगै हिँडेपछि, येशूले तिनीहरूलाई भन्नुहुन्छ कि उहाँ जादैहुनुहुन्छ र उहाँसँग तिनीहरू जान सक्दैन थिए, यसले अझ वातावरण खराब बनाएको थियो (१३:३३)।

यो धेरै कष्टप्रद छ! येशूले आफूले भनेका कुराले तिनीहरूमाथि बोझ थपिएको महसुस गर्नसक्नुहुन्छ। उहाँले यसो भन्नु कुनै आश्चर्यको कुरा होइन, "तिमीहरूको हृदय व्याकुल नहोस्" (१४:१) "व्याकुल" भनेर अनुवाद गरिएको शब्द त्यही शब्द हो, जुन आँधी बेह्रीको बेला गालीलको समुद्रको पानीलाई बुझाउन प्रयोग गरिएको थियो। जब बतास चल्यो, छाल उठ्यो र मन्थन भयो। चेलाहरू पनि त्यस्तै महसुस गरिरहेका छन्। तिनीहरूको पेट गुडगुड गरिरहेको थियो। तिनीहरूको शिर घुमिरहेको थियो। तिनीहरूको भावनात्मकरूपमा निरास भएका थिए। येशूले तिनीहरूको पीडित हृदयलाई शान्त्वना दिने कोसिस गर्नुहुन्छ: "तिमीहरूका हृदय व्याकुल नहोस्। ...म तिमीहरूका निम्ति ठाउँ तयार पार्न गइरहेको छु।...म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ" (यूहन्ना १४:१-४)।

त्यसपछि थोमा बोल्छन्। इतिहासले तिनको नाउँ शंकालु थोमा राखिदिएको छ, तर म खुशी छु किनकि थोमासँग अरू सबैले जवाफ चाहेको प्रश्न सोध्ने साहस छ। उनी कक्षा कोठाको विद्यार्थीजस्तै छन्, जसले लेक्चरको बीचमा प्रोफेसरलाई रोकेर भन्छन्, 'माफ गर्नुहोस् मलाई। यो मूर्खतापूर्ण प्रश्न हुन सक्छ तर हामीलाई थाहा छैन कि तपाईं अहिले के कुरा गर्दै हुनुहुन्छ।" वास्तवमा, यो मूर्खतापूर्ण

*फ्रेडरिक डेल ब्रुनरले यूहन्ना १४-१६ लाई येशूको चेलापनको उपदेशको रूपमा बुझाउँछन्, अध्याय १७लाई समापन प्रार्थनाको रूपमा सेवा गर्दै र, "येशूको मिसनेरी चर्चको लागि संकुचित प्रणालीगत ईश्वरशास्त्र।" ब्रुनर, द गोस्पल अफ जोन: ए कमेन्टरी (ग्रान्ड र्‍यापिड्स: इर्डम्यान्स, २०१२), ७८

प्रश्न थिएन। कोठामा भएको ठूलो हात्तीलाई चिन्न र सबैको दिमागमा यो प्रश्न सोध्न थोमाको दिमागको उपस्थीति थियो भन्ने तथ्यलाई म कदर गर्नसक्छु: "हे प्रभु, तपाईं कहाँ जाँदै हुनुहुन्छ, हामी जान्दैनौं, तब हामीले बाटो कसरी चिन्ने?" (१४:५)।

जीवन यस्तै हो, होइन र? कहिलेकाहीँ हामी आफै कुन बाटो मोड्ने भनेर सोचिरहेका पाउँछौं। कहिलेकाहीँ, हामी सोच्छौं कि हामी कहाँ जाँदैछौं सो जान्दछौं- वा आशा गर्दछौं कि हामी कहाँ जाँदैछौं भनेर हामीलाई थाहा छ – तर हामीले हाम्रो बाटो पूर्णरूपमा हराएका छौं भनी स्वीकार गर्नुपर्छ। त्यहाँ यति धेरै चौबाटोहरू र मोडहरू, धेरै विकल्पहरू र डरलाग्दा अन्तहरू देखिन्छन्। जीवनको पहेलीमा हामी अरू कुनै पनि चीजभन्दा बढी के चाहन्छौं त्यो मानचित्र हो। तथापि, धेरै मानिसहरू, त्यो मानचित्र फेला नपार्दै, निर्णय गर्छन् कि कहीं पनि नबस्नुभन्दा कहीँ जानु उत्तम हुन्छ, त्यसैले उनीहरूले एउटा दिशा लिन्छन् र कम प्रतिरोध भएको देखिने मार्ग तिर बढ्छन्।

धन्न, येशूले थोमाको (हाम्रो पनि) प्रश्नको उत्तर दिनुभयो: "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन" (१४:६)। चाखलाग्दो कुरा त के छ भने येशूको दाबीको जोड स्पष्टरूपले "बाटो" भन्ने शब्दमा छ। तरिका क्रमिक रूपमा छ। यसको अर्थ सत्य र जीवन महत्त्वपूर्ण छैन भन्ने होइन।

यसको सोझो अर्थ के हो भने, सत्य र जीवनले येशू कसरी र किन बाटो हुनुहुन्छ भनेर सरल तरिकाले वर्णन गर्दछ।*

उहाँ बाटो हुनुहुन्छ किनभने उहाँ सत्य अर्थात परमेश्वरको प्रकाश हुनुहुन्छ। उहाँ नै बाटो हुनुहुन्छ किनभने हरेक व्यक्तिको लागि उपलब्ध परमेश्वरको जीवन उहाँमा र केवल उहाँमा मात्र बास गर्नुहुन्छ। उहाँ एकैसाथ परमेश्वरसँगको जीवनमा पुग्ने माध्यम र अवतार दुवै हुनुहुन्छ। यूहन्नाको सुसमाचारको मुख्य कुरा यो हो कि येशूमा देहधारी वचन र परमेश्वरको अद्वितीय पुत्रमा हामी परमेश्वरलाई हामी यस्तो तरिकाले देख्न र चिन्न सक्छौं जुन कहिल्यै सम्भव भएको थिएन। उहाँ परमेश्वरको आधिकारिक स्व-प्रकटीकरण हुनुहुन्छ। अर्को शब्दमा भन्ने हो भने, येशू एउटा बाटो जस्तो मात्र होइन तर बाटो नै हुनुहुन्छ- किनकि उहाँ अदृश्य परमेश्वरको असाधारण, देखिन सक्ने अभिव्यक्ति हुनुहुन्छ जसलाई हामी पिताको रूपमा चिन्दछौं, यूहन्ना १:१४,१८; ६:४६; ८:१९; १२:४५।

"मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन" (१४:६)। हामीमध्ये धेरै जना थोमाको यो प्रश्नसित सम्बन्धित् हुनसक्छौं, "तब हामीले बाटो कसरी चिन्ने?" (१४:५) किनभने हरेक व्यक्ति, चाहे आफ्नो कुरा व्यक्त गर्न सकोस् वा नसकोस्, उसले आत्मिक प्रश्नहरूको उत्तर खोजिरहेको हुन्छ। वर्तमान हाम्रो समाज धेरै वर्ष अघिका ती समयमा भन्दा आत्मिक रूपले खुल्ला छ। समस्या यो हो कि मानिसहरू आत्मिकताका विभिन्न बाटोहरूको लागि खुल्ला छैनन्।

आधुनिक पाश्चत्य विश्वदृष्टिकोण समावेशी उपभोक्ता मानसिकताबाट लिइएको छ। यो बहुलवादलाई अंगीकार गर्ने कुरा हालैको राजनैतिक चिन्तासँग जोडिएको छ। यसले गर्दा धेरै मानिसहरूले एउटा आत्मिक मार्गलाई अरू जस्तै सान्दर्भिक र वैध ठान्छन्, जबसम्म तिनीहरूको व्यक्तिगत आवश्यकताहरू पूरा भइरहेका हुन्छन्, र जबसम्म तिनीहरू आफ्नो लागि प्रमाणिक रूपले साँचो हुन्छन्। र यसैले यो मानिएको छ – कसैले पनि आफ्नो चाहनाअनुसार बौद्ध धर्म, हिन्दु धर्म, इस्लाम धर्म चुन्न सक्छन्।

वैज्ञानिक दृष्टिकोण, यहूदीमत, ईसाइत्व, र अन्य कुनै पनि धर्म- जबसम्म कोही इमान्दार छ र आफ्नो छनौटबाट सन्तुष्ट छ, तबसम्म त्यो विकल्प अरू जत्तिकै राम्रो छ किनकि सबै बाटोहरूले एउटै ईश्वरकहाँ डोर्‍याउँछ (विश्वदृष्टिले यसो भन्छ)।

यस्तो दृष्टिकोणको साथ धेरै समस्याहरूमध्ये एउटा यो हो कि विभिन्न विश्वासहरू अक्सर एक अर्काको विरोधाभास गर्छन् र पारस्परिक रूपमा विशेष दाबी गर्छन्। जब ईसाइत्वलाई अन्य विविध धार्मिक प्रणालीहरूको प्रकाशमा हेरिन्छ, यो एक मात्र विश्वास हो जसले येशू परमेश्वरकहाँ पुग्ने विशेष मार्ग हुनुहुन्छ भनेर पक्का दाबी गर्दछ। कसैले येशू ख्रीष्टको विशेष दाबीमा विश्वास गर्न सक्दैन, "मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन", र अझ पनि पिताकहाँ पुग्ने अन्य तरिकाहरू छन् भनेर कायम राख्दछ। वास्तवमा, यसो गर्नु भनेको ती शब्दहरू बोल्नुहुने ख्रीष्टलाई नै इन्कार गर्नु हो। येशूले यसो भन्नुभएन, "म पिताको धेरै तरिकाहरूमध्ये एउटा तरिका हुँ।" उहाँले यसो पनि भन्नुभएन, "तिमी चाहन्छौ भने मलाई पछ्याउन सक्छौ, तर अरू विकल्पहरू पनि त्यति कै व्यवहारिक छन्।" येशूले यसो पनि भन्नुभएको थिएन, "तिमीहरू जुनसुकै आत्मिक बाटोमा हिँड्छौ, त्यो मेरो निम्ति असल हुनेछ, जबसम्म तिमीहरू निष्कपट छौ।" येशूले कहिल्यै पनि यसको सङ्केत गर्नुभएन। उहाँले स्पष्टसँग भन्नुभयो कि उहाँ नै पितासम्म पुग्ने एकमात्र बाटो हुनुहुन्छ।

हाम्रो परिवार नयाँ सहरमा बसाइँ सरेको केही समय नबित्दै मैले र मेरी पत्नीले सहरमा भएका सबैसित भेटघाट गऱ्यौं। हामी छुट्टाछुट्टै गाडीमा चढ्यौं। किनभने उनको दिशा निर्देशनको ज्ञान सधैँ मेरोभन्दा राम्रो छ, यसैले उनले बाटोको नेतृत्व गरिन्। अचानक हामी घना ट्राफिकमा फस्यौं, र मैले उसलाई गुमाएँ। तर मैले उसको गाडी देखें र त्यसलाई पछ्याएँ। म गलत गाडीलाई पछ्याइरहेको छु र अहिले बिल्कुलै फरक बाटोमा छु भनेर थाहा पाउँदासम्म जहाँ पुग्ने समय तय भएको थियो त्यहाँ पुग्न विलम्ब भइसकेको थियो। म यताउता फर्केर घर गएँ। कथाको नैतिक सरल छ: तपाईं आफूले रोजेको मार्गमा इमानदार हुनसक्नुहुन्छ र साथसाथै इमान्दारीपूर्वक गलत हुन सक्नुहुन्छ। तथ्य के हो भने, सही बाटो पत्ता लगाउन इमान्दारीताभन्दा बढी चाहिन्छ।* यसले सत्यताको माग गर्छ! एक व्यक्ति आफूले जाँदै गरेको दिशामा राम्रो समय बिताइरहेको हुनसक्छ, तर यदि यो गलत बाटो हो भने, यसले कुनै फरक पार्दैन कि तिनीहरू कति छिटो आइपुग्छन्।

यसले परमेश्वरको सार्वभौमिकतालाई येशूको नाउँ थाहा नपाई वा नसुनेर मर्न सक्ने अन्य धर्म र विश्वास र येशूको दाबी मौलिक रूपमा समावेशी छ किनभने सबैलाई बाटो पछ्याउन आमन्त्रित गरिएको छ, तर यो मौलिकरूपमा विशिष्ट छ कि एक व्यक्तिको सत्य बाटोको खोजाइको अन्त्य त्यतिबेला हुन्छ, जब उसले त्यो बाटो भेट्टाउँछ जुन बाटोले साँचो परमेश्वरतर्फ डोऱ्याएको हुन्छ।

आत्मिकरूपमा भन्ने हो भने, गलत मोड लिएकोमा हामी हरेक व्यक्ति दोषी छौं। परिणामस्वरूप, हामी आफूलाई परमेश्वरबाट टाडा पाउँछौं। अगमवक्ता यशैया यसो भन्छन्: "हामी सबै भेडाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं" (यशैया ५३:६)। प्रेरित पावलले रोमीहरूलाई लेखेका पत्रमा यो कुरा दोहोऱ्याए, "किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्" (रोमी ३:२३)। किन? किनकि हामी सबैले आफ्नो जीवनमा गलत बाटो अप्नाएका छौं। हामी सबैले परमेश्वरको इच्छा र आफ्नो जीवनको बाटो पछ्याउनुको साटो आफ्नै बाटो रोजेका छौं।

सुसमाचार (सुखबर) यो हो कि येशू हामीजस्ता मानिसहरूको निम्ति आउनुभयो। अर्का सुसमाचारका लेखक लूकाले हामीलाई येशूको मुख्य उद्देश्य "हराएकाहरूलाई खोजी गर्नु र बचाउनु" हो भनी बताउँछन् (१९:१०)। हामीलाई बाटोको काँडामा अनिश्चियका साथ उभिएर वा त्योभन्दा पनि खराब, उद्देश्यहीन भई पूर्णतया गलत बाटो पछ्याउनुको साटो येशूले हामीलाई परमेश्वर, राज्यको नयाँ देश र अनन्त जीवनको लागि एक मात्र बाटो स्पष्टसित देखाउनलाई आउनुभयो।

एकजना टिप्पणीकारले येशूका यी शब्दहरूलाई यसरी व्याख्या गर्छन्: "म, म त्यहाँ जाने बाटो हुँ, र म, म सत्य हुँ जसले तिमीहरूलाई त्यहाँ जाने बाटोमा डोर्‍याउनेछ, र म, म नै त्यो जीवन हुँ जसले तिमीहरूलाई त्यहाँको बाटोमा सत्यको अनुसरण गर्ने शक्ति दिनेछ।"११ म नै बाटो हुँ"१२ भनेको निर्देशन दिनु, बाटो देखाउनु, सङ्केत दिनु होइन तर वास्तवमा- म नै बाटो हुँ। "म सत्य हुँ" भनेको जीवन संगठित सिद्धान्तहरू वा दार्शनिक पूर्वधारणाहरूको समूह होइन – म नै सत्य हुँ। "म नै जीवन हुँ" भनेको अझ आशावादी दृष्टिकोणका साथ बाँच्ने वैकल्पिक जीवन हुँ, साँचो मानव बन्ने एकमात्र माध्यम हो।

येशू ख्रीष्टको दाबी एउटा बाटो, सत्य र जीवन मात्र होइन, तर परमेश्वरको साँचो र अद्वितीय पुत्र भएको दाबि गर्नु इसाईत्वको आधार हो। त्यो अन्य विश्वास प्रणालीहरूलाई बदनाम गर्नलाई होइन; यो केवल पिताकहाँ पुग्ने एक मात्र बाटो छ भन्ने हो, र यो येशू ख्रीष्टमार्फत छ।

ख्रीष्ट, उहाँ नै एक मात्र माध्यम हुनुहुन्छ जसद्वारा हामी उद्धार पाउन सक्छौं। फ्रेडरिक ब्रुनरले भनेझैं "पूर्वले सदासर्वदा "बाटो" (तावो)को लागि पश्चिमले सत्य (भेरितास) को लागि, र सारा संसारले (साँचो) जीवनको लागि प्रतिक्षा गरिरहेका छन्। व्यक्तिगतरूपमा येशू यी तीनै कुरा हुनुहुन्छ।" १३

कल्पना गर्नुहोस् कि तपाईं एक अपरिचित शहरमा हुनुहुन्छ र तपाईं कसैलाई फेला पार्न गाह्रो भएको ठाउँको लागि निर्देशनको लागि सोध्नुहुन्छ। तपाईंले मद्दत मागेको व्यक्तिले यसो भन्न सक्छ, "तपाईंले अर्को ठूलो चौराहामा दायाँतिर फर्कनु पर्छ। त्यसपछि वर्ग पार गर्नुहोस्, चर्चको पछाडि जानुहोस्, बीचको लेनमा रहनुहोस्, जसले तपाईंलाई सीधै दाहिनेतिरको तेस्रो सडकमा लैजानेछ, जबसम्म तपाईं चार लेन भएको ठाउँमा आउनुहुन्न। स्पष्ट निर्देशन दिइएको भए तापनि बाटो जटिल हुँदा गलत मोड लिने वा हराउने सम्भावना धेरै हुन्छ।

---

ब्रूनर, द गोस्पल अफ जोन, ८१२,

लेसली निउबिगीन, द लाइट ह्वास कम: एन एक्सपोजिसन अफ द फोर्थ गोस्पल (ग्रान्ड र्‍यापिड्स: एर्डमन्स, १९८७), १८१

मानौ कि बरु, तपाईंले सोध्नुभएको व्यक्तिले यसो भन्छ, “तपाईंलाई थाहा छ, त्यहाँ पुग्ने कुनै सजिलो तरिका छैन। यो एकदमै जटिल बाटो छ यदि तपाईं पहिले कहिल्यै त्यहाँ जानुभएको छैन भने बस् मलाई पछ्याउनुहोस्। अझ राम्रो, मसँग आऊ, र म तिमीलाई त्यहाँ लिएर जानेछु।” उक्त व्यक्ति न केवल तपाईंको मार्गदर्शक बन्छ, तर तिनीहरू पनि अनिवार्य रूपमा बाटो बन्छन्, र तपाईं कहाँ जान आवश्यक छ त्यहाँ पुग्ने छोड्न सक्नुहुन्न। येशूले हाम्रो लागि त्यसै गर्नुहुन्छ। उहाँ सल्लाह र निर्देशन मात्र दिनुहुन्न। उहाँ अनुग्रहको यात्रामा हामीसँगै हिँड्नुहुन्छ। निस्संदेह, उहाँले तपाईंलाई बाटोको बारेमा बताउनुहुन्न – उहाँ बाटो हुनुहुन्छ!

मानौ कि बरु, तपाईंले सोध्नुभएको व्यक्तिले यसो भन्छ, “तपाईंलाई थाहा छ, त्यहाँ पुग्ने कुनै सजिलो तरिका छैन। यो एकदमै जटिल बाटो छ यदि तपाईं पहिले कहिल्यै त्यहाँ जानुभएको छैन भने। बस् मलाई पछ्याउनुहोस्। अझ राम्रो, मसँग आऊ, र म तिमीलाई त्यहाँ लिएर जानेछु।” उक्त व्यक्ति न केवल तपाईंको मार्गदर्शक बन्छ, तर तिनीहरू पनि अनिवार्य रूपमा बाटो बन्छन्, र तपाईं कहाँ जान आवश्यक छ त्यहाँ पुग्ने छोड्न सक्नुहुन्न। येशूले हाम्रो लागि त्यसै गर्नुहुन्छ। उहाँ सल्लाह र निर्देशन मात्र दिनुहुन्न। उहाँ अनुग्रहको यात्रामा हामीसँगै हिँड्नुहुन्छ। निस्संदेह, उहाँले तपाईंलाई बाटोको बारेमा बताउनुहुन्न – उहाँ बाटो हुनुहुन्छ!

ब्रिटिस धर्मशास्त्री तथा प्रख्यात मिसियोलोजिस्ट लेस्ली न्युबिगिनले यस दृष्टिकोणलाई जोडदार ढंगमा यसरी व्यक्त गरे: “उहाँले (येशूले) बाटो सिकाउनुहुन्छ वा हामीलाई मार्गमा डोर्‍याउनुहुन्छ भन्ने होइन: यदि त्यसो हो भने, हामी उहाँको शिक्षाको लागि उहाँलाई धन्यवाद दिन सक्छौं कि त्यसपछि हामी आफैले यसलाई पछ्याउन सक्छौं। उहाँ आफै बाटो हुनुहुन्छ। ...वास्तवमा यस मार्गको अनुसरण गर्नु नै पिताकहाँ पुग्ने एक मात्र बाटो हो।” १४

लुईस क्यारोलको *एलिस एडभेन्चर्स इन वन्डरल्याण्डमा*, एलिस एक चौराहामा आउँछिन् र केशायर क्याटलाई एक प्रश्न सोध्छिन्: “के तपाईं मलाई बताउन सक्नुहुन्छ, यहाँबाट म कुन बाटो जानुपर्छ?”

क्याटले यस्तो उत्तर दिन्छिन्, “तपाईं कहाँ जान चाहनुहुन्छ भन्ने कुरामा यो कुरा धेरै हदसम्म निर्भर गर्दछ।”

"म कहाँ जान्छु मलाई खासै वास्ता छैन," एलिसले उत्तर दिन्छे।

"क्याटले भनिन्, "त्यसो भए तपाईं कुन बाटो जानुहुन्छ भन्ने कुराले केही फरक पार्दैन।"

सम्भवत: येशूको अद्वितीय दाबीलाई थोमस ए केम्पिसले आफ्नो उपासना क्लासिक, *अफ द इमिटेसन अफ क्राइस्ट* मा भन्दा बढी वाकपटुतापुर्वक कसैले पनि सारंश प्रस्तुत गरेका छैनन्।

मलाई पछ्याओ। बाटो, सत्य र जीवन म नै हुँ। बाटोबिना, जाने ठाउँ कहि छैन। सत्य बिना, त्यहाँ कुनै ज्ञान छैन। जीवन बिना, त्यहाँ कुनै जीवित छैन। तिमीहरूले अनुसरण गर्नुपर्ने बाटो म नै हुँ, तिमीहरूले विश्वास गर्नुपर्ने सत्य म नै हुँ, तिमीहरूले आशा गर्नेपर्ने जीवन म नै हुँ। म नटुट्ने बाटो, अपरिहार्य सत्य, समाप्त नहुने जीवन हुँ। म नै सोझो बाटो, सर्वोच्च सत्य, साँचो जीवन, आशिषित र सृष्टि नगरिएको जीवन हुँ। यदि तिमीहरू मेरो बाटोमा रह्यौं भने तिमीहरूले सत्यलाई चिन्नेछौ र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ र तिमीहरूले अनन्त जीवन पाउनेछौ। १५

येशूमा, हामी पिताकहाँ पुग्ने बाटो भेट्टाउनेछौं। उहाँ नै घर जाने बाटो हुनुहुन्छ।

येशूमा हामी सत्य भेट्टाउनेछौं। उहाँले पिताको चरित्र र स्वभावको अपरिवर्तनीय, वास्तविक, र निश्चित सत्यतालाई मूर्तरूप दिनुहुन्छ।

येशूमा हामी जीवन पाउँछौं- प्रशस्तताको जीवन, अहिले अनि परमेश्वर आउनुहुँदा प्रतिज्ञा गरिएको नयाँ सृष्टि, दुवैमा हामी पाउनेछौं।

यो अनुग्रहको हिडाइँ हो।

---

११ ब्रूनर, द गोस्पल अफ जोन, ८२३।

१२ सर्वनाम(अहंम "म") जोडदार छ, जसले एउटा विधिबाट व्यक्तिमा जोड दिन्छ। यो पनि उल्लेखनीय छ, र धेरै पटक हाइलाइट गरिएको छ, यूहन्नामा येशूको "म हुँ" भन्ने भनाइहरू मोशालाई "म जो हुँ" (प्रस्थान ३:१४) लाई परमेश्वरको जलिरहेको पोथ्राबाट आएको आवाजलाई दर्शाउँदछ। "म हुँ" हिब्रू धर्मशास्त्रहरूमा यहोवाको रुपम चिनिन थाल्नुभयो।

१५ थोमस ए केम्पिस, *अफ द इमिटेसन अफ क्राइस्ट*, बुक ३, अध्याय ५६ (सी. १४१८-१४२७)

# १

# चकित पार्ने अनुग्रह

## अनुग्रह जताततै छ।

### -जर्ज बेरनानोस, द डायरी अफ अ कन्ट्री प्रिस्ट

"अमेजिङ ग्रेस" आज संसारको सबैभन्दा प्रसिद्ध र प्रिय भजनहरूमध्ये एक हो। यद्यपि, यो दुई शताब्दीभन्दा पुरानो गीत हो, यो सयौं भाषाहरू र भाकाहरूमा गाइने गरिन्छ।१६ यसले जाति र सम्प्रदाय, भौगोलिक र पुस्तागत सीमाहरू पार गर्दछ। यी शब्दहरू जान्न र यसको अर्थबाट प्रभावित हुन तपाईं इसाई हुनु पनि पर्दैन।

जोन न्युटन नाम गरेका एक अंग्रेजी पास्टरले यो गीत लेखेका थिए। आफ्नो वयस्क जीवनको प्रारम्भिक भागको समय, तिनी दास बोक्ने जहाजको कप्तान थिए र पश्चिम अफ्रिकाबाट सयौं दासहरूलाई ग्रेट ब्रिटेनमा ल्याउन व्यक्तिगत रूपमा जिम्मेवार थिए। तथापि, समुद्रमा आएको डरलाग्दो आँधीबेह्रीको समयकाल मृत्युको मुखमा पुगेपछि तिनले धर्म परिवर्तनको अनुभव गरे जसले तिनलाई आमूल परिवर्तन गर्‍यो। त्यसपछि उनी कहिल्यै पहिलाजस्तो रहेनन्।

१६ दक्षिण अफ्रिकाको जोहोनर्सबर्ग एयरपोर्टको लाउन्चमा बसेर मैले यो लेख्दै गर्दा, अफ्रिकी भाषामा कुनै एक काम गर्नेहरू व्यक्तिले यसलाई हल्का रूपमा गुनगुनाइरहेको सुन्न सक्छु। अमेरिका पत्रकार बिल मोयर्सले लिंकन सेन्टरमा एक प्रदर्शनमा भाग लिइरहेका थिए जहाँ दर्शकहरूले "अमेजिङ्ग ग्रेस" गाए। इसाई र गैर-ईसाईहरू बीचका गीतको एकताबद्ध शक्तिबाट उनी यति प्रभावित भए कि उनले यही नाउँमा एउटा वृत्तचित्र निर्माण गर्न उत्साहित भए।

तिनले परमेश्वरसित अनुग्रहको यात्रा सुरु मात्र गरेनन्, तर दास व्यापारमा आफ्नो व्यक्तिगत संलग्नताको लागि गहिरो पछुतो र पश्चत्ताप पनि गर्न थाले। तिनले आफ्नो कप्तानीबाट राजीनामा दिए, त्यसपछि तिनी एक एंग्लिकन चर्चका पास्टर बने, र पछिबाट तिनी विलियम विल्बरफोर्सको संरक्षक बने,जसले ब्रिटिस साम्राज्यमा दासत्व उन्मुलन गर्ने अभियानको नेतृत्व गरे। ८२ वर्षको उमेरमा, अन्तिम स्वास फेर्दै गर्दा न्युटनले घोषणा गरे, "मेरो स्मृति लगभग हराइसकेको छ। तर म दुइटा कुरा याद गर्छु: म एक महान पापी हुँ र ख्रीष्ट महान मुक्तिदाता हुनुहुन्छ।" तिनले यति कवितात्मकढंगमा लेख्नसक्नु कुनै आश्चर्यको कुरा होइन – तिनले अचम्मको अनुग्रहद्वारा सबै कुरा प्राप्त गरेका थिए, अनुभव गरेका थिए र तिनी परिवर्तन भएका थिए।

यो अनुग्रहको बारेमा लेखिएको पुस्तक हो। यो अनुग्रहको यात्राको बारेमा हो जसद्वारा हामी "बाटो, सत्य र जीवन" हुनुहुने येशू ख्रीष्टको स्वरूपमा ज्यादा भन्दा ज्यादा बनाइएका छौं। अनुग्रह धर्मशास्त्र र हाम्रो जीवनमा धेरै रूपहरूमा आउँदछ तर अनुग्रहको प्रकृति एउटै रहन्छ। हामी यसलाई व्यक्तिगत रूपमा परमेश्वरबाट वरदानको रूपमा ग्रहण गर्दछौं र पारस्परिक र रुपान्तरणकारी सम्बन्धमा परमेश्वरसँग सहयोग गर्दछौं।

## अनुग्रह भनेको के हो?

परमेश्वरको अनुग्रह भनेको के हो? यो कसरी हाम्रो जीवनमा आउँछ, हामीलाई कसरी प्रभाव पार्दछ, हामीलाई कसरी परिवर्तन गर्दछ र ख्रीष्टजस्तो जीवन जिउन हामीलाई कसरी सक्षम तुल्याउँछ? अनुग्रहका धेरै परिभाषाहरू छन्:

- परमेश्वरको कृपा, जसलाई हामीले कमाएको होइन।
- परमेश्वरको असिमित प्रेम जसको योग्य हामी छैनौं
- अयोग्य व्यक्तिलाई दिइएको कृपा वा अनुग्रह
- परमेश्वरको प्रेमको पूर्णतया स्वतन्त्र अभिव्यक्तिले दाताको अनुग्रह र परोपकारमा यसको एकमात्र उद्देश्य भेट्टाउँदछ।१७
- परमेश्वरको विनासर्तको भलाइ।

---

यो नयाँ करारका विद्वान, भाषाविद् र मिसनहरूका अगुवा स्वर्गीय स्पिरोस जोडिएड्सलाई श्रेय दिइएको अनुग्रहको परिभाषको एउटा खकुलो वाक्यांश हो।

अनुग्रहका यी सबै परिभाषाहरूले अयोग्य मानवजातिप्रति परमेश्वरको प्रेमिलो प्रतिक्रियाका ती अवर्णनीय र आश्चर्यजनक पक्षहरूको वर्णन गर्ने प्रयास गर्दछ। त्यसैकारण हामी "अचम्म"को शब्द प्रयोग गर्छौं। यसले हाम्रो सम्बन्ध र लेनदेनको मानवीय श्रेणीहरूलाई अस्वीकार गर्दछ।

वित्तिय व्यवस्थापनमा काम गर्नेहरूले "अनुग्रह अवधि" भनेको के हो सो जान्दछ। अनुग्रह अवधि समयको सानो सञ्झ्यालहरू हुन् जब भुक्तानी जरिवानाबिना स्थगित गरिन्छ। तथापि, "अनुग्रह अवधि" मा सर्तहरू राखिएका हुन्छन्। यो केवल छोटो समयको लागि मात्र रहन्छ। अन्तमा, यो समाप्त हुनेछ, र यदि कसैले अझै पनि तिनीहरूले तिर्नुपर्ने रकम भुक्तान गरेको छैन भने, तिनीहरूलाई थप दण्ड लगाइनेछ। यो निशुल्क छ तर यो बिना शर्त छैन।

परमेश्वरको अनुग्रह फरक छ। परमेश्वरको अनुग्रह नि:शुल्क आउँछ (अध्यायको अन्तमा यस विचारमा कुनै "बिनामुल्य" बारे अलमल्ल नपर्नुहोस्) र यो एउटा राम्रो कुरो हो किनभने हामी यसलाई कुनै पनि हालतमा आफ्नो क्षमतामा प्राप्त गर्नसक्दैनौं। हामीले परमेश्वरलाई तिर्नुपर्ने ऋण कहिल्यै तिर्न सक्दैनौं। जुन कुरा हामी आफ्नो निम्ति गर्न गर्न सक्दैनौं त्यो उहाँले आफ्नो अनुग्रहद्वारा नै हाम्रो लागि गर्नुहुन्छ। त्यसैले हामी भन्छौं, अनुग्रह हाम्रो योग्यता र लायकले प्राप्त गरेका होइनौं तर परमेश्वरले

हामीलाई हाम्रो योग्यताभन्दा उत्तम व्यवहार गर्नुहुन्छ। यो हामीलाई हाम्रो योग्यता प्रतिकुल दिइएको कृपा हो, र यसले हामीलाई पूर्णरूपमा समर्पित चेलापनमा येशूलाई पछ्याउन बाध्य गराउँछ।

अनुग्रहको सबैभन्दा सरल परिभाषा "वरदान" हो। प्रेरित पावलले "वरदान" वा "अनुग्रह" ग्रीक सामान्य शब्द *क्यारिस* बाट लिए र येशू ख्रीष्टमा परमेश्वरको लागि गर्नुभएका सबै कुराहरूको विशाल अर्थ वर्णन गर्ने तरिकाको रूपमा यसलाई पुन: कल्पना गर्न मद्दत गरे (२ को. ८:९; ९:१५; गलाती २:२१; एफिसी २:४-१०)।१८ यो पनि याद राख्नु महत्त्वपूर्ण छ कि क्यारिस मूल शब्द *क्यार* बाट लिइएको हो जसको अर्थ – "जसले आनन्द ल्याउँछ" हुन्छ।१९ यसर्थ, दिइएका र पाएको यदि मैले मेरो मित्रकाई उपहार दिएँ भने, म पक्कै भन्नेछु, "यो उपहार म तपाईंलाई मेरो प्रेमको चिन्हको रूपमा दिन चाहन्छु।"

---

१८ "grace." ग्रीक शब्द "चेरिस" लाई ल्याटिनमा ग्रेसिया को रूपमा अनुवाद गरिएको छ, जसबाट धेरै भाषाहरूले "ग्रेस" शब्द प्राप्त गर्दछ।

थोमस ए. लेङ्गफोर्ड, रिफ्लेक्सन अन ग्रेस (यूजीन, वा क्योस्केड बुक्स, २००७)।

अनुग्रहको कार्यले आनन्द र कृतज्ञता दुवै जगाउँछ। यस अर्थमा, अनुग्रह प्राप्त गर्नेहरूले बदलामा केही दिनु उचित हुन्छ: धन्यवाद र पवित्र जीवन। यसको अर्थ यो होइन कि ईश्वरीय अनुग्रह एक सम्बन्धात्मक लेनदेन हो। अनुग्रह तिर्ने इच्छा (वा अपेक्षा) ले उपहारको शक्तिलाई नकार्छ।२० लेनदेनको सोचाइले सधैँ उपहारको मनसायलाई सधैँ कमजोर र अवमूल्यन गर्छ।

यो उपहार पाएपछि मेरो मित्रको सामान्य प्रतिक्रिया पक्कै यही हुनेछ, "तपाईंलाई धन्यवाद।"

यदि मेरो मित्रले यसो भन्नुको सट्टा यसो भन्यो भने, "तपाईं अति राम्रो हुनुहुन्छ। म तपाईंप्रति कति आभारी छु? तिनीहरूले भाषालाई लेनदेनको भाषामा जाँचेका छन्: तपाईं मेरो लागि केही राम्रो गर्दै हुनुहुन्छ। म तपाईंप्रति आभारी छु।

अनुग्रहको वरदानलाई भुक्तान गर्न सकिने लेनदेनसँग जोड्दा अर्को समस्या खडा हुन्छ। अनुग्रहको अन्तर्निहित अर्थ यो हो कि परमेश्वरले हामीलाई अझ बढी प्रेम गर्न लगाउन हामी केही गर्नसक्दैनौं, र परमेश्वरके हामीलाई पहिले नै गर्नुभएको प्रेमलाई कम गराउन हामी केही पनि गर्न सक्दैनौं।२१ हाम्रो बारेमा यस्तो राम्रो केही पनि छैन जसले हामीलाई परमेश्वरको प्रेम कमाउन योग्य वा सक्षम बनाउँदछ, र हाम्रो बारेमा त्यस्तो केही पनि छैन जसले हामीलाई परमेश्वरको प्रेमबाट अलग गर्नसक्छ, जो हाम्रा प्रभु ख्रीष्ट येशूमा हुनुहुन्छ (रोमी ८:३५-३९)। हामी असल भएको कारण परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्न, र हामी खराब भएको कारण उहाँले हामीलाई घृणा गर्नुहुन्न। परमेश्वरको महत्वपूर्ण स्वभाव नै पवित्र प्रेम हो, जसको अर्थ त्यो कार्य हो जसले परमेश्वरको पूर्ण चित्रण ईश्वरीय रूपमा आफैलाई दिनुहुने, खन्याइएको अनुग्रह हो।२२ ईश्वरको आवश्यक प्रकृति पवित्र प्रेम हो, जसको अर्थ ईश्वरीय रूपमा आत्म-दिने, खन्याइएको अनुग्रह हो।

---

२० पावल एन्ड द गिफ्ट मा (ग्रान्ड रेपिड्स: एर्डमन्स, २०१५), जोन एम.जी. बार्कले "गिफ्ट"को रूपमा "नि:स्वार्थ रूपमा, कुनै पनि कुराको लागि" हस्तान्तरण गर्ने विचार एक आधुनिक पश्चिमी अवधारणा हो भन्ने बलियो ममला बनाउँछ। पुरातन कालमा, र आज पनि संसारका धेरै भागहरूमा, उपहारहरू फिर्ताको बलियो आशाका साथ दिइन्छ – सामाजिक एकतालाई बलियो बनाउने केही प्राप्त गर्नको लागि। मुक्तिको "उपहार" को नयाँ करारको सुसमाचारको बुझाइ यो हो कि, यो योग्य छैन र यसलाई कमाउन सकिँदैन, अनुग्रहले धार्मिकता जन्माउँछ, र धार्मिकताले आज्ञाकारिता जन्माउँछ।

२१ फिलिप यान्सी, ग्रेसको बारेमा के अचम्मको छ? (ग्रान्ड र्‍यापिड्स: जोन्डरवान, 1997), 70।

२२ "परमेश्वरको सबैभन्दा महत्त्वपूर्ण विशेषता प्रेम हो। 'परमेश्वर प्रेम हुनुहुन्छ,' यूहन्नाले सरल तर धेरै गहिरो रूपमा भने। हामीले 'पवित्र' शब्दले परमेश्वरको प्रेमलाई परिमार्जन गर्न सक्छौं। यद्यपि, यसले परमेश्वरको बुझाइमा थोरै थप्छ किनभने, प्रकृतिद्वारा, परमेश्वरको प्रेम पवित्र छ। परिमार्जक 'पवित्र' ले हामीलाई सम्झाउँछ, तथापि, परमेश्वर हामी भन्दा बाहिर हुनुहुन्छ। परमेश्वर सधैं प्रकृतिमा हामीभन्दा भिन्न हुनुहुन्छ।" डियान लेक्लेर्क, डिस्कवरिङ क्रिस्चियन होलिनेस: द हार्ट अफ वेस्लेयन-होलीनेस थिओलोजी (कन्सास सिटी, एमओ: बीकन हिल प्रेस अफ कन्सास सिटी, २०१०), २७४।

फिलिप यान्सीले यो थाहा पाउँछन् जब उनी लेख्छन्: "अनुग्रह भनेको यो हो कि परमेश्वरले हामीलाई त्यति प्रेम गर्नुहुन्छ जति अनन्त परमेश्वरले प्रेम गर्नसक्नुहुन्छ।२३ सुरुमा परमेश्वरले हामीलाई हाम्रो राम्रो व्यवहारको आधारमा प्रेम गर्नुभएन, त्यसैले असल व्यवहारले परमेश्वरलाई हामी अझ कसरी हामीलाई प्रेम गर्न लगाउनसक्छौं? यसैगरि, खराब व्यवहारले हामी कसरी परमेश्वरलाई कम प्रेम गर्न लगाउनसक्छौं? तपाईं धेरै प्रार्थना गर्नसक्नुहुन्न, धेरै दिन सक्नुहुन्न, सेवा गर्नसक्नुहुन्न, अथवा धेरै बलिदान गर्नसक्नुहुन्न अनि परमेश्वरलाई यसो भन्न लाउन सक्नुहुन्न कि, "उसले धेरै राम्रो गरिरहेको छ। उनी अन्तमा आफैलाई सम्हाल्दैछिन्। म अहिले उसलाई पहिलेभन्दा धेर माया गरिरहेको छि।" अहँ। तपाईं जस्तो हुनुहुन्थ्यो त्यस्तै तपाईंलाई प्रेम गरिएको छ। जब परमेश्वरको प्रेमको कुरा आउँछ, त्यो तपाईंको काम र व्यवहारमा भर पर्दैन – यो तपाईंको योग्यताको कारणले होइन तर परमेश्वरको हृदयको पहिलो र अन्तिम प्रेमको कारणले हो।

न्याय, दया र अनुग्रहबीचको सामान्य तुलनाले यो कुरा राम्ररी बताउँछ कि न्यायले तपाईंको योग्यताको कारणले पाउनुहुन्छ। कृपा तपाईंले आफ्नो योग्यताअनुसार पाउनुहुन्न। अनुग्रह त्यो हो जुन कुरा पाउने योग्यको तपाईं हुनुहुन्न त्यो पाइरहनुभएको छ।

येशूले राज्यको दृष्टिकोणबाट जीवनको पुनर्कल्पना गर्न मद्दत गर्ने थुप्रै दृष्टान्तहरू बताउनुभयो। ती दृष्टान्तहरू हामीलाई बाँच्ने अझ राम्रो तरिका देखाउन बताइएका नैतिक कथाहरू मात्र थिएनन्। तिनीहरूले परमेश्वरको स्वभाव र हृदयबारे हाम्रो धारणालाई अझ राम्ररी बुझ्न र सच्याउन मद्दत गर्न सक्छन्। हराएको भेडा, हराएको सिक्का र हराएको छोराको दृष्टान्तहरूको बारे विचार गर्नुहोस् (लूका १५)।२४ येशूले परमेश्वरलाई एक गोठालोको रूपमा वर्णन गर्नुभयो जो उनान्सय भेडाहरूले नियमहरू पालन गरेको कारण होइन तर आफ्नैमध्ये  हराएको एकजना फेला परेकोले अति आनन्दित हुनुहुन्छ। उहाँले परमेश्वरलाई बहुमुल्य सिक्काको खोजीमा आफ्नो घर पल्टाउने स्त्रीको रूपमा वर्णन गर्नुभएको छ। जब उनले यो भेट्टाउँछिन्, उनी यति उत्साहित हुन्छिन् कि उनले आफ्ना मित्रहरूलाई बोलाएर उत्सवको आयोजना गर्छिन्। त्यसपछि उहाँले परमेश्वरलाई प्रेमिलो पिताको रूपमा वर्णन गर्नुहुन्छ जसले टाडामा आफ्ना हराएको छोरालाई देख्दा टाडैबाट उनले चिनेका छन् (लूका १५:२०)। तिनी करूणाले भरिन्छन् र आफ्नो छोरोलाई स्वागत गर्न दौडेर जान्छन्। यी

२३ यान्सी, अनुग्रहको बारेमा के अचम्मको छ?70।

सबै परमेश्वरको स्वभाव र हृदयको अन्तर्दृष्टि हुन्। "भेट्टाउनु"ले परमेश्वरको हृदयलाई आनन्दित तुल्याउँछ! अनुग्रहले भौंतारिने, हराउने र धोकामाथि विजय प्राप्त गर्छ।

येशूले दाखबारीमा काम गर्ने खेतालाहरूको बारेमा अर्को दृष्टान्त सुनाउनुभयो जसको मालिकले सबै खेतालाहरूलाई बराबर ज्याला दिन्छन् यद्यपि कसै-कसैले अरूहरूको तुलनामा धेरै कम समय काम गरेका थिए (मत्ती २०:१-१६)। यो कथाले कुनै आर्थिक अर्थ राख्दैन। यो एक मुर्ख व्यापार अभ्यासजस्तो देखिन्छ। व्यवसायका मलिकको यसप्रकारको लापरवाहीले सबैभन्दा मेहेनती कर्मचारीहरूलाई अलग पार्ने र कम काम गर्नेबाट आलस्यलाई प्रोत्साहित गर्ने जोखिम देखा पर्दछ। तथापि, यो उत्तम व्यापार अभ्यासको बारेमा दृष्टान्त होइन; यो परमेश्वरको असाधारण अनुग्रहको बारेमा एउटा दृष्टान्त हो। अनुग्रह एक गणितीय समीकरण होइन जसले कर्मचारीको घण्टाको संख्या राख्दछ, उचित लेखा सिद्धान्तहरू पछ्याउँदछ, वा सबैभन्दा मेहनती खेतालालाई पुरस्कृत गर्दछ। अनुग्रह भनेको कसलाई भुक्तानी गर्न योग्य छ भन्ने बारेमा होइन; यो अयोग्य व्यक्तिहरूको बारेमा हो जसलाई जसरी पनि उपहार दिइन्छ। यदि यो तपाईंले सुन्दा अपमानजनक र तपाईंको सामान्यरूपमा विचार गर्दा हास्यस्पद लाग्छ भने, तपाईले अनुग्रहको बारेमा बुझ्न थाल्नुभएको छ।

## अनुग्रह व्यक्तिगत हो

हामी अनुग्रहको अनुभवको बारेमा कुरा गर्न सक्छौं किनभने यो गहिरो व्यक्तिगत र सम्बन्धात्मक छ। अनुग्रह दुइवटा महत्त्वपूर्ण कारणहरूको लागि व्यक्तिगत छ। पहिलो, अनुग्रह कुनै चीच होइन, यो कुनै सामग्री पनि होइन् यो हाम्रो चेलापनको "इन्जिन" लाई अझ प्रभावकारी ढंगमा चलाउन मद्दत गर्न "ख्रीष्टियान मोटर तेल" जस्तै हामीमा खन्याइने पवित्र पदार्थ होइन। अनुग्रह व्यक्तिगत छ किनभने यो येशू ख्रीष्टको व्यक्तित्वमा हामीकहाँ आउँछ, जसले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ"।२५

---

२४ यहाँ बहुवचनमा "पुत्रहरू" को प्रयोग जानीजानी गरिएको छ। येशूको शिक्षाको दृष्टान्तमा स्पष्ट देखिन्छ कि दुवै छोराहरू विभिन्न कारणले हराए - तर एउटाले मात्र घर छोड्यो।

जब यूहन्नाका सुसमाचारले पवित्र आत्मालाई "अर्को" अधिवक्ताको रुपमा उल्लेख गर्छ, यसको मतलब यो हो कि सत्यको आत्माले सत्य येशूको सेवालाई जारी राख्नुहुनेछ (१४:६, १६-१७)।

वेस्लियन परम्पराका धर्मशास्त्री थोमस ल्याङफोर्डका अनुसार मण्डलीको इतिहासभरि अनुग्रहका दुई बुझाइहरूबीच संघर्ष भएको छ:

> एकातिर, अनुग्रहलाई कुनै चीजको रूपमा सोचिएको छ, केही चीज परमेश्वरसित छ र उहाँले दिनसक्नुहुन्छ, र सम्भवत: केही चीजहरू व्यक्तिहरूले स्वीकार गर्न र धारण गर्न सक्दछन्, वा ठूला शब्दहरूमा, केही वातावरण, ऊर्जा, वा शक्ति जसले परमेश्वरको कार्यको प्रतिनीधित्व गर्दछ र मानव जीवनको लागि वरपरको सन्दर्भ प्रदान गर्दछ। अर्कोतिर, अनुग्रहलाई केही "एक"सँग पहिचान गरिएको छ; अनुग्रह एक व्यक्ति हो, अनुग्रह परमेश्वर हुनुहुन्छ – परमेश्वर मानिसको लागि उपस्थित हुनुहुन्छ। अनुग्रहको कुरा गर्नु भनेको परमेश्वरको उपस्थिति र सृष्टिसितको हेरचाह गर्ने अन्तरक्रियाको कुरा गर्नु हो। यस बुझाइमा, अनुग्रहका विचारहरू येशूको जीवन, मृत्यु र पुनरुत्थानको प्रतिबिम्बमा आधारित छन्। येशू ख्रीष्ट अनुग्रह हुनुहुन्छ: अनुग्रह येशू ख्रीष्ट हुनुहुन्छ।२६

ईसाइ धर्मको इतिहासमा डायरमेड म्याककुलोचले- को महत्त्वपूर्ण भनाइको शक्ति देखेर म छक्क परें; "दमस्कसको बाटोमा घटेको रहस्यमय घटनामा एउटा प्रणाली होइन तर एउटा व्यक्ति (पावल) पक्रा परेको थियो।२७ धेरै तरिकामा टार्ससका शाऊल, पछिबाट उनको नाउँ प्रेरित पावल भयो, र यो आश्चर्यजनक प्रकाशको लागि तयार थिएनन्। धर्मप्रति, परिभाषित प्रणालीप्रति, परम्परा, र व्यवस्थाप्रति तिनको प्रतिबद्धता थियो। उनी यसको निम्ति तालिमप्राप्त र तीक्ष्ण समर्थक थिए – तर यो एकजना व्यक्ति थिए, जसले उनलाई परिवर्तन गरे। त्यो व्यक्ति नासरतका येशू हुनुहुन्थ्यो, जसलाई पावलले पछि ख्रीष्ट र प्रभुको रूपमा चिनाउन थाले।

पावलको पहिलेको विश्वास प्रणाली व्यवस्थाको पूर्ण पालना थियो। दमस्कसको सडकको अनुभवपछि (प्रेरित ९:१-१२), उहाँले कुराहरू फरक तरिकाले हेर्नुभयो। तिनले अझै पनि व्यवस्था असल छ तर अपूर्ण छ भनी विश्वास गरे।

---

ल्याङ्फोर्ड, रिफ्लेक्सन्स अन ग्रेस, १८

डियार्मेट मेककुलोक, ख्रीष्टियानिटी: द फर्स्ट थ्री थाउजेन्ट इयर्स (न्यू योर्क: पेनगुयिन बुक्स, २००९),

जब उनले ती व्यक्तिलाई भेटे, उनले आफ्नो ध्यान असल कुराबाट (यहूदी विरासतमा पाएको) अतूलनीय रूपले उत्तम व्यक्ति: येशू ख्रीष्टमा केन्द्रित गरे।२८ पावलले विश्वास गरे कि ख्रीष्ट (व्यक्ति)सँग हरेक विश्वासीको सम्बन्ध यति घनिष्ट हुनसक्छ कि उनले यसलाई "ख्रीष्टमा एकता" को रूपमा बताउँछन्, जसले पूर्ण एकतालाई सङ्केत गर्दछ। एकता पावलको लागि अमूर्त, ग्रीको-रोमन, प्लेटोनिक अवधारणा थिएन। येशू ख्रीष्ट हालैको ऐतिहासिक समय र स्थानमा एक वास्तविक मानव हुनुहुन्थ्यो। उहाँ आफ्नो मानवतामा हामीजस्तै मात्र हुनुहुन्न तर पावलले दमस्कसको बाटोमा भेटेका व्यक्तिको रूपमा, बौरि उठ्नुभएको हुनुहुन्छ जसको जीवन, मृत्यु, पुनरुत्थान र स्वर्गारोहणले हाम्रो पाप र पतनको विपत्तिलाई उल्टाइदियो (१कोरिन्थी १५:२२)।

साँचो अर्थमा, शाऊलबाट पावलमा नाम परिवर्तन गर्नु धर्मपरिवर्तन गर्नुभन्दा बढी थियो – यो एउटा जागृति थियो: "तिनका आँखाबाट पाप्रा जस्ता केही खसे, र तिनले फेरि दृष्टि पाए" (प्रेरित ९:१८)। यो पुनरुत्थान थियो। पावललाई एउटा चोखो, मिलावटरहित वरदान दिइयो, जुन वरदानलाई न त तिनले कमाउन सक्थे न त ती सबको हकदार नै थिए। अब उनले देखे कि व्यवस्थाले कुन एक व्यक्तिलाई देखाइरहेको थियो। यसैकारण उनले यसरी लेखेका छन्, "तर हामीचाहिँ क्रूसमा टाँगिनुभएका ख्रीष्टलाई प्रचार गर्दछौं, जो यहूदीहरूका निम्ति बाधा र अन्यजातिहरूका निम्ति मूर्खता हो। तर बोलावट भएकाहरूका निम्ति, चाहे यहूदीहरू होऊन् वा ग्रीकहरू होऊन्, ख्रीष्ट नै परमेश्वरको शक्ति र बुद्धि हुनुहुन्छ" (१ कोरिन्थी १:२३-२४)। यो यहूदी कानुन र परम्परामा बाँधिएकाहरूका लागि अपमानजनक थियो र कुलीन ग्रीक संस्कृति र पश्चिमी दार्शनिक विश्वदृष्टिमा लीन भएकाहरूको लागि ख्रीष्ट को हुनुहुन्छ भनेर विश्वास गर्नसक्नेहरूका लागि (ग्रीक भाषामा, *क्रिस्टोस* को अर्थ "अभिषिक्त जन" हो), परमेश्वरको अनुग्रहद्वारा उहाँ तिनीहरूको उद्धार हुनुभयो।२९

सुरुका इसाईहरूले कुनै रीतिरिवाज वा धर्मका प्रचार गरेनन्। तिनीहरूले एकजना व्यक्तिको बारे घोषणा गरे। इस्लामको लागि परमेश्वरको वचन एउटा पुस्तक (कुरान) बन्यो; इसाईहरूको लागि वचन देह भयो (यूहन्ना १:१४)।३० एक मानव। अनन्तको परमेश्वर मानव बनेर आउनुभयो।

---

डिकायोन, 'धर्मी बनाइनु" (वा सोह्रौ शताब्दीमा प्रोटेस्टेन्ट सुधारद्वारा प्रख्यात भएको वाक्यांशमा, "उचित हुन") ले हामी बाहिरबाट आउने अनुग्रह हो भनी जनाउँछ।

*नयाँ करारको स्ट्रोङ कन्कर्डेन्स अफ द निउ टेस्टामेन्ट ले पहिलो शताब्दीको मण्डलीहरूलाई पावलले लेखेका पत्रहरूमा क्यारिस, "अनुग्रह" कम्तिमा अट्ठासी पटक देखा पर्छ भनी संकेत गर्छ।*

देहधारण गर्नुभयो। प्रथम इसाईहरूले सिद्धान्त, नियम, अथवा जीवन शक्तिको खातिर आफ्नो जीवन त्यागेनन्। यो एक व्यक्तिको लागि र त्यस व्यक्तिको कारणले थियो – एक साँचो व्यक्ति जो साँच्चै क्रूसमा मर्नुभयो, गाडिनुभयो र मरेकाहरूमा बौरिउठनुभयो त नयाँ सृष्टिको पहिलौठे हुनुभयो, जो साँच्चै स्वर्गमा चढिजानुभयो, र जो साँच्चै फेरि संसारमा आउदैहुनुहुन्छ।

यसलाई डिट्रिच बोनहोफरले जस्तो स्पष्टरूपमा वर्णन गर्ने अरू कसैलाई पनि म चिन्दिनँ: "अमूर्त विचारको साथ औपचारिक ज्ञानको सम्बन्धमा प्रवेश गर्न, यसको बारेमा उत्साही हुन र सम्भवत: यसलाई व्यवहारमा उतार्न पनि सम्भव छ; तर व्यक्तिगत आज्ञाकारितामा यो कहिल्यै पालन गर्न सकिँदैन। जीवित ख्रीष्टबिनाको ख्रीष्टियान धर्म अनिवार्य रूपमा चेलाबिनाको ख्रीष्टियान धर्म हो, र चेलाबिनाको ख्रीष्टियान धर्म सधैँ ख्रीष्टबिनाको ख्रीष्टियान धर्म हो।"३१

तसर्थ, अनुग्रहको हिडाइँ वा यात्रा कुनै प्रणाली, पुस्तक, *नियम पुस्तिका*, सम्प्रदाय वा परम्पराको अनुसरण गर्नु होइन। हामी येशू ख्रीष्टलाई पछ्याउँछौं, उपासना गर्छौं र सेवा गर्छौं। अनुग्रह येशूको जीवन, सेवकाई, मृत्यु, पुनरुत्थान र स्वर्गारोहणका सबै लाभहरूको परिणाम हो, जो अहिले ख्रीष्ट र प्रभु हुनुहुन्छ।

अनुग्रहको क्रिस्टोसेन्टिक (येशू केन्द्रित) विवरण अनुग्रहको अझ बलियो त्रीएकीय धर्मशास्त्र (सृष्टिकर्ता र पिताको रूपमा परमेश्वर; विश्वासीको जीवनमा पवित्र आत्माको शक्ति) लाई वेवास्ता गर्नु होइन। एक व्यक्तिको रूपमा अनुग्रहलाई बुझ्नु भनेको यो सम्झनु हो कि हामी व्यक्तिगतरूपमा परमेश्वरको बारेमा जान्दछौं जुन कुरा परमेश्वरले आफूलाई चिनाउन चुन्नुभएको व्यक्तिको जीवन, शिक्षा र अनुभवमा सबैभन्दा स्पष्टरूपमा प्रकट हुन्छ। सबै इसाई चेलापनको लक्ष्य अनुग्रह प्राप्त गर्नेहरूलाई येशू ख्रीष्टको छवी र समानतामा आकार दिनु हो। अनुग्रह कुनै चीज होइन – अनुग्रह कोही व्यक्ति हो।

---

म यस महत्त्वपूर्ण भिन्नताको लागि अफ्रिकाको लागि नाजरेन क्षेत्रीय निर्देशकको चर्चको डेनियल गोमिसप्रति ऋणी छु।

३१ डियाट्रीक बोनहोफर, *द कस्ट अफ डिसाइपल्स* (निउ योर्क: मेकमिलन कम्पनी, १९४९), ६३-६४)।

यो पुष्टिले हामीलाई अनुग्रह व्यक्तिगत हो भन्ने दोस्रो कारणतर्फ डोर्‍याउँदछ: अनुग्रह प्रत्येक व्यक्तिकहाँ उसको विशेष आवश्यकता वा ग्रहण गर्ने क्षमताअनुसार आउँछ। प्रत्येक व्यक्तिले अद्वितीय रूपमा अनुग्रह प्राप्त गर्दछ र उपयुक्त बनाउँदछ।

मेरा धेरै मित्रहरू छन्, तर म तिनीहरूसँग विभिन्न कुरामा सम्बन्धित छु किनभने प्रत्येक मित्रहरू अद्वितीय छन्। मेरा तीन जना छोराछोरी छन्, र म ती सबैलाई समानरूपमा प्रेम गर्छु, तर म ती सबैलाई एउटै प्रकारले व्यवहार गर्न सक्दिनँ। तिनीहरू सबै फरक छन्, यसर्थ हरेकलाई म फरक तरिकाले वास्ता र प्रेम गर्छु। यो चाहिँ एउटा मित्र र बाबु बन्ने प्रेमिलो तरिका हो।

त्यसैगरी, अनुग्रह प्रत्येक व्यक्तिद्वारा अद्वितीय रूपमा विनियोजित र प्राप्त गरिन्छ किनभने हामी त्रीएक परमेश्वरसँग व्यक्तिगत सम्बन्धमा अनुग्रहको अनुभव गर्दछौं, जुन हामीलाई पिताबाट दिइएको छ, येशू ख्रीष्टमार्फत विस्तार गरिएको छ, र पवित्र आत्माद्वारा सशक्त पारिएको छ। अनुग्रह व्यक्तिगत छ किनभने यो हाम्रो व्यक्तिगत आवश्यकताअनुसार हामीकहाँ आउँछ। परमेश्वरले आफैलाई अझ बढी हाम्रो निम्ति दिनुहुँदा, अझ बढी अनुग्रह दिइएको छ।

## अनुग्रह महंगो छ

डाइट्रिच बोनहोफरले हामीलाई यो कुरा याद दिलाउनुहुन्छ कि अनुग्रह सित्तैमा दिइएको भए तापनि यो सित्तैमा आउँदैन। बोनहोफरले आफ्नो सबैभन्दा प्रसिद्ध पुस्तक, द *कस्ट अफ डिसाइपल्सीप (चेलापनको मुल्य)* को एउटा अनुच्छेदमा सस्तो अनुग्रह र महंगो अनुग्रहबीचको भिन्नतालाई वास्तविक चेलापनको तरिकाको अभाव वा यसको अपेक्षाको रूपमा प्रकाश पारेका छन्: "सस्तो अनुग्रह चेलापन बिनाको अनुग्रह, क्रुस बिनाको अनुग्रह, जीवित र देहधारी येशू ख्रीष्ट बिनाको अनुग्रह हो।३२

यसबाहेक, बोनहोफरले स्पष्टरूपले सस्तो अनुग्रहको बारेमा यसो भन्छन्, "हाम्रो चर्चको लागि डरलाग्दो शत्रु", "चेलापनको सबैभन्दा कटु शत्रु" र "यो कुनै पनि कामको आज्ञाभन्दा धेरै इसाईहरूको विनाश" हो। ३३कसैले भन्न सक्छ कि तिनीहरू परमेश्वरको वरदानको रूपमा अनुग्रहद्वारा मात्र धर्मी ठहरिएका छन्, तर धर्मी जीवनको फल त्यो हो जसले सबै त्यागेर ख्रीष्टलाई

---

बोनहोफर, द *कस्ट अफ डिसाइपल्सीप,* ४५,५५

बोनहोफर, द *कस्ट अफ डिसाइपल्सीप,* ५५

पछ्याएका छन्।३४ अनि यसको कारण, बोनहोफरले सही प्रकारले देखाउँछन् कि जब कसैले येशूले उहाँलाई पछ्याउने आह्वान गर्नुहुन्छ भने चेलाहरूको प्रतिक्रिया विश्वासको स्वीकारोक्ति भन्दा अघि आज्ञाकारिता हुनुपर्छ। (मर्कूस २:१४) ३५

बोनहोफले अनुग्रह कसरी महंगो छ र पूर्णरूपले समर्पण गरिएको चेलाइन नै किन एक मात्र उपयुक्त प्रतिक्रिया हो भनी वर्णन गरेका छन्।

> अनुग्रह महंगो छ किनकि यसले हामीलाई पछ्याउने बोलावट दिन्छ, र यो अनुग्रह हो किनकि यसले हामीलाई येशू ख्रीष्टलाई पछ्याउन बोलाउँछ। यो महंगो छ किनकि यसले मानिसको निम्ति आफ्नो जीवन खर्च गर्छ, र यो अनुग्रह हो किनकि यसले मानिसलाई केवल साँचो जीवन दिन्छ। यो महंगो छ किनकि यसले पापलाई खारेज गर्छ अनि यो अनुग्रह हो किनकि यसले पापीलाई न्याय दिन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा, यो महंगो छ किनकि यसले परमेश्वरलाई आफ्नो पुत्रको जीवन खर्च गर्न लगायो: "तिमीहरू दाम तिरिएर किनिएका छौ", अनि परमेश्वरले चुकाउनुभएको त्यो ठूलो मुल्य हाम्रो लागि सस्तो हुनसक्दैन। सबभन्दा ठूलो कुरा, यो अनुग्रह हो किनभने परमेश्वरले आफ्नो पुत्रलाई हाम्रो जीवनको निम्ति मुल्य चुकाउनु पर्ने मुल्यलाई अति प्रिय ठान्नुभएन, तर उहाँलाई हाम्रो लागि दिइहाल्नुभयो। महंगो अनुग्रहचाहिँ परमेश्वरजो देहधारण हो।३६

चेलापनको जीवन अनुग्रहको यात्रा हो। यो अनुग्रहबाट सुरु हुन्छ, अनुग्रहद्वारा सशक्त हुन्छ, र सुरुदेखि अन्त्यसम्म अनुग्रहले भरिएको हुन्छ। जबसम्म हामी येशूको मार्ग पछ्याउँदैनौं र आज्ञापालन गर्दैनौं तबसम्म साँचो चेलापन सम्भव छैन। परमेश्वरको अनुग्रह वरदानको रूपमा सित्तैमा पाउन सकिन्छ तर यो चेलापनको आवश्यकताहरूबाट अलग रहन सक्दैन।

## अनुग्रह अचम्मको छ

फिलिप यान्सीले "*द लास्ट एम्पेरोर*" नामक चलचित्रको एउटा दृश्य दोहोर्‍याएका छन्, जहाँ चीनको अन्तिम सम्राटको रूपमा अभिषिक्त बालकको चित्रण गरिएको छ। तिनले आफ्नो वरिपरि आफ्ना आज्ञाकारी सेवकहरूसित आरामदायी जीवन जिउँछन्।

---

बोनहोफर, *द कस्ट अफ डिसाइपल्सीप,* ६१

बोनहोफर, *द कस्ट अफ डिसाइपल्सीप,* ४७-४८

"यदि तिमीले गल्ती गर्‍यौ भने के हुन्छ?" तिनका भाइले सोध्छन्।

"जब म गल्ती गर्छु, अरू कसैले यसको सजाय पाउँछ", त्यो जवान सम्राटले भने। प्रदर्शन गर्नलाई, जवान सम्राटले एउटा बहुमुल्य कलाकृति तोड्छन् र एक जना नोकरलाई अपराधको लागि पिटिन्छ।३७

यो राजा र सम्राटहरूको पुरातन चलन थियो। यो न त न्यायपूर्ण थियो न त दयालु नै थियो। त्यसपछि कोही अर्कै संसारबाट आयो। उनी एक राजा थिए जसले अधिकारको अवधारणालाई नयाँ अर्थ दिए। उनले पुरानो व्यवस्थालाई परिवर्तन गरेर नयाँ राज्यको सुरुवात गरे। जब उनला सेवकहरू पापमा फस्छन्, यस राजाले तिनीहरूको उचित खबर लिन्छन्। यान्सी यसो भन्छन्: "अनुग्रह सित्तैमा छ किनभने दाता आफैले यसको मूल्य चुकाएका छन्।"३८

त्यसोभए, परमेश्वरको असाधारण अनुग्रहले हाम्रो दैनिक जीवनमा कस्तो प्रभाव पार्छ? अनुग्रहको अर्थ के हो भनेर थाहा पाउनु एउटा कुरा हो। परमेश्वरले हामीलाई त्यसरी नै प्रेम गर्नुहुन्छ भनी थाहा पाउनु एउटा कुरा हो, तर यसले मेरो जीवनमा के फरक पार्छ? अनुग्रहलाई हेर्दा कस्तो देखिन्छ? अनुग्रहको अनुभव गर्दा कस्तो हुन्छ? अनुग्रहले के गर्छ? अनुग्रहले मेरो दैनिक जीवनमा के फरक पार्छ?

अनुग्रह बहुआयमिक, सुक्ष्म र विविध तरिकामा अनुभव गरिन्छ। यस पुस्तकको बाँकी भागले अनुग्रहको यात्राको बहुविध अभिव्यक्तिहरूको खोजी गर्नेछ।

---

बोनहोफर, *द कस्ट अफ डिसाइपल्सीप,* ४७-४८।

यान्सी, *वट्स सो एमेजङ्ग एवाउट ग्रेस?* ६७।

यान्सी, *वट्स सो एमेजङ्ग एवाउट ग्रेस?* ६७।

# मार्ग वा बाटो

खोजीगर्ने अनुग्रहद्वारा (जसलाई अग्रगामी अनुग्रह पनि भनिन्छ), परमेश्वर हाम्रो अघि एउटा बाटो तयार बनाउन र हामीलाई सम्बन्धमा नजिक ल्याउन जानुहुन्छ।

△

# २

# खोजी गर्ने अनुग्रह*

**मानिसको पुत्र हराएकोलाई खोज्न र बचाउन आएको हो।**
**– लूका १९:१०**

चेलापन बनेको एउटै दिशामा लामो समयसम्म येशूसित आज्ञाकारी भइरहनु हो – जो हाम्रो मार्गदर्शक र मित्र हुनुहुन्छ।३९ हामी यसलाई अनुग्रहको यात्रा (हिडाइँ) भन्छौं। अनुग्रहको हिडाइँ वा यात्रा सधैँ गतिशील हुन्छ किनकि यो सबैभन्दा महत्वपूर्ण भागसित जोडिएको छ। विश्वासद्वारा हिँड्नु भनेको परमेश्वरको अनुग्रहमा चेलापनको हिडाइँको हरेक पाइलासित कठिन परिश्रमभन्दा साहसिक कार्य, कर्तब्यभन्दा आनन्द हो। तैपनि, अनुग्रहका यी पक्षहरू सधैँ अनुक्रमिक हुँदैनन् (कुनै खास क्रमअनुसार अनुसरण गरिन्छ), तर विभिन्न उद्देश्यअनुसार फरक-फरक हुन्छन्।४०

हामीले परमेश्वरको अनुग्रहलाई कसरी अनुभव गर्छौं भनेर चित्रण गर्ने कम्तीमा पाँचवटा बाइबलीय विशेष लक्षणहरू छन्। यसको मतलब यो होइन कि अनुग्रहलाई विभिन्न श्रेणीबद्ध मापन वा प्रकारहरूमा विच्छेदन गर्न सकिन्छ।४१ जैक ज्याक्सनले देखाएझैं, "परमेश्वरको अनुग्रह एकवचन हो,"४२ वा, जोन वेस्लीबाट, परमेश्वरको अनुग्रह केवल "परमेश्वरको प्रेम हो" ४३। विभिन्न प्रकारका अनुग्रहलाई वर्गीकृत गर्ने यस प्रवृतिबाट बाँच्न वेस्लीले अनुग्रहको अनुभावत्मक प्रकृतिमा ध्यान केन्द्रित गर्न रोजे; "चेला बन्ने आफ्नो अवस्थाअनुसार मानिसहरूले परमेश्वरको अनुग्रहलाई फरक-फरक तरिकाले अनुभव गर्छन्। प्रकृतिको अवस्था (पूर्व-इसाई) मा भएकाहरूले अनुग्रहको अनुभव गर्छन्; एक पटक जागृत भएपछि, तिनीहरूले अनुग्रहलाई विश्वासयोग्य र न्यायोचित तरिकामा अनुभव गर्छन्: अनि अन्तमा, जब तिनीहरू धर्मी ठहरिन्छन्, तिनीहरूले अनुग्रहको

अनुभव गर्छन् जसले आफ्नो मन र हृदयलाई पवित्र तुल्याउँछ।" ४४ यहाँ ज्याक्सनद्वारा वेस्लीको धर्मशास्त्रीय ज्ञानलाई सुन्दर तरिकाले लेखिएको, तार्किक तर लचिलो, अनुग्रहलाई एक चीजको रूपमा फरक पार्छ जसमा जीवन परिस्थीति र अनुभवहरू, ईश्वरीय नियुक्तिहरू र भविष्यीय समय भनी वर्णन गरिएको छ । अनुग्रह एक व्यक्ति हो, र व्यक्तिगत तरिकाहरूमा विस्तारित छ।

यस कुरालाई मध्यनजरमा राख्दै, हामी अनुग्रहको यात्रामा परमेश्वरको प्रेमलाई कसरी अक्सर अनुभव गर्छौं भनेर अझ राम्ररी बुझ्न मद्दत गर्न निम्न विशेष लक्षणहरू प्रस्तुत गर्दछौं, यो थाहा गर्दै कि यी अनुग्रहका विभिन्न प्रकारहरू होइनन् तर यी विभिन्न तरिकाहरू हुन् जसद्वारा हामी हाम्रो जीवनको दौरान व्यक्त गरिएको अनुग्रहको रूपमा परमेश्वरलाई अनुभव गर्नसक्नेछौं।

- खोजी गर्ने अनुग्रह
- बचाउने अनुग्रह
- चोखो पार्ने अनुग्रह
- दिगो पार्ने अनुग्रह
- प्रशस्त अनुग्रह

यसपछिका अध्यायहरूमा, हामी यी प्रत्येक लक्षणहरूलाई बाइबलीय, धर्मशास्त्रीय र अनुभावत्मक रूपमा विस्तृतरूपले जाँच गर्नेछौं। हामी यहाँ खोजी गर्ने अनुग्रहबाट सुरु गर्नेछौं।

---

४२जोन ज्याक्सन, ओफरिङ क्राइस्ट: जोन वेस्लीस इभान्जलिस्टिक भिजन (नाशभील:किङ्सवुड बुक्स,२०१७)।१५

४३ जोन वेस्ली, सरमन ११०, "फ्री ग्रेस", सरमोन्स III: ७१-११४, द बाइसेनतेनियल एडिसन अफ द वर्क्स अफ जोन वेस्ली भल्युम ३ (नेसभील: एबिङडोन प्रेस,१९८६)। ३.५४४, John Wesley, Sermon 110, "Free Grace," Sermons III: 71–114, vol. 3 in The Bicentennial Edition of the Works of John Wesley (Nashville: Abingdon Press, 1986), 3.544, par. 1.

४४ज्याक्सन, ओफरिङ क्राइस्ट, ५३

४५विलियम ग्रेटहाउस र एच रे डनिङ्सका "मुक्ति" को बुझाइलाई पछ्याउँदै व्यापक अर्थ भएको ईश्वरशास्त्रीय शब्दको रूपमा: "उद्धार" ले मानिसलाई उसको हराएको सम्पत्तिमा पुनर्स्थापना गर्न निर्देशित गरेको सम्पूर्ण कार्यलाई समेट्छ। प्रारम्भिक मुक्तिको साथ सुरु गर्दै, यसमा अन्तिम मुक्ति वा 'महिमा' सम्मको पुनर्स्थापनाका सबै पक्षहरू समावेश छन। अझ, ग्रेटहाउस र डनिङले उद्धार एउटा घटना वा अनुभवमा अवस्थित छैन भनी व्याख्या गर्छ: "नयाँ करारले तीन वटा कालमा उद्धारको कुरा गर्दछ: भूतकाल (भएको), वर्तमानकाल (भइरहेको), भविष्यकाल (हुनेछ)"।

# अनुग्रह जो हाम्रो अघि-अघि जान्छ

परमेश्वरको अनुग्रह हाम्रो उद्धारको क्षणमा सुरु हुँदैन। यो हाम्रो जीवनमा परमेश्वरको आवश्यकता महसुस गर्नुभन्दा अघि आउने कुरा हो। हामी स्वभाविक रूपमा परमेश्वरको खोजी गर्दैनौं; बरू परमेश्वरले हामीलाई खोज्नुहुन्छ। परमेश्वरले हामीलाई आफ्ना नजिक ल्याउन खोज्नुभएको यस कार्यको लागि धर्मशास्त्रीय शब्द अग्रगामी (पूर्वाभासी) अनुग्रह हो। अनुग्रहको सीधा अर्थ यो हो कि हामी परमेश्वरकहाँ आउनुभन्दा पहिले परमेश्वर हामीकहाँ आउनुहुन्छ। परमेश्वरको अनुग्रहले हामीलाई खोज्दछ र हामी जहाँ छौं त्यही आइपुग्दछ।

इसाईहरूले कहिलेकाहीँ आफ्नो परिवर्तनको अनुभवको गवाही दिन सुरु गर्छन् कि उनीहरू कसरी यस्तो अवस्था र ठाउँमा वा निश्चित उमेरमा "ख्रीष्ट"मा आए। परमेश्वरसित भेट हुँदा र ख्रीष्टमा नयाँ जन्मको अनुभव गर्दा कुनै खास समय र स्थानको वर्णन गर्ने यी साँचो प्रयासहरू हुन्। तथापि, "ख्रीष्टकहाँ आयौं" भन्ने भनाइ ठ्याक्कै सही छैन किनकि कोही पनि येशू ख्रीष्टकहाँ कहिल्यै आउँदैन। येशू ख्रीष्ट हामीकहाँ आउनुहुन्छ। प्रथम गैर-यहूदी इसाईहरूलाई लेखिएको एउटा अत्यन्तै महत्त्वपूर्ण पत्रमा प्रेषित पावल भन्छन्: "तिमीहरू यस संसारको बाटो पछ्याउँदै पाप र पापद्वारा मरेका थियौ। तर दयामा धनी परमेश्वर, जुन महान प्रेमले गर्दा हामी हाम्रा अपराधहरूद्वारा मरेका थियौ, उहाँले हामीलाई प्रेम गर्नुभएको महान प्रेमद्वारा हामीलाई ख्रीष्टसँगै जीवित तुल्याउनुभयो – अनुग्रहद्वारा तिमीहरूले उद्धार पायौ" (एफिसी २:१-२,४-५)। पावलले विशेष जोडको लागि दोहोर्‍याएको एउटा शब्दलाई विशेष ध्यान दिनुहोस्: मरेका । पावलले यसलाई गम्भीरतापूर्वक लिन्छन्। हामी हाम्रा पापहरूमा "बिरामी" थियौं वा हाम्रा पापहरूमा "अल्झिएका" थियौं भनेर उहाँले भन्नुभएको छैन। अहँ, हामी हाम्रा पापहरूमा मरेका थियौं।

बाइबलअनुसार मृत्यु तीन प्रकारका हुन्छन्: शारीरिक, आत्मिक र आनन्तको मृत्यु। पावलले आत्मिक मृत्युको वर्णन गरिरहेका छन्। हामी बाँचिरहेका थियौ, सास लिइरहेका थियौ र जीवनका गतिहरूबाट गुज्रिरहेका थियौं तर पापको कारण आत्मिक रूपमा मरेका थियौं। एकजना व्यक्ति शारीरिकरूपमा जीवित हुनसक्छ र वरिपरि हिँड्डुल गर्नसक्छ, तर भित्रीरूपमा तिनीहरूले आत्मिक कुराको प्रतिक्रिया दिनसक्दैनन् किनकि तिनीहरूमा आत्मिक चेतना हुँदैन। यसैकारण जो आत्मिकरूपले मरेको हुन्छ उ आत्मिक सत्यतासित जोडिनसक्दैन। यो तिनीहरूको निम्ति मरेको गन्धको भावनाभन्दा बढी वास्तविक छैन। मरेका मानिसहरू कुनै कुरामा जवाफदेही हुँदैनन्, तिनीहरू अरूबाट अलग भएका हुन्छन्, र आफ्नो वरिपरिको वातावरणदेखि अनभिज्ञ हुन्छन्।

पावल भन्छन् कि हामी सबै यो जोम्बीको जस्तै मृतक हिडाइँको अवस्थामा थियौं। मरेकाहरूले

बाहिरी उत्तेजनाहरूको जवाफ दिन नसक्ने भएकोले आत्मिक तवरमा मरेको कुनै पनि व्यक्ति आफ्नै सामर्थ्यद्वारा "ख्रीष्टकहाँ आउन" सक्दैन। बाहिरबाट सहयोग आउनैपर्छ। त्यसकारण, पावल र अन्य धर्मशास्त्रीय साक्षीहरूका अनुसार, परमेश्वरले हाम्रो कठिन परिस्थीतिमा हस्तक्षेप गर्नुहुन्छ र हामीले आफ्नो लागि गर्न नसकेको काम उहाँले गर्नुहन्छ; परमेश्वर त्यही आउनुहुन्छ जहाँ हामी छौं। पवित्र आत्माको शक्तिद्वारा, परमेश्वर हामीकहाँ आउनुहुन्छ र हाम्रो आत्मिक संवेदनशीलतालाई जागृत गर्नुहुन्छ। यस वास्तविकताले एउटा गहिरो सोचाइ जन्माउँछ: परमेश्वरको आग्रहलाई अस्वीकार गर्ने हाम्रो क्षमता पनि सम्भव भएको छ किनकि परमेश्वरको अनुग्रहले हामीलाई पहिले नै भेटिसकेको छ। हामी केवल परमेश्वरलाई जवाफ दिन स्वतन्त्र छौं किनभने परमेश्वरले हाम्रो आत्मिक चेतनालाई त्यसो गर्न स्वतन्त्र पार्नुभएको छ। हामीमाथि भएको अनुग्रह परमेश्वरप्रतिको कुनै पनि प्रतिक्रियाभन्दा पहिले हुन्छ।

"स्लीपिङ ब्युटी" एक राजकुमारीको बारेमा एक प्रसिद्ध परी कथा हो जो एक दुष्ट रानीको मन्त्रमुग्ध जादूको बारेमा छ। राजकुमारी चिर निन्द्रामा हुन्छिन्, र उनी ब्युँझनसक्ने एउटा मात्र तरिका छ, यदि उनको राजकुमार आएर उसलाई चुम्बन गर्दछ भने मात्र ऊ ब्युँझिन सक्छिन्। यो चुम्बनले उनलाई चिर निन्द्राबाट ब्युँझाउनेछ र उनको आशाहीन अवस्थाबाट छुटकारा दिनेछ। यद्यपि यो एउटा परी कथा मात्र हो, तर यसले कसरी अग्रगामी वा पूर्वाभास अनुग्रहले हाम्रो जीवनमा काम गर्छ भनेर देखाउँछ। बाइबलले भन्छ कि प्रत्येक मानव आत्मा एक प्रकारको आत्मिक मृत्यु निन्द्रामा परेको हुन्छ, र हामी आफैलाई आत्मिक चेतनामा ल्याउन असमर्थ छौं। तब राजकुमार आउनुहुन्छ र हामीलाई चुम्बन गर्नुहुन्छ, हामीमा जादुई सम्मोहन टुट्दछ, र हामी पहिले कहिल्यै थाह नपाएको वास्तविकतामा ब्युँझन्छौं। जसरी लूका १५ को प्रेमिलो बुबा बाटोको छेउसम्म आफ्नो छोरोलाई भेट्न दौडन्छन्, त्यसरी नै यो चुम्बनले अग्रगामी अनुग्रहको प्रतिनिधित्व गर्दछ। गतिशील दृष्टान्तका यी शब्दहरू फेरि अनुग्रहको चश्माबाट पढ्नुहोस्: "तर त्यो धेरै टाडा छँदा त्यसको बाबुले त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौडेर गई त्यसलाई अंगालो हालेर त्यसलाई चुम्बन गरे।.. 'किनकि यो मेरो छोरो मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ। तब तिनीहरू आनन्द मनाउन लागे" (लूका १५:२०,२४)।

# जोन वेस्ली अनि अग्रगामी अनुग्रह

हाम्रा धर्मशास्त्रीय पूर्वज जोन वेस्लीले अनुग्रहबारे धेरै कुरा भनेका थिए। यद्यपि, विश्वासमा आएपछि वास्तविक चेलापन सुरु हुन्छ भनेर तिनले विश्वास नगरे तापनि उनले यो कुरा कायम राखे कि परमेश्वरका अनुग्रहले पहिल्यै काम गर्दछ, मानिसहरूमा परमेश्वरको खोजी सुरु गर्ने चाहना जगाउँदछ, यस्तो चाहना जसले जागृतिको सुरुवातलाई सङ्केत गर्दछ।४६ हामी परमेश्वरलाई मात्र खोज्छौं किनकि परमेश्वरले हामीलाई पहिला खोजिरहनुभएको छ।

जोन वेस्ली सबै मानिसहरूमा विस्तारित अनुग्रहको शक्तिको विचारलाई अंगाल्ने पहिलो व्यक्ति थिएनन्, तर उनले उद्धारको क्रममा निश्चितरूपमा आफ्नो भिन्नता थपेका थिए।४७ कहिलेकाहीँ यसलाई "रोकथाम गर्ने अनुग्रह" को रूपमा उल्लेख गर्दै वेस्लीले विश्वास गरे कि जन्मदेखि नै, तिनीहरूलाई येशू ख्रीष्टमा अनन्त जीवनतर्फ आकर्षित गर्न खोज्दै परमेश्वरको अनुग्रह सबै व्यक्तिहरूमा सक्रिय छ। यद्यपि तिनीहरूले सुसमाचार घोषणा गरेको कहिल्यै नसुनेको भए तापनि यो साँचो हो। पवित्र आत्माद्धारा परमेश्वरको पूर्व उपस्थित र कार्य त्यो अनुग्रह हो जुन सुसमाचार सुन्नु, आत्मिक जागृति र रुपान्तरण हुन "अघि जान्छ"।

कुनै पनि व्यक्ति परमेश्वरको अनुग्रहको लागि अपरिचित छैन, र हरके मानिस येशूको मनाउने आत्माको वस्तु हो। पतन भएका मानव जातिको रूपमा, "हाम्रा अपराधहरू र पापहरूमा मरेका (एफिसी २:१), हामी आफ्नै शक्तिमा परमेश्वरकहाँ आउन असक्षम छौं। तसर्थ, सबै जागृति, रुपान्तरण र जीवन परिवर्तनको दृश्यमा परमेश्वर सधैँ पहिलो हुनुहुन्छ। हामी पवित्र आत्माको प्रारम्भिक गतिविधिलाई "पूर्वनिर्धारित" भन्छौं किनभने यो सधैँ हाम्रो प्रतिक्रियाभन्दा पहिले हुन्छ॥ कोही पनि येशू ख्रीष्टमा विश्वास गर्न आउन सक्छ, तर परमेश्वरले तिनीहरूलाई पहिले आफूतिर आकर्षित नगरे वा सक्षम नबनाएसम्म कोही पनि "ख्रीष्टमा आउन सक्नेछैन"। येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो कि त्यो पवित्र आत्माको कार्य हुनेछ (यूहन्ना १६:५-१५; यूहन्ना ६:४४ पनि हेर्नुहोस्)।

---

४६ ज्याक्सन, *अफरिङ* क्राइस्ट, ४३-४४। रेन्डी मेडोक्सको *रेस्पोन्सिबल ग्रेस: जोन वेस्लीको प्रेक्टीकल थियोलोजी* (नेसभील: किंग्सवुड,१९९४), ८।

लवेट वेम्सले भनेझैं, "हामीले परमेश्वरलाई खोज्नुभन्दा अघि उहाँले हामीलाई खोज्नुहुन्छ। मुक्ति-उद्धारको पहल सुरुदेखि नै परमेश्वरसँग छ। हामीले कुनै कदम चाल्नुअघि, परमेश्वर त्यहाँ हुनुहुन्छ।४८ अनुग्रह अनिवार्य छैन तर परमेश्वरसित व्यक्तिगत सम्बन्ध गाँस्ने निमन्त्रणाबिना कुनै पनि व्यक्ति बाँकी रहँदैन। वेस्लियन-पवित्रता परम्परामा बस्नेहरूका लागि यसको अर्थ के हो भने, कसैसित सुसमाचार बाँड्दा हामी कहिल्यै पनि नैतिकरूपमा तटस्थ सन्दर्भको सामना गर्दैनौं। हामीले भेट्ने कुनै पनि व्यक्ति त्यस्ता छैनन् जोहरू पूर्ववर्ती अनुग्रहबाट प्रभावित भएका छैनन्। निस्संदेह, कोही-कोही अरूको तुलनामा बढी प्रतिरोधी वा उत्तरदायी हुनेछन्। तर हामी ढुक्क पनि हुनसक्छौ कि परमेश्वर हामी त्यो दृश्यमा आउनअघि तिनीहरूको जीवनमा विश्वासयोग्यतासाथ सक्रिय हुनुभएको छ। राजकुमार तिनीहरूको जीवनको चरणमा हाम्रो प्रवेश हुनुभन्दा अघि नै आउनुभयो।

परमेश्वरले दिनुभएको उद्धारको प्रस्ताव जबरजस्ती होइन। यसको स्वभावअनुसार पारस्परिक प्रेम (साँचो सम्बन्धको आधार) को लागि प्रस्ताव गरिएको प्रेमलाई स्वीकार्ने वा अस्वीकार गर्ने स्वतन्त्रता चाहिन्छ। तैपनि, अग्रगामी अनुग्रह दुवै हाम्रो प्रतिक्रियाभन्दा पहिले हुन्छ र हाम्रो प्रतिक्रियालाई सक्षम बनाउँछ। यो मुक्तिको क्रम र चेलापनको सुरुवात हो। परमेश्वरले सुरु गर्नुहुन्छ; हामी जवाफ दिन्छौं। अनुग्रह जहिले पनि पहिले जान्छ।

---

पनि हेर्नुहोस्।

४७ क्याथोलिक परम्परामा, "वास्तविक अनुग्रह" लाई दुई भागमा विभाजन गरिएको छ: "सञ्चालन रोकथाम अनुग्रह" र "सहयोग पछिको अनुग्रह।"

४८ लभेट एच. वीम्स, जूनियर, जोन वेस्लीको सन्देश टुडे (नाशभिल: एबिंगडन प्रेस, १९९१), २३ ।

# परमेश्वरले हामीमा जे गरिरहनुभएको छ त्यसको विकास गर्दै (गर्ने)

सम्पूर्ण नयाँ करारले साक्षी दिन्छ, र प्रेरित पावलका लेखहरूले विशेष जोड दिन्छ कि "जब कुनै व्यक्ति बौरि उठ्नुभएको येशूमा विश्वास गर्न आउँछ भने यो घटना आफै नै पवित्र आत्माले सुसमाचारद्वारा गरिरहनुभएको कामको चिन्ह हो र यदि पवित्र आत्माले यो विश्वासको "असल काम" सुरू गर्नुभएको छ भने त्यो विश्वास पहिलौटे फल हो, तपाईं विश्वास गर्नसक्नुहुन्छ कि आत्माले काम पूरा गर्नुहुनेछ।४९ तथापि, यस आश्वासनले मानव सहभागिताको महत्त्वलाई अस्वीकार गर्दैन। सम्बन्ध सहकार्यमा संलग्न हुन्छ।

अनुग्रहको यात्रा कसले सुरु गर्छ र कसले समाप्त गर्छ भन्ने कुरामा पावल जोड दिन्छन्, "मलाई दृढ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ" (फिलिप्पी १:६)।५० यसबाहेक, येशूका चेला (र मन्डली)ले "डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर। किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ" (२:१२-१३)।५१ हामीले पनि, अनुग्रहद्वारा परमेश्वरले हामीमा जे गरिरहनुभएको छ त्यसको विकास गर्दै यस संसारमा काम गर्नुपर्छ। बाइबलका उपयोगी उदाहरणहरू प्रशस्तै छन्।

परमेश्वर कल्दीहरूको (अहिले इरान भनिन्छ) ऊर भनिने ठाउँमा अब्राहामकहाँ आउनुभयो। परमेश्वरले अब्राहामसित बोल्न सुरु गर्नुभयो, "म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु, र तँलाई आशिष दिनेछु, र म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिषको मूल हुनेछस" (उत्पत्ति १२:२)। पहिला को गयो? परमेश्वर पहिला जानुभयो। अब्राहाममा असल काम कसले सुरु गर्‍यो? परमेश्वरले सुरु गर्नुभयो। तैपनि, अब्राहामले जवाफ दिनुपर्‍यो कि परमेश्वरले उनको जीवनमा जे काम गरिरहनुभएको थियो त्यो संसारमा काम गर्न आज्ञाकारी बन्न पर्थ्यो।

---

एन टी राइट, पल: ए बायोग्राफी (सान फ्रान्सिस्को: हार्परवन, २०१८), ९६।

ध्यान दिनुहोस् कि ईश्वर अनुग्रहको यात्राको शुरुवातकर्ता र सक्षमकर्ता दुवै हुनुहुन्छ।

५१ म यहाँ "मण्डली" थप्छु किनभने "तपाईं" शब्द बहुवचनमा छ।

परमेश्वर सपनामा याकूबकहाँ स्वर्ग जाने सिढी प्रकट गर्न आउनुभयो (उत्पत्ति २८:१०-२२) अनि पछिबाट याकुबसँग यब्बोक नदीमा कुस्ती लड्नुभयो (३२:२२-३२)। कसले पहिले सुरु गर्‍यो? परमेश्वरले सुरु गर्नुभयो। याकुबको जीवनमा असल काम कसले सुरु गर्‍यो? परमेश्वरले सुरु गर्नुभयो। तैपनि, परमेश्वरले उनको जीवनमा जे गरिरहनुभएको थियो त्यसमाथि याकुबले काम गर्नुपर्‍यो।

मोशा धेरै टाडा आइपुगेका थिए। परमेश्वर मोशाकहाँ जलिरहेको पोथ्राद्वारा आउनुभयो र मिश्रमा दासत्वमा भएका उहाँका मानिसहरूलाई छुटकारा दिनलाई बोलाउनुभयो (प्रस्थान ३:१-४:१७)। कसले पहिले सुरु गर्‍यो? परमेश्वरले गर्नुभयो। मोशाको जीवनमा कसले असल काम सुरु गर्नुभयो? परमेश्वरले सुरु गर्नुभयो। तैपनि, परमेश्वरले उनको जीवनमा जे गरिरहनुभएको थियो त्यसमा मोशाले वृद्धि गर्दै लानुपरेको थियो।

जीवित ख्रीष्ट  दमस्कसको बाटोमा शाऊलकहाँ देखा पर्नुभयो (अथवा तिनलाई आक्रमण गर्नुभयो) (प्रेरित ९:१-१९)। शाऊलले परमेश्वरको खोजी गरेनन्। तिनले इसाईहरूलाई सताउने लक्ष्य बनाएका थिए। को पहिला हुनुभयो? परमेश्वरले गर्नुभयो। शाऊलको जीवनमा कसले असल काम सुरु गरे? (जो चाढै पावल बने, र अन्यजातिहरूको लागि मिसनेरी भए)? परमेश्वरले सुरु गर्नुभयो। तैपनि, पावलले पछि फिलिप्पीको मण्डलीलाई लेखेको पत्रमा भनेझैं परमेश्वरले तिनको जीवनमा जे गरिरहनुभएको थियो त्यसलाई वृद्धि गरेर लैजानु पर्थ्यो।

यहूदियाको मरूभूमिको बाटोमा अफ्रिकाबाट आएका नपुसंक (प्रेरित ८), दिउँसो तीन बजेतिर दर्शनद्वारा कर्नेलियस (प्रेरित १०), नदी किनारमा लिडिया (प्रेरित १६): ती सबैमा के समानता छ? यी घटनाहरू र अन्य धेरै कथाहरूमा मानिसहरूले आफूकहाँ पहिलोचोटि आउनुहुने परमेश्वरलाई विश्वास गरेर प्रतिक्रिया देखाइरहेका छन्। तिनीहरू सबैले परमेश्वरले तिनीहरूको जीवनमा काम गरिरहनुभएको कारण तिनीहरूले पनि काम गरे वा वृद्धि गरे।

परमेश्वरले अग्रगामी अनुग्रह साथ काम गर्नुभएको र मानिसहरूले विश्वासमा प्रतिक्रिया देखाउनुभएको एउटा सुसंगत नमुना छ। बेलायती मिसियोलोजिस्ट लेस्ली निउबिगिनले सुविदितरूपले भनेका थिए, "विश्वास त्यो हात हो जसले ख्रीष्टको पूरा भएको कामलाई समात्छ र यसलाई मेरो आफ्नो बनाउँछ।" यसले प्रतिक्रियाको आवश्यकता हटाउँदैन, तर अग्रगामी अनुग्रह जहिले पनि पहिले आउँछ। पूर्व-लक्ष्यको दृढ समर्थक अगस्टिनले पनि यसो भने, "जसले हामीलाई आफूबिना सृष्टि गर्नुभयो, उहाँले हामीलाई आफूबिना बचाउनुहुनेछैन।"५२

# प्रबन्धकारी अनि अग्रगामी

भविष्यको अनुग्रह र अग्रगामी अनुग्रहको बीचमा भिन्नता छ। **पूर्वप्रबन्ध** भनेको कसरी परमेश्वरले मानिस लगायत आफ्ना सृष्टिको भरणपोषण र प्रबन्धको लागि प्रबन्ध गर्नुहुन्छ।५३ परमेश्वरले "प्रदान गर्नुहुन्छ" वा "देख्नुहुन्छ" (उत्पत्ति २२:८,१४) संसारलाई टिकाइराख्न र व्यक्तिगत व्यक्तिहरूको लागि प्रबन्ध गर्न के आवश्यक छ।

परमेश्वरको प्रबन्धले कसरी हरेक मानिसको जीवनलाई काट्छ भन्ने कुरा गहिरो रहस्यमय छ। कहिले र कहाँ र कुन परिवारमा जन्मन्छ भन्ने प्रश्न पूर्वप्रबन्धको प्रश्न हो। एक व्यक्ति सन् १७६५ मा भारतमा हिन्दु परिवारमा र अर्को व्यक्ति सन् २०२० मा मोजाम्बिकको इसाई परिवारमा किन जन्मियो भन्ने विषय हो। परमेश्वरको प्रबन्धले विभिन्न स्तरको आत्मिक जिम्मेवारी वहन गर्छ। जसलाई आफ्नो जीवनभरि सुसमाचार सुन्ने मौका दिइन्छ, उसले येशूको नाउँ कहिल्यै नसुनेको व्यक्तिभन्दा फरक तरिकाले न्याय पाउनेछ। विश्वासी र बुद्धिमान दासबारे येशूले बताउनुभएको दृष्टान्त भौतिक सम्पत्तिभन्दा पनि महत्त्वपूर्ण छ – यसमा परमेश्वरको अनुग्रहको प्रबन्ध समावेश छ। "प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ, र हरेक जसलाई धेरै सुम्पिएको छ, त्यसबाट अझ बढी लिइनेछ" (लूका १२:४८)। सबैलाई समान अवसर र एउटै भूमि दिइएको छैन। कसैलाई धेर दिइन्छ  भने कसैलाई कम दिइन्छ। "धेरै" उपहारसित प्रतिक्रियाको बढ्दो आवश्यकता आउँछ। यी पूर्वप्रबन्धका कुराहरू हुन्।

---

५२ जोन वेस्ली, द वर्क्स अफ द रेभ. जोन वेस्ली (कन्सास सिटी, एमओ: नाजरेन पब्लिशिङ हाउस, एनडी; र ग्रान्ड र्यापिड्स: जोन्डरवान पब्लिशिङ हाउस, 1958, समवर्ती संस्करण), VI, ५१३ मा उद्धृत गरिएको छ।

परमेश्वरले हामीलाई राख्नुभएको ठाउँ नै पूर्वप्रबन्ध हो भने, अग्रगामीले परमेश्वरले हामीलाई भेट गर्ने बहुआयामिक तरिकाहरूको वर्णन गर्दछ। सबैले उही अनुग्रह प्राप्त गर्छन् जुन मुक्तिभन्दा अघि जान्छ। तथापि, प्रतिक्रियाको लागि अवसरहरू फरक छन्। परमेश्वरले दृढ्तापूर्वक र धैर्यतापूर्वक आफूलाई सबैमा फैलाउनुहुन्छ। यस विश्वासले इसाई धर्मलाई संसारका अन्य धर्महरूभन्दा फरक पार्छ जसले मानिसहरू पहिले परमेश्वरतर्फ अघि बढेमा परमेश्वरले जवाफ दिनुहुनेछ भनेर सिकाउँछ। इसाई धर्मले यो व्यवस्था उल्टाउँछ: परमेश्वरले जहिले पनि पहिले काम गर्नुहुन्छ, जसले गर्दा प्रतिक्रिया सक्षम हुन्छ। परमेश्वरले अनुग्रह र शान्तिको असल कामको सुरुवात गर्नुहुन्छ। छुटकारा र नयाँ सृष्टि सधैँ परमेश्वरको पहलबाट सुरु हुन्छ। पिताले येशू ख्रीष्टलाई यस संसारमा पठाउनुभयो भन्ने विश्वासले भन्दा अरू कुनै कुराले यो प्रकट गर्दैन। परमेश्वरले जहिले पनि पहिले काम गर्नुहुन्छ। परमेश्वरको पवित्र आत्माले मानिसहरूलाई उद्धारको खाँचो महसुस गराउनुहुन्छ, तिनीहरूलाई पापको बारेमा विश्वस्त पार्नुहुन्छ, र विश्वासमा प्रतिक्रिया दिँदा ख्रीष्टको प्रायश्चित लागू गर्नुहुन्छ।

जोन वेस्लीको लागि, आत्मिक जागृति अधिक विवेकभन्दा बढी हो। "त्यहाँ कुनै मानिस छैन, जो परमेश्वरको अनुग्रहबाट पूर्णरूपमा बञ्चित छ र उसले आफ्नो आत्मालाई निभाएको छैन। कुनै पनि मानिस बाँच्न नसक्ने कुरामा पूर्णतया एकलो हुँदैन जसलाई प्राकृतिक विवेक भनिन्छ। हरेक मानिससँग त्यो ज्योतिको केही नाप हुन्छ, ...जसले संसारमा आउने हरेक मानिसलाई उज्यालो पार्छ। र हरेकले आफ्नो अन्तरात्माको ज्योतिविपरित काम गर्दा असहज महसुस गर्दछ। त्यसोभए कुनै कुनै मानिसले अनुग्रह नभएको कारण पाप गर्दैन, तर उसँग भएको अनुग्रहलाई उसले प्रयोग नगरेको कारणले गर्दछ।"५४ एक असहज विवेक, सही र गलतको बढ्दो सचेतना,  र आत्मिक चेतना जगाउनु  परमेश्वरले सबैलाई दिनुभएको अनुग्रहपूर्ण वरदान हो। यो विश्वासले वेस्लेयिन आत्मामा सुसमाचार प्रचारमा महत्त्वपूर्ण प्रभाव पार्छ।

५२  जोन वेस्ली, द वर्क्स अफ द रेभ. जोन वेस्ली (कन्सास सिटी, एमओ: नाजरेन पब्लिशिङ हाउस, एनडी; र ग्रान्ड र्यापिड्स: जोन्डरवान पब्लिशिङ हाउस, 1958, समवर्ती संस्करण), VI, ५१३ मा उद्धृत गरिएको छ।

"प्रोभिडेन्स" शब्द  दुई वटा ल्याटिन शब्दहरूबाट आएको हो: प्रो, जसको अर्थ "अगाडि" वा "को तर्फबाट"  हो। र, भिदेयर, जसको अर्थ "हेर्नु"" प्रोभिडेन्सलाई कहिलेकाहीं दुई वर्गमा छुट्याइन्छ: "सामान्य प्रोविडेन्स,"  -सारा ब्रह्माण्डको लागि परमेश्वरको हेरचाह; र "विशेष प्रोविडेन्स" - मानिसहरूको जीवनमा परमेश्वरको हस्तक्षेप।

# अग्रगामी अनुग्रह र सुसमाचार

ख्रीष्टको अनुयायी हुन गाह्रो हुने ठाउँमा बस्ने इसाई पास्टरहरूको एउटा समूहलाई मैले एकपटक भेटेको थिएँ। इसाई हुनु कानुनी कुरा हो, तर एक विश्वासबाट अर्को विश्वासमा जान नपाउने कडा राष्ट्रीय कानुनहरू बनिएका छन्। ख्रीष्टिय सुसमाचार प्रचारक झ्यालखानमा हाल्ने र मृत्यु दण्डसमेत दिएर कडा सजाय दिइन्छ। मैले पास्टरहरूलाई यस्तो शत्रुतापूर्ण र खतरनाक वातावरणमा कसरी सुसमाचार प्रचार हुन्छ भनेर सोधें। केही क्षणको मौनतापछि एकजना पास्टरले जवाफ दिए, "सपनाहरू"। मैले कुरा बुझिनँ र यसलाई स्पष्ट पार्न अनुरोध गरें। "दर्जनौंले होइन तर हाम्रा सयौं छिमेकीहरूले रातमा सपना देख्छन्। बौरि उठनुभएको ख्रीष्ट आफ्नो सुन्दरता र महिमामा तिनीहरूको सपनामा आउनु हुन्छ। जब तिनीहरू ब्युँझन्छन्, तब तिनीहरू प्रश्न सोध्न आउँछन्। जब तिनीहरूले भन्छन् कि "राती सपनामा हामीकहाँ आउने यस व्यक्तिको बारेमा हामीलाई बताउनुहोस्" तब तिनीहरूलाई उत्तर दिने जिम्मेवारी हाम्रो हो। हामी सुसमाचारप्रचार गर्दैनौं। हामी केवल तिनीहरूको अनुभवको बारेमा बताउन हाम्रो अनुभवबाट प्रमाण प्रदान गर्छौं। यसरी नै तिनीहरूमध्ये धेरैले ख्रीष्टमा आफ्नो जीवन समर्पण गरिरहेका छन्।"

जुन ठाउँहरूमा मण्डलीले बन्द ढोकाहरूको सामना गरिरहेका छन्, त्यही परमेश्वरको आत्मा हामीभन्दा अगाडि जादै हुनुहुन्छ। परमेश्वरको अग्रगामी अनुग्रहले कुनै सीमा वा अवरोधहरू जान्नुहुन्न। परमेश्वरप्रतिको प्रेम अत्यन्त कठिन, प्रतिरोधी र शत्रुतापूर्ण व्यक्तिहरूसम्म पनि निरन्तर पुग्दछ। तिनीहरूले कहिले विश्वासमा इमानदार भएर प्रतिक्रिया सायद दिदैनन्, तर तिनीहरू परमेश्वरको व्यापक उपस्थीतिबाट उम्कन सक्दैनन् जसले तिनीहरूलाई प्रेम गर्न र आफूतिर खिँच्न छोड्नुहुन्न। यो *द जिजस फिल्म* को दोहोरिएको कथा हो। यो चलचित्रले नाटकीय रूपमा ख्रीष्टको जीवन वर्णन गर्दछ। यो संसारभरिका हजारौं मानिसहरूको जीवनमा अनुग्रहको एक प्रभावकारी साधन भएको छ। यो दुर्गम इलाकाका मानिसहरूलाई यो देखाइएको छ, जहाँ येशूको नाउँ कहिल्यै लिइएको छैन। एउटा कथाले एउटा जनजातिको प्रमुखबारे बताउँछ, जो प्रदर्शनको क्रममा उठेर यसो भने, "रोक!" हामी यी मानिसलाई चिन्छौं! उहाँ धेरै वर्ष अघि हाम्रा पुर्खाहरूकहाँ देखा पर्नुभयो र मुक्तिको यो कथा प्रकट गर्नुभयो। उहाँले भन्नुभयो कि एक दिन कोही हामीलाई आफ्नो नाउँ बताउन आउनुहुनेछ। अनि अब हामी जान्दछौं कि उहाँको नाउँ येशू हो। यद्यपि यो अन्य समान कथाहरूको एउटा उदाहरण मात्र हो, यसले देखाउँछ कि सधैँ झैं परमेश्वरको आत्मा मण्डली धेरै अघि हुनुहुन्छ। पवित्र आत्माले सुसमाचार ग्रहण गर्न मानिसहरूको हृदय मलिलो पारिरहनुभएको

थियो। सुसमाचार प्रचार गर्न मण्डली आउनुभन्दा धेरै अघि नै अग्रगामी अनुग्रहले परमेश्वरको भविष्यसूचक योजनाअनुरूप प्रतिच्छेदन गरिएको थियो। फलस्वरूप, प्रायजसो सम्पूर्ण जनजातिले ख्रीष्टमा आफ्नो विश्वास राख्छ।

इसाई सुसमाचार प्रचार न त एकल कार्य हो न त एकान्त क्षण हो। यो पवित्र आत्माद्वारा प्रेरित सम्बन्धात्मक अन्तरक्रियामा हुन्छ, जो सधैँ कृपापूर्वक अघि जान्छ। कुनै पनि इसाईले जीवनको पछाडिको ऐनामा हेर्न सक्दैन र तिनीहरूलाई ख्रीष्ट येशूमा पश्चात्ताप र विश्वासमा जगाउनको लागि परमेश्वरले गर्नुभएको अद्भुत तरिकाहरू हेर्न असफल हुनसक्दैन।

मेरा बुवा किशोरावस्थामा पालनपोषण गर्ने नाजरेन अभिभावक माध्यमबाट इसाई बनेका थिए। म इसाई आमा-बुबा र हरेक बुधबार बिहान मेरो उद्धारको निम्ति विशेष प्रार्थना गर्न विश्वासयोग्यसित भेला हुने मानिसहरूको समूहको उदाहरणबाट इसाई भएँ। तपाईंको अनुग्रहको यात्रा तपाईंको लागि अद्वितीय छ। सबैका लागि एउटै कुरा के हो भने, परमेश्वर सधैँ अघि जानुहुन्छ।

मेरो मित्र स्टिफन एक नास्तिक थिए जो जर्मनीको एक विश्वविद्यालयमा रोबोट विज्ञान अध्ययन गरिरहेका थिए। उनका नास्तिक काकाले उनलाई द मिसन नामक चलचित्रको बारेमा बताए। "त्रुटिहीन अभिनय र सुन्दर परिदृश्य" को कारण उनले उनलाई चलचित्र हेर्न प्रोत्साहित गरे। यो चलचित्र अठारौं शताब्दीमा अर्जेन्टिनाको उत्तरपूर्वी जंगलमा आधारित छ। ख्रीष्टको लागि गुआरानी आदिवासी जनजातिहरूसम्म पुग्न स्पेनिस जेसुइट मिसन स्थापित गरिएको छ।

स्टेफनले चलचित्र भाडामा लिएका थिए। खासगरी तिनी रोड्रिगो मेन्डोजा नाउँ गरेका एक जना दास व्यापारी र भाडाका सिपाहीले भिरालो पहाडको झरना चढेको दृश्य देखेर प्रभावित भए। तिनका व्यापारका औजारहरू- हतियार र तरवारहरू तिनको पिँठ्युमा बेहेरिएको छ। तिनले आफ्ना धेरै पापहरूको लागि पछुतो गरिरहेका छन्। जब मेन्डोजा पहाडको चुचुरोमा पुगे, मेन्डोजा जनजातिका अपहरण गरेर दासत्वमा बेचिएका मेन्डोजाको घाँटी काट्न चक्कु समातेर उनीतिर उफ्रेर आउँछ। एकक्षण हिचकिचाएपछि जनजातिले मेन्डोजाको काँधबाट डोरी काटेर भारी झरनाको फेदमा पठाउँछन्। मेन्डोजालाई अचानक थाहा हुन्छ कि कुनै कुराले यस जवान योद्धालाई प्रतिशोधको प्यासबाट दया देखाउने इच्छामा परिवर्तन गरेको छ।

---

वेस्ली, *वर्क्स*, VI, ५१२ ।

थकित र माटै-माटोले पुरिएको मेन्डोजा भुँइमा खस्छ। अफसोसको आँसुको कारणले होइन तर आन्तरिक शान्तिको जन्म भएको कारण तिनी अनियन्त्रित प्रकारले रून थाल्छन्। तिनलाई गाउँमा आश्रय दिइन्छ र उनीहरूको समुदायमा स्वागत गरिन्छ। अन्तत: मेन्डोजाले जेसुइट पाद्रीको संकल्प लिन्छन्।

पछिबाट, मेन्डोजालाई एउटा पुस्तक दिइयो जसबाट उनले प्रेमको अर्थको बारेमा एक अंश पढेका छन्। स्टेफनलाई शब्दहरूको स्रोत थाहा थिएन, तर उनले भने कि ती शब्दहरू उनले सुनेका सबैभन्दा काव्यात्मक र सुन्दर शब्दहरू थिए। ती शब्दहरूले उनलाई आकर्षित गर्‍यो कि उनले ती दृश्यहरू बारम्बार र ध्यानपूर्वक हेरे। तिनले ती शब्दहरू याद राख्नलाई लेखेर राखे। त्यसपछि उनी कविताको स्रोतबारे अनुसन्धान गर्न पुस्तकालय गए। तिनी छक्क परे, यी शब्दहरू बाइबलबाट आएका थिए। तिनले १ कोरिन्थी १३ "प्रेमको अध्याय" बारम्बार पढे।

त्यसको केही समयपछि, स्टेफनले कलेजका एकजना सँगी विद्यार्थीप्रति रोमान्टिक रूपमा चासो देखाए। एक रात तिनले स्टेफनलाई "क्लब" मा निमन्त्रणा दिइन्। यो बाइबल अध्ययन साबित भयो। स्टेफनले प्रभुको प्रार्थना सिके। एक वैज्ञानिकको रूपमा, उनी तार्किक परिणामहरू निर्धारण गर्न प्रयोगमा विश्वास गर्थे। स्टेफनले सुत्नुअघि हरेक पटक प्रभुको प्रार्थना गर्दा शान्तिपूर्वक आराम गरेको थाहा पाए। चाँडै नै तिनी हरेक रात सुत्नुअघि प्रार्थना गर्न थाले। उनको पछि लाग्ने प्रेम र अनुग्रहले जगाएको थियो।

मिसनेरी परमेश्वरले एक जना युवा नास्तिकको प्रार्थनाको जवाफ दिन थाल्नुभयो। तिनले "निष्कपट अभिनय र सुन्दर दृश्यहरू" भएको चलचित्रमार्फत परमेश्वरको प्रेमको महिमा पत्ता लगाए। स्टेफनले पहिले जाने अनुग्रहको प्रतिक्रिया दिए। तिनले ख्रीष्टमा आफ्नो विश्वास स्वीकारे र परमेश्वरले उहाँमा के काम गरिरहनुभएको छ भनेर संसारमा काम गर्न थाले। स्टेफनले पहिले जाने अनुग्रहको जवाफ दिए। तिनले ख्रीष्टमा आफ्नो विश्वास स्वीकारे र परमेश्वरले उहाँमा के काम गरिरहनुभएको छ भनेर संसारमा काम गर्न थाले। स्टेफन अहिले नाजरेनहरूको मण्डलीमा मिसनेरी छन्। परमेश्वरको अग्रगामी अनुग्रहले पश्चात्ताप र रूपान्तरणतर्फ डोर्‍याउँछ।

अग्रगामी अनुग्रहको शक्तिमा विश्वासले अहिलेसम्म इसाई बन्न नसकेको व्यक्तिबारे निराश हुन असम्भव बनाउँछ। हामीले कहिल्यै पनि कसैको लागि आशा छोड्नु हुँदैन किनभने परमेश्वरले त्यसो गर्नुहुन्न। सुसमाचार प्रचारकहरूको भरोसा न त आफैमा छ न त सुसमाचार सुन्नेहरूको क्षमतामा

छ। बरु, परमेश्वरको प्रेम सबैका लागि हो भन्ने कुरामा हाम्रो पूर्ण विश्वास छ। यो असाधारण छ (एफिसी १:७), अनवरत र अपरिवर्तनीय छ। परमेश्वरले सुरु गर्नुभएको कुरा पूरा गर्न यो पर्याप्त छ। ईश्वरीय नियुक्तिहरू पर्खिरहेको छन्।

एक जना मानिससम्म पुग्न परमेश्वर कत्तिको टाडा जानुहुनेछ? परमेश्वरको खोजी गर्ने अनुग्रहको बारेमा लेखिएको कोरी एस्बेरीको गीत "अचेत प्रेम"को बोलको सराहना गर्न म आएको छु। "मैले एक शब्द बोल्नुअघि" र "मैले श्वास फेर्नुअघि" भन्ने गीतले गायकको जीवनमा परमेश्वरको अनुग्रहको बारेमा बताएको छ। यसले "परमेश्वरको अपरिहार्य, कहिल्यै निसिद्धिने, अचेत प्रेम"लाई यसरी वर्णन गर्दछ कि " मलाई पछ्याउनुहोस्, मलाई नभेटेसम्म लड्नुहोस्, उनान्सयलाई छोड्नुहोस्"। जसको कोरस यस्तो छ:

*तपाईंले उज्यालो पार्न नसक्ने कुनै अन्धकार नै छैन*

*तपाई उक्लन नसक्ने कुनै पहाड् नै छैन*

*मेरो पछि-पछि आउनुहुँदैछ*

*तपाईंले नाँघ्न नसक्ने पर्खाल नै त्यहाँ छैन*

*झुटले तपाईंलाई नष्ट पार्नसक्दैन*

*मेरो पछि-पछि आउनुहुँदैछ।*५५

अपरिहार्य। कहिल्यै नसिद्धिने। परमेश्वरले एकजना व्यक्तिसम्म पुग्न यतिसम्म गर्नुहुनेछ।

५५ यस गीतमा "लापरवाह" शब्द प्रयोग भएकोमा कतिले चिन्ता व्यक्त गरेका छन्। यदि यसको अर्थ लापरवाह हो भने, यो समस्याग्रस्त छ। यदि यसको अर्थ बोल्ड, आश्चर्यजनक र असाधारण हो भने, यो परमेश्वरको प्रेमको वर्णन गर्न नजिक हुँदैछ।

# सत्य

बचाउने अनुग्रहद्वारा, येशूले हामीलाई हाम्रा सबै पापबाट बचाउनुहुनेछ अनि हामीलाई सत्यतातर्फ डोर्‍याउनुहुनछ जसले हामीलाई स्वतन्त्र बनाउँछ।

# 3

# अनुग्रह जसले हामीलाई बचाउँदछ

**किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको वरदान**
**ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।**
**- रोमी ६:२३**

एक खेल रिपोर्टरले एक पटक प्रसिद्ध च्याम्पियनशीप गोल्फर ज्याक निकलसलाई अम्याचर गोल्फरको लागि सबैभन्दा सामान्य समस्यालाई पहिचान गर्न प्रश्न गरे। उनले अभ्यासको कमी वा लगातार राम्रो तरिकाले पुट गर्न असमर्थताको बारेमा केही कुरा भन्नेछन् भन्ने आशा गरिरहेको बेला म आश्चर्यचकित भएँ जब निकोलसले भने, "अति आत्मविश्वास"। तिनीहरूले आफूलाई जस्तो छ त्यो भन्दा उत्तम सोच्छन् अथवा तिनीहरूले आफुले गर्न सक्नेभन्दा धेरै राम्रो गर्न सक्छन्। मलाई लाग्छ कि म यी दुई रूखहरूको माझमा गोली हान्न सक्छु। म यो पानीमाथि यो गोलीलाई हान्नसक्छु। त्यो अति आत्मबल हो ।

मानिसहरूले यो सबै समय गर्छन्। तिनीहरूले आफ्नो क्षमतालाई बढाइचढाइ प्रस्तुत गर्छन् र आफ्नो सिमिततालाई कम आँक्छन्। तैपनि, ज्यादा आँक्ने समस्या आत्मिक क्षेत्रमा भन्दा अरू ठाउँमा धेर हुँदैन। हामीले हाम्रो आत्मिकी क्षमतालाई धेर मान्यता दिन्छौं अनि हाम्रो आत्मिकी कमजोरीलाई कम महत्व दिन्छौं।

# नैतिकतावाद

आफ्नो आत्मिकी बढाइचढाइको अभिप्रायलाई नै नैतिकवाद भनिन्छ। नैतिकतावाद भनेको सबै कुरा आत्मिकरूपमा राम्रो छ भन्ने स्व-धार्मिक विश्वास हो किनभने यसले एउटा व्यक्तिलाई सभ्य नैतिक जीवन व्यतित गर्न अगुवाइ गर्छ र यसले तिनीहरूको व्यवहारमा सुधार गरेको छ। अर्को शब्दमा भन्नुपर्दा, नैतिकवादी त्यो व्यक्ति हो जसले आफूले गरेको असल कामले मुक्ति पाएको हो भनी विश्वास गर्छ र सधैँ गलत गर्नदेखि जोखिन्छ।

नैतिकतावादीहरू सबैले यस्तै कुराहरू भन्छन्: "म मदर टेरेसा होइन, तर म त्यति खराब पनि छैन। म इमानदार जीवन यापन गर्छु। म आफ्नो ऋण तिर्छु। म मेरो जीवनसाथीलाई धोका दिन्नँ। म जिम्मेवारीपूर्वक मतदान गर्छु। म परोपकारको लागि अलकित भए पनि पैसा दिन्छु। म आत्मिक कट्टर पनि होइन, तर म खराब पनि छुइनँ। अर्को शब्दमा भन्नुपर्दा, नैतिकतावादीहरूको सोचाइ यसप्रकारको हुन्छ जसले तिनीहरूलाई न्यायको दिनमा परमेश्वरले विशेषगरी नराम्रोभन्दा धेर राम्रो गर्नुहुनेछ भनेर बताउँछन्, विशेषगरी "अन्य" मानिसहरू (सिरियल किलरहरू, बलात्कारीहरू, लागु-पदार्थ व्यापारीहरू, आदि)को तुलनामा, जो धेरै खराब छन्। आज हाम्रो संसारमा नैतिकतावाद व्यप्त छ।

२००४मा, ग्यालअप संगठनले अमेरिकीहरले स्वर्गको बारे के विश्वास गर्छन् भनेर पत्तो लगाउन एउटा सर्वेक्षण गरेको थियो। वास्तवमा मेरो ध्यान खिँच्ने कुरा भनेको आफू स्वर्ग जाँदैछु भनेर विश्वास गर्ने मानिसहरूको संख्या हो: स्वर्गमा विश्वास गर्नेहरूमध्ये ७७ प्रतिसतले त्यहाँ पुग्ने सम्भावनालाई "राम्रो" वा "उत्कृष्ट" भनी दर्जा दिए। तथापि, सर्वेक्षणमा भाग लिएकाहरूका अनुसार उनीहरूका १० जना साथीहरूमध्ये ६ जना मात्र स्वर्ग जाँदैछन्। विशेषगरी नैतिकतावादी दृष्टिकोणसित सम्बन्धित मेरो लागि सबैभन्दा चासोको विषय के हो भने सर्वेक्षणमा भाग लिएका थुप्रै मानिसहरूले "एउटा स्वर्ग छ जहाँ असल जीवन बिताएका मानिसहरूले अनन्त इनाम पाउँछन्" भन्ने विश्वासलाई पुष्टि गरे।५६ आफ्नो "असल जीवन" र "नैतिक आचरण" का कारण मर्ने बित्तिकै स्वर्ग जाँदैछु भनी अधिकांश मानिसहरू विश्वास गर्छन् भनेर म "असल जीवनको नेतृत्व गरे" लाई जोड दिन्छु।

सन् १९९७मा वेल्सकी राजकुमारी डायनाको निधन भएको थियो। यो संसारभरका धेरैका लागि दु:खद क्षति थियो। उनको अन्तर्राष्ट्रिय लोकप्रियताको कारण मिडियाको ध्यान र सार्वजनिक शोक व्यापक थियो। डायना अहिले स्वर्गमा छिन्, तिनीहरूलाई खोज्ने स्वर्गदूत हुन् र स्वर्ग उनका लागि यो संसारभन्दा राम्रो ठाउँ हो भनेर थाहा पाउनु कति शान्त्वनादायी थियो भनेर मानिसहरूले भनेको मलाई याद छ। म डायना स्वर्गमा छैन भनेर सुझाव दिइरहेको छैन, तर म यति धेरै मानिसहरूले उनी त्यहाँ छन् भन्नुको पछाडिको तर्कको बारेमा आश्चर्यचकित छु। म के देख्न सक्छु भने तिनी दयालु, टिठालु व्यक्ति थिइन् जसले आफ्नो प्रभावलाई भलाइको लागि प्रयोग गर्थिन्। उनले गरीबहरूसँग काम गर्थिन्, एड्स रोगीहरूको लागि वकालत गर्थिन्, र उनको सक्रियताको बालबालिका र युवाहरूको लागि जागरूकता बढाउन मद्दत पुर्‍यायो। यी सबै अचम्मका कुराहरू हुन् जसको लागि चिनिनुपर्छ, तर के ती सबले हामीलाई बचाउँदछ? के असल हुनु वा असल काम गर्नुले मुक्ति, स्वर्ग र अनन्त इनाम पाउन सकिन्छ?

हामी यी प्रश्नहरूको सापेक्षमा विविध विचारहरूको युगमा बाँचिरहेका छौं। धेरै मानिसहरूले परमेश्वरलाई आफूले अपेक्षा गरेभन्दा राम्रो न्याय गर्न सक्नुहुन्छ र यो अलिक लामो समय भएर जान्छ भनी कायम राख्छन्। यदि हामी "खराब" भन्दा "असल" कुराहरू एकत्र पार्न सक्छौं भने, कुनै न कुनै तरिकाले परिस्थीति हाम्रो पक्षमा हुनेछ, र हाम्रो अति असल जिवाइ र इमानदार प्रयासहरूले भिन्नताको क्षतिपूर्तिभन्दा बढी हुनेछ। त्यो नैतिकता हो।

यो विषयमा परमेश्वरको वचन स्पष्ट छ, तैपनि: हामी हाम्रो प्रयासहरूले बचाइएका होइनौ; हामी हाम्रो भलाइ वा उत्तम कामले पनि बचाइएका होइनौं; हामी हाम्रो अभिप्रायद्वारा पनि बचाइएका होइनौं । हामी अनुग्रहद्वारा बचाइएका छौं, अनि अनुग्रह बाहिरबाट आउँछ। येशू ख्रीष्टको व्यक्तित्वमा परमेश्वरबाट बचाउने अनुग्रह आउँदछ।

५६अल्बर्ट एल. वीन्समेन, " इटरनल डेस्टीनेसन्स: अमेरिकन्स बिलिभ इन हेवेन, हेल," मई २५,२००४ https://news.gallup.com/poll/11770/eternal--destinations--americans--believe--heaven--hell.aspx.

# प्रायश्चित

क्रूस सम्भवत: आज संसारमा सबैभन्दा व्यापकरूपमा चिनिएको र मान्यता प्राप्त प्रतीक हो। जब हामी क्रूसलाई हेर्छौं, हामीलाई क्रूसमा टाँगिनुभएको येशूको जीवन र मृत्युको स्मरण हुन्छ। क्रूसमा टाँगेर मार्नु मानवजातिले सुरु गरेको मृत्युदण्डको सबैभन्दा भयानक र यातनादायी रूप थियो। त्यसैकारण, प्रथम शताब्दीका एक जना मानिसलाई आधुनिक मानिसहरूले आफ्नो गलाको हारमा क्रूस झुण्ड्याएको देख्दा अनौठो लाग्नसक्छ। आज हामीले गलाको हारमा बिजुलीले चल्ने कुर्सीको चिन्ह लगाएको व्यक्ति देख्यौं भने, हामीलाई अनौठो लाग्नसक्छ किनकि यसले अपराधिक दण्ड र मृत्युको प्रतिनिधित्व गर्दछ। प्रथम शताब्दीमा मानिसहरूको लागि क्रूस यही थियो। यो अपमानजनक र मननपर्दो थियो। यो कठोर अपराधीहरू र विद्रोहीहरूको नियति थियो। क्रूसमा टाँगिनु यति भयानक थियो कि यसको व्याख्या गर्न एउटा शब्द सृजना गरिएको थियो। अंग्रेजी शब्द "एक्सक्रुसियटिङ" (कष्टदायी)को शाब्दिक अर्थ "क्रूसबाट" हो।

क्रूसमा टाँगिएर मर्नु एउटा सुस्त, पीडादायी, सार्वजनिक तरिका थियो। त्यहाँ कुनै अस्पष्टता थिएन। क्रूसमा टाँगिएकाहरूलाई अक्सर गिल्ला गरिन्थ्यो र जिस्काइन्थ्यो। क्रूसमा झुण्ड्याइएकाहरूले बिस्तारै गहिरो, कठिनसाथ सास लिँदा र सासको लागि छटपटिँदा त्यो दृश्य हेरिरहेका भीडले ढुङ्गाले हान्थे अनि हासो उडाउँथे। अन्तमा तिनीहरूको मृत्यु सास फेर्न नसकेकोले हुन्छ, किनकि जसै तिनीहरूलाई झुण्याउँदा, तिनीहरूको फोक्सोले निरन्तर काम गर्न गाह्रो हुन्छ। कहिलेकाहीँ कुनै कुनैको लागि मर्न धेरै दिन लाग्न सक्छ, अनि क्रूसमा टाँगिएर मारिएकाहरूलाई मानवीय तरिकाले दफन गर्न दिइँदैन थियो। बरु, तिनीहरूलाई प्रायजसो चराहरूले खानको निम्ति त्यतिकै छोडिदिइन्थ्यो। रोमी साम्राज्यलाई अवहेलना गर्ने जो कोहीको लागि उदाहरणको रूपमा सेवा गर्न मृतकहरूको लागि दिइएको पर्याप्त समय बितिसकेपछि, लासको बाँको रहेको अंशहरू हटाएर सहरको फोहोरसँगै फ्याँकिन्थ्यो।

आऊ हामी येशूलाई अपराधीको क्रूसमा टाँगिएको कुरा नबिर्सौं, जसले मलाई अहिले पनि असाध्यै अनौठो लाग्ने कुराहरू भन्न उत्प्रेरित गर्छ: इसाईहरूले यसलाई सुसमाचारको रूपमा घोषणा गर्छन्। वास्तवमा, हामी भन्दैछौं कि यो हामीले सुनेको सबैभन्दा राम्रो समाचार हो। यस सुसमाचारलाई व्यक्त गर्न बाइबलके रोजेको शब्द "सुसमाचार" हो। क्रूस हाम्रो सुसमाचार- असल समाचार हो।

नयाँ करारको सुसमाचारको सबैभन्दा छोटो सारांश प्रेरित पावलले यसरी घोषणा गरेका छन्: :किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ,....मर्नुभयो"

(१ को. १५:३)। सबै आफैमा, यो सुसमाचार होइन, तर त्यसपछि पावलले ख्रीष्टको मृत्युलाई एक गहन महत्त्वपूर्ण कारकको माध्यमबाट धर्मशास्त्रीय अर्थ दिन्छन्, "किनभने", हामीलाई इतिहासको एक दुखद तथ्यबाट अनुग्रहको यात्राको लागि यसको उल्लेखनीय सान्दर्भिकतामा लैजानको लागि: "कि ख्रीष्ट धर्मशास्त्रअनुसार हाम्रा पापहरू*का निम्ति* मर्नुभयो" जब "को निम्ति" थपिन्छ यो सुसमाचार बन्छ – हामीले कहिल्यै सुनेको सबैभन्दा राम्रो समाचार।

ईश्वरशास्त्रअनुसार, धर्मशास्त्रले भन्छ "हाम्रा पापहरूका निम्ति मर्नु" चाहिँ प्रायश्चित हो। प्रायश्चित येशू ख्रीष्टको क्रूसद्वारा गरिएको थियो। प्रायश्चितको सिद्धान्त पुरानो करारबाट सुरु हुन्छ। प्रायश्चितको दिन, जसलाई योम किप्पुर पनि भनिन्छ,५७ जोचाहिँ प्राचीन यहूदी धर्ममा सबैभन्दा पवित्र दिन थियो। यसलाई पश्चात्ताप र क्षमादानको दिनको रुपमा तोकिएको थियो।

यसलाई आफ्नो दिमागमा सोच्नुहोस्। कल्पना गर्नुहोस् हजारौं आराधकहरू आफ्ना पापहरूको प्रायश्चित गरेर वर्षको सुरुवात गर्न र परमेश्वरको कृपा स्मरण गर्न एकसाथ भेला भएका छन्। त्यसदिन प्रधान पूजाहारीले सबै मानिसहरूको प्रतिनिधित्व गर्दै दुइवटा बोकाहरू ल्याए। प्रायश्चित गर्नलाई पापबलिको रूपमा एउटा बोकालाई बलि चढाउन मारियो। रगत बग्यो र त्यो पशु मर्‍यो।

पहिलो बोका व्यवस्थाअनुसार मारियो। तथापि, दोस्रो बोकालाई जीवित राखियो र बलिको बाख्रा भनियो। प्रधान पूजाहारीले बलिको बोकाको शिरमा आफ्ना हात राखे अनि इस्राएलीहरूको सबै दुष्टता र पापहरू स्वीकार गरे। प्रतिकात्मक रूपमा, ती सबै पापहरू स्थानन्तरण गरियो र बोकाको टाउँको राखियो। त्यसपछि यसलाई उजाडस्थानमा लगियो जहाँ मानिसहरूका पापहरू टाडा र दृष्टिबाट टाढा लैजान सकिन्थ्यो।५८

यो अनष्ठान वर्षैपिच्छे, दशकैपिच्छे चलिरह्यो (हिब्रू १०:१-४ हेर्नुहोस्)। रगत बग्यो। मानिसहरूका पापहरूको सामना गर्न प्रायश्चितको अन्तहीन चक्रमा हजारौं पशुहरूजो बलि चढाइयो। येशू बाँच्नुभएको र सेवा गर्नुभएको पृष्ठभूमिको सन्दर्भ यही हो। येशूको क्रूसमा भएको मृत्युले कसरी सबै पापको प्रायश्चित गर्‍यो र बचाउने अनुग्रहलाई सम्भाव्यता बनायो, सो हेर्नभन्दा अघि आउनुहोस् हामी यी दुई मौलिक प्रश्नहरूबारे हेरौं: पाप के हो? हामीलाई पापको निम्ति प्रायश्चितको खाँचो किन छ?

---

योम = "दिन" किपुर = "प्रायश्चित गर्नु; सफा गर्नु।"

परम्पराले हामीलाई बलिको बोका छोड्ने काममा नियुक्त गरिएको एकजना गैरजाति थियो जसको इस्राएलका मानिसहरूसँग कुनै सम्बन्ध थिएन भनी बताउँछ।

# पाप के हो?

प्रथम, पाप भनेको विद्रोह हो। सायद पापको सबैभन्दा सजिलो परिभाषा जोन वेस्लीबाट आएको छ: "परमेश्वरको ज्ञात व्यवस्थाको स्वेच्छिक अपराध"५९। पाप एउटा यस्तो कुरा हो जुन थाहा पाएर वा जानीजानी हुन्छ – जुन कुरा गलत हो भनी हामी जान्दछौं, तर पनि हामी गर्छौं किनकि हामी जे पनि गर्नसक्छौं। यो जानीजानी गरेको अनाज्ञाकारिता हो।

जब १ यूहन्ना ३:४ले हामीलाई भन्छ कि, "पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ। पाप नै व्यवस्था भङ्ग हो", यसले केवल कानुनी अर्थलाई मात्र संकेत गर्दैन, जस्तै "तपाईंले व्यवस्था तोड्नुभयो"। यो कानुन वा व्यवस्था तोड्नुको पछाडि भएको मनोवृत्तिसँग सम्बन्धित छ। एउटा उपमाले हामीलाई बुझ्न सहायता गर्नेछ। यदि कुनै व्यक्तिले गाडी गुडाइरहेको छ भने, गाडीको गतिको सीमा कतिसम्म हो त्यो थाहा नगरी उसले गाडी तीव्र रफ्तारमा कुदाएको हुनसक्छ। तपाईले पक्कै पनि कानुन तोड्दै हुनुहुन्छ, तर तपाईं अराजकतापूर्वक काम गरिरहनुभएको छैन। यो त्यो व्यक्तिभन्दा धेरै फरक छ जसले भन्छ, "यो अचाहिँदो मुर्ख गाडी रफ्तार नियमहरू याद नगर्नुहोस्। तिनीहरूले मलाई नियन्त्रयण गर्न कोसिस मात्र गरेका छन्। म जे गर्न चाहन्छु त्यही गर्नेछु किनभने मेरो जीवन मेरै अधीनमा छ।" व्यवस्था भङ्ग गर्नुको भनेको व्यवस्था तोड्ने विद्रोही स्वभाव हो- एउटा विद्रोही आत्मा।

जब मेरी कान्छी छोरी सानै थिई, तब उसले आमा बुबा नभएको बेला आफ्नी जेठी दिदी र दाजुलाई उत्तर दिन मन गर्दैन थिई। जब मेरी पत्नी र मैले तिनीहरूलाई सँगै छोडेर गयौं, हाम्रो कान्छी छोरीले आफ्नो सानो आवाजमा आफ्नो दाजु-दिदीहरूलाई भनी, "तपाईंहरू मेरो मालिक होइन नी!" यो कुरा सानो बच्चाको निर्दोषताको साथ भनिएको भए तापनि यो हृदयमा भएको स्व-सार्वभौमिकताको पापको प्रवृति हो। विद्रोहको रूपमा पापले सर्वशक्तिमान परमेश्वरको सामुन्ने हाम्रा सा-साना मुट्ठीहरू हल्लाइरहेको छ र चिच्याइरहेको छ: "तपाईंहरू मेरो मालिक हुनुहुन्न! म यो मेरो तरिकाले गर्नेछु किनभने म यो गर्न सक्छु। मेरो जीवनको अधिकारी मबाहेक अरू कोही पनि हुनेछैन, परमेश्वर पनि होइन।"

---

वेस्ले, द वर्क्स अफ जोन वेस्ले, भल्युम १२ (Kansas City, MO: Beacon Hill Press of Kansas City, 1978), याकुब ४:१७ लाई हेर्नुहोस्।

यसले सृष्टिकर्तासित सृष्टिको रूपमा हाम्रो भूमिका स्वीकार गर्न इन्कार गरिरहेको छ। यो हामी आफै मालिक हुने स्वतन्त्रताको घोषणा हो। स्व-सार्वभौमिकताको यो मनोवृत्ति धर्मशास्त्रका लेखकहरूको लागि आश्चर्यजनक छैन। "हामी सबै भेडाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ" (यशैया ५३:६)। पाप विद्रोह हो।

दोस्रो, पाप भनेको दासत्व हो। यो स्व-सार्वभौमिकताभन्दा बढी हो र हाम्रो आफ्नै काम गर्न र हाम्रो आफ्नै बाटोमा हिँड्न छनौट गर्दछ। हामार्टिया एक ग्रीक शब्द हो जसलाई पापको रूपमा अनुवाद गरिएको छ जुन क्रिया हामार्तानोबाट आएको छ, जसको अर्थ "निशाना चुक्नु" अथवा "लक्ष्यमा हिर्काउनु अनि यसमा प्रहार गर्नु असफल हुनु" हो।६० यद्यपि यसलाई एरिस्टोटलद्वारा प्रयोग गरिएको थियो, विशेषगरी प्राचीन युनानी रंगमञ्चको मुख्य पात्रको दु:खद त्रुटिलाई देखाउँदै (जस्तै खराब न्याय, अज्ञानता, चेतनाको कमी आदि) र दुखान्त घटना भनी चिनिन्छ, प्रारम्भिक चर्च लेखकहरू र चिन्तकहरूले पापको यस पक्षको वर्णन गर्न यस शब्दलाई उठाए। त्यसैले बाइबलीय रूपमा, हामार्टिया को अर्थ पापमा जिउनु हुन्छ: "मलाई थाहा छ कि यो गर्नु हुँदैन, तर मैले यो जसरी पनि गरें" (रोमी ६:१-२ हेर्नुहोस्); वा यसको अर्थ भूलको कार्य हुनसक्छ: "मलाई थाहा छ म जो गर्न चाहन्छु, त्यो म गर्दिनँ" (रोमी ७:१९; याकुब ४:१७)। यी दुवै प्रकारका पापहरूले निशानामा चुकाउँदछ।

यहाँ यो कसरी व्यापारको संसारमा खेल्न सक्छ। एकातर्फ, म परमेश्वरले मेरो व्यापारमा परमेश्वरले आशिष् दिनुभएको होस् भन्ने चाहन्छु, तर म यो पनि ग्यारेन्टी दिन चाहन्छु कि मेरो व्यापार सफल हुनेछ। यसर्थ, म गुप्तरूपमा केही सुरु गर्न र अगाडि बड्न कोसिस गर्छु, यद्यपि, मलाई थाहा छ कि ती सबै नैतिक र वैधिक छैन। मेरा आशाहरू मेरा कार्यहरूसित बाझिएका छन् र तिनीहरू एका-अर्कासित मेल खाँदैनन्। म परमेश्वरको नैतिक इच्छाभन्दा बाहिर छु भनेर थाहा भएको हुनाले परमेश्वरलाई मेरो काममा आशिष् दिन हुन अनुरोध गर्नसक्दिनँ। त्यो काम गरेर हुने पाप हो। यसले मलाई एउटा ऋतुको लागि अगाडि ल्याउनसक्छ, तर यसले परमेश्वरको अनुग्रह वा कृपा पाउनेछैन।

---

६०विलियम बार्कले, द गोस्पल अफ मेथ्यु, भल्युम.१ (लुइसभील, केवाई: वेस्टमिनिस्टर जोन नक्स प्रेस, १९५६), २५३। अझ एच.जी. लिड्डलको ए लेक्सिकन: अ ब्रीज्ड फ्रम लिड्डेल एण्ड स्कट्स् ग्रीक—ईंग्लिस लेक्सिक (Oak Harbor, WA: Logos Research Systems, Inc., 1996), 4.

एउटै सिक्काको उल्टो पक्ष यो हो कि परमेश्वरले मेरो कामलाई समृद्ध पारेको म चाहन्छु, तर मेरो मुनाफा बढाउन र मेरा कर्मचारीहरूबाट उचित लाभ र अवसरहरू रोक्ने निर्णय लिन्छु। यो चाहिँ काम गर्नबाट चुक भएको पाप हो। तथापि, पाप भनेको मैले जे गर्नु हुँदैन भनेर जानेर पनि त्यो गर्नु हो, अथवा जे गर्नु पर्छ त्यो जानेर पनि नगर्नु हो, परमेश्वरको दृष्टिमा दुइटै पाप एउटै हो।

*हामार्सिया* को अर्थ पनि धेरै हुनसक्छ। हामीले गर्ने कामभन्दा पनि पाप हाम्रो स्वभाव हो – यस्तो अवस्था जसमा हामी आफैलाई भेट्टाउँछौं।६१ हामी पापमा फसेका छौं।

के हामी स्वभावले नै विद्रोही हौं, तर हामी जेसुकै गर्न स्वतन्त्र छैनौं। न केवल हामी निशाना चुक्छौं, तर यदि हामीले कोसिस गरे तापनि हामी त्यो निशानामा प्रहार गर्न सकेनौं। पतन भएका मानिसहरूको रूपमा, हामी आफ्नो इच्छाअनुसार गर्न स्वतन्त्र छैनौं। हामी पापको बन्दी भएका छौं।

हामी अक्सर सोच्दछौं कि हाम्रो विद्रोहको अर्थ यो हो कि हामी बाहेक अरू कसैले हाम्रो जीवनमा अधिकार लिनेछैन, तर हामीले गलत बुझेको कुरा के हो भने हामीले त्यो छनौट गर्न पाउँदैनौं। हामी कसैको वा केही सेवा गर्नेछौं। या त हामी आफ्नो सम्पूर्ण हृदयले परमेश्वरको सेवा गर्नेछौं, वा हामी आफ्नो अभिलाषा र पापी व्यवहारको दास हुनेछौं। एक वा अर्को हाम्रो मालिक हुनेछ।

आउनुहोस्, हामी इमानदार बनौं: पाप मनोरञ्जक हुनसक्छ। यदि यो मनोरञ्जक थिएन भने, यो मोहक हुने थिएन। यदि यो आनन्दायी थिएन भने, यो आकर्षक हुने थिएन। सायद हामीले मानिसहरूलाई पापलाई कत्तिको घृणा गर्छन् र यो वास्तवमा कत्तिको बोरिङ छ भनेर बताउन छोड्नुपर्छ। यो चित्तबुझ्दो तर्क होइन। पाप केही समयको लागि मनोरञ्जक हुनसक्छ। तैपनि, अन्तमा पापले सधैँ डोर्‍याउने बाटो विनाशकारी हुन्छ। हामीले पाएको चोट नै पापको परिणाम (ज्याला) हो। पाप एउटा दुष्चक्र हो।

---

६१ वेस्लेयन--पवित्रता मानिसहरूले बुझ्दछन् कि पापमा कार्य गर्नु भन्दा बढी समावेश छ। सुसन्ना वेस्ली आफ्नो छोरा जोननलाई जुन ८, १७२५ मा लेखिएको पत्रमा लेखिएको कुराका लागि प्रख्यात छिन्: "यो नियम लेऊ: जुनसुकै कुराले तपाईंको कारणलाई कमजोर बनाउँछ, तपाईंको अन्तस्करणको कोमलतालाई कमजोर बनाउँछ, तपाईंको परमेश्वरको भावनालाई अस्पष्ट बनाउँछ, वा तपाईंको आत्मिकताको स्वाद हटाउँछ। छोटकरीमा भन्नुपर्दा, जुन कुराले तपाईंको दिमागमा तपाईंको शरीरको शक्ति र अधिकार बढाउँछ, त्यो पाप हो, चाहे त्यो आफैमा निर्दोष किन नहोस्।"

पार्टी गर्दा रमाइलो हुनसक्छ। तर यसले जहाँ पुर्‍याउँछ त्यो रमाइलो हुँदैन। रक्सी पिउनु रमाइलो कुरा होइन। मात लागेर बस्नु रमाइलो होइन। मद्यपान गर्नु रमाइलो हुँदैन। व्यवसनहरू पनि रमाइलो होइनन्। रक्सीहरण गर्ने केन्द्रहरू रमाइला छैनन्। ट्राफिक दुर्घटनाहरू पनि रमाइलो होइनन्। पति-पत्नीको माझ हुने दुर्व्यवहार पनि रमाइला हुदैनन्। निष्क्रिय परिवारहरू रमाइला हुँदैनन्। पाप एउटा दुष्चक्र हो जसले पीडादायी विनाशतर्फ डोर्‍याउँछ।

विवाहबाहिर यौन सम्बन्ध राख्दा रमाइलो हुनसक्छ। तर यसले जहाँ डोर्‍याउँछ त्यो हुँदैन। दोषी विवेक रमाइलो हुँदैन। यौनजन्य रोगहरू रमाइलो हुँदैनन्। डिभोर्स रमाइलो होइन। कसैको हृदय तोड्नु रमाइलो होइन। आफ्ना छोराछोरीहरूको आँखामा हेरेर तिनीहरूलाई आमा वा बुबाले किन छोड्दैछन् सो भन्नु रमाइलो हुँदैन। पाप एउटा दुष्चक्र हो जसले पीडादायी विनाशतर्फ डोर्‍याउँछ।

येशूले उडाउ पुत्रको बारेमा भन्नुभएको उल्लेखनीय कथा पापको चक्रको प्रमुख उदाहरण हो (लूका १५:११-२४ पढ्नुहोस्)। एउटा विद्रोही छोराले आफ्नो जीवनको उत्तरदायित्व आफै लिने निर्णय गर्छ। उसले आफ्नो बुबालाई उसको भागमा पर्ने समपत्तिको हिस्सा माग्छ (पहिलो शताब्दीमा उसले आफ्नो बुबाको मृत्यु भएको इच्छा गरेको बराबर), उसले आफ्नो सम्पूर्ण धन-सम्पत्ति लिन्छ, र यी सबै सम्पत्ति भोग-बिलासमा उडायो। केही समयको लागि उसले यो जीवनलाई प्रेम गर्‍यो। त्यसपछि उसको धन सकियो, साथै उसका मित्रहरू पनि हराए। त्यस छोराले आफूलाई त्यस्तो ठाउँमा भेट्टाउँछ जहाँ उसले कहिल्यै सपनामा पनि सोचेको थिएन: टुटेको, अपमानित भएको र सुंगुरको खोरमा बस्ने अवस्था। पाप एउटा दुष्चक्र हो जसले पीडादायी विनाशतर्फ डोर्‍याउँछ।

सायद येशूले भन्नुभएको अर्थ यही हो, "साँघुरो ढोकाबाट भित्र पस, किनभने विनाशमा पुर्‍याउने ढोका फराकिलो र बाटो सजिलो हुन्छ, यसबाट भित्र पस्नेहरू धेरै हुन्छन्" (मत्ती ७:१३)।

यहाँ हाम्रो पापी स्वभावको ठूलो संघर्ष छ: हाम्रो स्वभाव परिवर्तन नभएसम्म, हामी परमेश्वरलाई जति प्रेम गर्छौं त्यो भन्दा बढी पापलाई प्रेम गर्छौं किनकि हामी पापको दास छौं - यसको शक्तिको बन्धनमा।६२ कुनै पनि राम्रो नियत वा कडा परिश्रम, कुनै पनि मानवतावादी नैतिकतावादले हामीलाई पूर्णतया मुक्त गर्नेछैन। पाप भनेको दासत्व हो।

---

६२ गियोफ्रे ब्रोमोले (Geoffrey Bromiley)ले चाखलाग्दो तथ्य देखाउछन् कि बाइबलले प्रायः पापलाई "व्यक्तिकरण" गर्छ जुन शक्ति र पापले हाम्रो जीवनमा हुन सक्छ भनेर प्रकाश पार्छ। ब्रोमिली, थिओलजिकल डिक्शनरी अफ द न्यू टेस्टामेन्ट: एब्रिज्ड इन वान भोल्युम (ग्रान्ड र्यापिड्स: इर्डम्यान्स, १९८५), ४।

अन्तमा, पाप भनेको मनमुटाव हो। "मनमुटाव" भन्ने शब्द हामी अक्सर प्रयोग गर्छौं भन्ने होइन, तर जब हामी त्यसो गर्छौं, हामी यसलाई सम्बन्धमा केही गलत भएको संकेत दिन प्रयोग गर्छौं। पाप भनेको नियम तोड्नु वा व्यवस्थाको उलङ्घन गर्नु मात्र होइन; यसले सम्बन्धलाई पनि हानि पुर्‍याइरहेको हुन्छ। पापले मानिसहरूलाई परमेश्वर र एक-अर्काबाट अलग पार्छ। पापको पहिलो लिपिबद्ध कार्यमा, हाम्रा आत्मिक पुर्खाहरू आदम र हव्वाले परमेश्वरको आज्ञा उलङ्घन गरे। जब तिनीहरूले त्यसो गरे, तिनीहरूले त्यसो गरे, तिनीहरूले तुरुन्तै परमेश्वर र एक-अर्कासितको सम्बन्धमा फाटो आएको थाहा पाए। तिनीहरूका आँखाहरू खोलिएका थिए अनि तिनीहरूले आफू नाङ्गै भएको महसुस गरे। यसको अर्थ उनीहरूसँग लुगा छैन भन्ने मान्यताभन्दा बढी हो। तिनीहरूले लज्जित र आघात महसुस गरे; तिनीहरूले कमजोर र पराइ भएको महसुस गरे; तिनीहरूले अनाश्रित अनुभव गरे। त्यस समयसम्म, तिनीहरूले परमेश्वरको प्रेमिलो संगतिलाई मात्र चिनेका थिए, तर तिनीहरूले जब पाप गरे तब परमेश्वरबाट तिनीहरू अलग भएको महसुस गरे। तिनीहरूले मनमुटाव महसुस गरे। तिनीहरूको संगति टुट्यो र यसले तिनीहरूको आत्मालाई दबायो। तिनीहरूले आफ्नो पापको भार दोष महसुस गरे। आत्मरक्षाको लागि तिनीहरूले एउटा असाध्यै महत्वपूर्ण काम गरे: तिनीहरूले आफ्नो नग्नता ढाक्रे र परमेश्वरबाट लुकाउने कोसिस गरे। के तपाईंले कहिल्यै आफ्नो दोष ढाकछोप गर्ने वा परमेश्वरबाट आफ्नो पाप लुकाउने कोसिस गर्नुभएको छ?

परमेश्वरलाई थाहा थियो कि संगति टुटेको छ, र सबै धर्मशास्त्रको सबैभन्दा कोमल विवरणमा, परमेश्वरले तिनीहरूलाई पुकार्नुभयो, "तिमीहरू "तँ कहाँ छस्?" (उत्पत्ति ३:९)। अब, के परमेश्वरलाई तिनीहरू कहाँ छन् भनेर साँच्चै थाहा थिएन र? के तिनीहरूले रूखहरूको पछाडि लुकेर साह्रै राम्रो काम गरिरहेका थिए, जहाँ परमेश्वरले तिनीहरूलाई भेट्टाउन सक्नुहुन्न थियो? के तपाईंले कहिले ३ वर्षको उमेरकासित लुकामारी खेल्नुभएको छ? पक्कै परमेश्वरलाई तिनीहरू कहाँ छन् भनेर थाहा थियो। तैपनि, उहाँले तिनीहरूलाई आफूले पनि अलगपनको महसुस गरेको थाहा पाऊन् भन्ने चाहनुभयो।

त्यस मानिसले उत्तर दियो, "मैले तपाईंको सोर बगैंचामा सुनें, र म डराएँ, किनभने म नाङ्गै थिएँ र म लुकें" (३:१०)। बाइबलमा पहिलोपटक डरबारे उल्लेख गरिएको थियो। के तपाईं देख्नुहुन्छ कि पापले के गर्छ? पापले डर, दोष र सरम ल्याउँछ। पापले विरक्ति, तिरस्कार र पृथक्करण ल्याउँछ। पापले मित्रहरूलाई शत्रु बनाउँछ। पापले घनिष्टतालाई शत्रुतामा परिणत गर्छ। पापले संगति तोड्छ।

यो हाम्रो दुर्दशा हो। पाप भनेको विद्रोह हो। पाप भनेको दासत्व हो। पाप भनेको मनमुटाव हो। हामी कसरी फेरि यी सबै कुराहरू ठीक गर्न जाँदैछौं? हामीले यी सबै पापहरूसित के गर्नुपर्छ?

हामीले सुनेको सबैभन्दा ठूलो समाचारको बारेमा म तिमीहरूलाई फेरि सम्झाउँछु: "किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो। उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो" (१को. १५:३-४)। यो सर्वोच्च, आत्म-दिने प्रेम हो। "तर परमेश्वरले हाम्रो निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो" (रोमी ५:८)। यद्यपि हामीले पाप गरिरहेका थियौं, ख्रीष्ट हाम्रो लागि मर्नुभयो। "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो" (२ को. ५:२१)। यो बचाउने अनुग्रह हो।

प्रोटेस्टेन्ट सुधारक मार्टिन लुथरले यसलाई "महान् विनिमय" भनेका छन्। उहाँको जीवनको लागि हाम्रो मृत्यु; उहाँको धार्मिकताको लागि हाम्रो पाप; उहाँको मुक्तिको लागि हाम्रो निन्दा; उहाँको सफलताको लागि हाम्रा असफलताहरू; उहाँको जितको लागि हाम्रो हार। प्रायश्चित त्रिमूर्ति परमेश्वरको कार्य हो जसले हाम्रो विद्रोह र पापले हामीबीच खडा गरेका सबै अवरोधहरू भत्काउँदछ। "प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो" (१यूहन्ना ४:१०)।

यसको अर्थ के हो? प्रायश्चित परमेश्वरको हृदयमा सधैँ भरि थियो। सबै थुमाहरू, सबै पूजाहारीहरू अनि मन्दिरका सबै बलिदानहरूले हामीलाई हामीलाई येशूकहाँ देखाइरहेका थिए र डोर्‍याइरहेका थिए, जो हाम्रा महान प्रधान पूजाहारी बनेका छन्, र जसले हाम्रा पापहरूको क्षमाको निम्ति आफ्नै रगत बगाउनुभयो।

यसलाई एन.टी. राइटले राम्रोसँग व्यक्त गरेका छन्: "नयाँ करारभरि, यस मृत्युलाई प्रेमको कार्यको रूपमा हेरिन्छ, येशू आफैले गर्नुभएको प्रेम (गलाती २:२०) र परमेश्वरको प्रेम, जसले उहाँलाई यस संसारमा पठाउनुभयो अनि उहाँ नै परमेश्वरको शारीरिक अभिव्यक्ति हुनुहुन्थ्यो (यूहन्ना ३:१६; १३:१; रोमी ५:६-११; ८:३१-३९; १यूहन्ना ४:९-१०)"[६३] पिता परमेश्वरले , पवित्र आत्माको शक्तिद्वारा पुत्र येशू ख्रीष्टलाई हाम्रि निम्ति त्यो काम गर्न पठाउनुभयो कुन काम हामीले कहिल्यै गर्न सकेनौं।

---

६३ एन.टी. राइट, *इभिल एण्ड द जस्टिस अफ गड* (डाउनर्स ग्रोभ, IL: InterVarsity Press, 2006), 9

येशूले विगत, वर्तमान र भविष्यमा भएका हाम्रा सबै पापहरू हटाउनुहुन्छ। परमेश्वरले तिनीहरूलाई सम्झनुहुन्न। “पश्चिमबाट पूर्व जत्ति टाढा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यतिकै टाढा हटाइदिनुभएको छ” (भजन १०३:१२)। येशूको मृत्यले हाम्रो जीवनमा पापको शक्तिलाई तोड्छ। एकपल्ट हामी पापको दासत्वमा र “आकाशकको शक्तिको मालिक” (एफिसी २:२) र यो संसारको देवको (२को.४:४) बन्धनमा थियौं। क्रूसमा उहाँको मृत्युद्वारा, येशू शैतानिक शक्तिहरूसित नश्वर युद्धमा प्रवेश गर्नुभयो र तिनीहरूलाई सदाको लागि परास्त गर्नुभयो।६४ उहाँले मृत्यु, नरक र चिहानको शक्तिलाई तोड्नुभयो। क्रूसमा येशू ख्रीष्टको विजयसँगै हामी अब पापको बन्धनमा छैनौं; हामी अनुग्रहभित्र छौं र सम्भवत: स्वतन्त्र पारिएका छौं (यो विषयलाई अध्याय ४ मा भएको पवित्र पार्ने अनुग्रहमा अझ हेर्नुहोस्)।

येशूको प्रायश्चितको कारण हामीले परमेश्वरसित मिलाप गर्न पाएका छौं। हाम्रो मनमुटाव हटेको छ। हामीबीचको दुरी हटेको छ। हामी बीचमा भएको गहिरो खाडल पुरिएको छ। येशू हाम्रो शान्ति हुनुहुन्छ। जसले हरेक पर्खाल भत्काउनुभएको छ (एफिसी २:१४)। मन्दिरको पर्दा दुई भागमा च्यातिएको थियो (मत्ती २७:५१)। हाम्रो दोष, सरम र दण्डको डर हटाइएको छ। परमेश्वरसितको हाम्रो सम्बन्ध पुनर्स्थापणा भएको छ। “तर तिमीहरू, जो त्यसबेला ख्रीष्टबाट टाढा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ” (एफिसी २:१३)। यो बचाउने अनुग्रह हो। परमेश्वरले तपाईलाई कत्ति प्रेम गर्नुहुन्छ, के तपाईंलाई थाहा छ? पिताले पुत्रद्वारा आफ्नो हृदयमा हाम्रा पाप र अधर्म लिनुभएको छ। यद्यपि हाम्रा पापहरू धेरै र दु:खदायी छ, जसमध्ये अरू देवताहरूको अनुसरण गर्ने जसमध्ये जसमध्ये अरू देवताहरूको अनुसरण गर्ने हाम्रो हृदयको मूर्तिपूजा मात्र होइन, हाम्रो त्रीएक परमेश्वरले हामीलाई छुटकारा दिनुहुन्छ, हामीलाई नयाँ सृष्टि बनाउनुहुन्छ, र हामीलाई आफ्नो परिवारमा ग्रहण गर्नुहुन्छ। त्यसकारण क्षमा दिनु कुनै तुच्छ कुरा होइन।

---

६४ क्रूसमा येशूले दुष्ट शक्तिहरूमाथि विजय हासिल गर्नुभयो भन्ने विश्वासलाई प्रायश्चितको ख्रीष्टको विजय सिद्धान्त भनिन्छ। एन टी राइट टिप्पणी गर्छन्, “म ख्रीष्टको विजयको विषयवस्तु, दुष्ट र अन्धकारका सबै शक्तिहरूमाथि येशू ख्रीष्टको विजय, प्रायश्चित धर्मशास्त्रको केन्द्रीय विषयवस्तुको रूपमा हेर्न इच्छुक छु, जसको वरिपरि क्रूसका अन्य सबै विविध अर्थहरू फेला पार्छन्। विशेष आला।“ राइट, इभिल र द जस्टिस अफ गड, 114. यसको विपरित, फ्लेमिङ रुटलेजले प्रायश्चितका सबै बाइबलीय विषयवस्तुहरूले क्रूसको गहिराइ र रहस्य बुझ्नको लागि एक सुन्दर पूर्णताको रूपमा काम गर्दछ भन्ने बलियो मामला बनाउँछ। “क्रूसमा टाँगिएको ख्रीष्टको सुसमाचार प्राप्त गर्ने साँचो तरिका भनेको बाइबलीय आकृतिहरूले एकअर्कासँग अन्तरक्रिया गर्ने र एकअर्कालाई विस्तार गर्ने तरिकाको गहिरो मूल्याङ्कन खेती गर्नु हो; कुनै पनि छविले सम्पूर्ण रूपमा न्याय गर्न सक्दैन; सबै मुक्तिको महान् नाटकका अंश हुन्।” रुटलेज, द क्रुसिफिक्सन: अंडरस्ट्यान्डिङ द डेथ अफ जीसस क्राइस्ट (ग्रान्ड र्यापिड्स: इर्डम्यान्स, २०१५), ६-७।

"निस्सन्देह, परमेश्वरले मलाई क्षमा गर्नुहुनेछ – यो परमेश्वरको काम हो" भन्ने जो कोहीले तपाईंको हृदयमा छुरा प्रहार गर्ने अर्काको पाप बोक्नुपर्दाको गहिरो पीडा कहिल्यै बुझेको छैन। परमेश्वरको हृदयमा क्रूस अनन्तकालदेखि रहिआएको छ। परमेश्वर पिताले आफ्नो एक मात्र येशू ख्रीष्टमा पवित्र आत्माद्वारा उद्धारको मार्ग प्रदान गर्नुभएको छ। येशू पूर्णतया पिताको उद्देश्यमा प्रवेश गर्नुभयो। उहाँले स्वेच्छाले हाम्रो लागि आफ्नो जीवन अर्पण गर्नुभयो। पापीहरूका लागि पापरहित हुनुहुन्छ। दोषीहरूको लागि निर्दोष हुनुहुन्छ। परमेश्वरको निष्कलंक थुमा हामीले बाँच्नुपर्ने जीवन बिताउन र हामी मर्नुपर्ने ठाउँमा उहाँ मर्न आउनुभयो।

येशूको जीवन, मृत्यु र पुनरुत्थानले सबै कुरा नयाँ बनाउँछ। यो सत्यभन्दा महत्त्वपूर्ण कुरा अरू केही छैन। यो मानव इतिहासको मर्म र हाम्रो विश्वासको जग हो। येशूबिना पापको क्षमा हुँदैन, अनन्त जीवन हुँदैन, असल, पवित्र, प्रेमिलो परमेश्वरसित कुनै सम्बन्ध हुँदैन। तपाईं आफ्नो पापको लागि पछतावामा आफैलाई सदाको लागि दण्ड दिन सक्नुहुन्छ। तपाईंले आफ्नो आत्मालाई परमेश्वरसित शान्ति स्थापना गर्ने प्रयासमा तोड्न सक्नुहुन्छ, तर तपाईंले पूर्ण छुटकारा र स्थायी शान्तिको अनुभव त्यतिबेला गर्नुहुनेछ जब तपाईंले महसुस गर्नुहुन्छ कि तपाईणको एकमात्र आशा येशू हुनुहुन्छ।

हामी परमेश्वरमा विश्वास गरेर बचाउने अनुग्रहको वरदान पाउछौं। हामी आफैलाई परमेश्वरको दयामा फ्याँक्छौं र ख्रीष्टमा मात्र हाम्रो विश्वास राख्छौं। हामी उहाँले क्रूसमा जित्नुभएको विजयमा भरोसा गर्छौं; हामी भरोसा गर्छौं कि हाम्रो सबै अपराध मेटिएको छ; हामी भरोसा गर्छौं कि पापको बन्धन टुटेको छ; हाम्रो विवेक चोखो पारिएको छ; हामी परमेश्वरसँग क्षतिपूर्ति पाउँछौं।

प्रायश्चितलाई हेर्ने दुइ वटा तरिकाहरू छन्। तपाईं यसो भन्न सक्नुहुन्छ, "यदि परमेश्वर प्रेम हुनुहुन्छ भने, हामीलाई प्रायश्चित किन चाहियो?" अर्कोतर्फ, हामी यसो भन्न सक्छौं, "परमेश्वरले हाम्रा पापहरूको प्रायश्चित गर्नुभयो- कस्तो प्रेम!"

## बचाउने अनुग्रहले कसरी काम गर्छ

पावल भन्छन्, "इसाई भनेको त्यस्तो व्यक्ति हो जसले प्रलयकारी परिवर्तनबाट गुज्रेको छ। एफिसी २:१-१० ले नाटकीय रूपान्तरणको वर्णन गर्दछ – ख्रीष्टमा पापको बन्धनबाट स्वतन्त्रता। त्यो तब हुन्छ जब कसैले ख्रीष्टमा विश्वास गर्दछ, र यसैले मुक्ति पाउँछ। यो मृत्युबाट जीवनतिर, दासत्वबाट स्वतन्त्रतातिर, निन्दाबाट स्वीकृतितिर, अलगावबाट दत्तकग्रहणतिर गएको व्यक्ति हो।

अब पद ८ देखि १० मा पावलले हामी त्यहाँबाट यहाँसम्म कसरी पुग्छौं – हामी वास्तवमा कसरी इसाई बन्छौं भनेर बताउँदछ। यो तीन भागको जैविक प्रक्रिया हो: हामी अनुग्रहद्वारा बचाइएका छौं, जसले विश्वासतर्फ डोऱ्याउँदछ, जसले असल कामहरू उत्पादन गर्दछ। त्यो समीकरण हो, र क्रम महत्त्वपूर्ण छ। यदि हामीले आदेश गलत पायौं भने, हामी यो सबै गलत पाउँछौं।

हामी अनुग्रहद्वारा बचाइएका छौं। हामीले अध्याय १ मा अनुग्रहको अर्थबारे विस्तृत अध्ययन गऱ्यौं। अनुग्रह सधैँ सुरुवात हो भनेर याद दिलाउनु राम्रो हुन्छ। अनुग्रह जहिले पनि पहिले हुन्छ। अनुग्रहले हामीलाई जगाउँछ, हामीलाई परिवर्तन गर्छ, र हामीलाई परमेश्वर र एक-अर्कासँग सही सम्बन्धमा ल्याउँछ। धेरै मानिसहरूले आफूले गरेको कामको कारण आफू इसाई भएको हो भनी सोच्छन्; तिनीहरू सोच्छन् कि हामी एक असल व्यक्ति हुनुपर्दछ र बाइबलका शिक्षाहरू पछ्याउनु पर्छ र परमेश्वरले हामीहरूलाई आशिष् दिनुहुनेछ। त्यो अनुग्रह होइन, त्यो नैतिकता हो। हामी के गर्न सक्छौं भन्ने कुरामा हाम्रो आशा राख्नुमा कुनै सुसमाचार छैन। हाम्रो उद्धारको निम्तो हामी केही गर्दैनौं। यो सबै परमेश्वरले गर्नुहुन्छ। हाम्रो जागृति, हाम्रो जीवन्तता सबै नै परमेश्वरको काम हो। हामीले परमेश्वरको निम्ति गरेको कामले हामी बचाइएका होइनौं; तर परमेश्वरले हाम्रो निम्ति जे गर्नुभयो त्यसैद्वारा हामी बचाइएका छौं। यो पूर्णतया उपहार हो।

मैले एक जना सेमिनारी विद्यार्थीको कथा सुनें, जो आफ्नो आफ्नो अन्तिम परीक्षा दिने तयारी गरिरहेकी थिइन्। जब उनी कक्षा कोठामा पुगिन्, सबैजना अन्तिम समयमा जोड-जोडले याद पढिरहेका थिए। प्रोफेसर कक्षा कोठामा आए र परीक्षा अघि छोटो समीक्षा हुने घोषणा गरे। अधिकांश समीक्षाहरू सिधैँ अध्ययन गाइडबाट आएका थिए, तर त्यहाँ धेरै अतिरिक्त सामग्रीहरू थिए जसको लागि कसैले पनि तयारी गरेका थिएनन्। यो कक्षाको लागि एक मननपर्दो आश्चर्य थियो। जब कसैले प्रोफेसरलाई अतिरिक्त सामग्रीको बारेमा सोध्यो, उनले यी सबै तिनीहरूको पढाइमा समावेश भएको र यसको लागि तिनीहरू जिम्मेवार हुनेछन् भनी बताए। तर्कसँग बहस गर्न गाह्रो थियो।

अन्तमा, यो परीक्षा लिने समय आयो। प्रोफेसरले भने, "सबैले एक-एक परीक्षापत्र नपाएसम्म पाउनेहरूले आफ्नो टेबलमा घोप्टो पारेर राख। कहिले सुरु गर्ने भन्नेबारे म बताउनेछु।" जब विद्यार्थीहरूले ती परीक्षा पत्रलाई पल्टाए, तिनीहरू छक्क परे किनकि परीक्षा पत्रमा उत्तर पहिले नै लेखिएको थियो। तिनीहरूको नाउँ पनि रातो मसीले माथि लेखिएको थियो। अन्तिम पृष्ठको तल लेखिएको थियो, "यो परीक्षाको अन्त्य हो। परीक्षणमा सबै उत्तरहरू सही छन्। तिमीले ग्रेड

"ए" पाउनेछौ। यो परीक्षा पास गर्नुको कारण यो हो कि परीक्षाको सृष्टिकर्ताले तिम्रो लागि परीक्षा लिनुभयो। तिमीले तयारी गर्दा गरेको तिम्रो सबै कामले तिमीलाई "ए" पाउन मद्दत गरेन। तिमीले भर्खरै अनुग्रहको अनुभव गरेका छौं।"

टिम केलरले आफ्नो चर्चमा कहिलेकाहीँ उपस्थित हुने एउटी वृद्ध स्त्रीसितको कुराकानीको कथा बताउँछन्। तिनी मुख्य र विशिष्ट थिइन् – कसै-कसैले तिनलाई सभ्य र नैतिक पनि भन्थे। तिनले अनुचित कुरा र अविवेकी कुराप्रति आफ्नो अस्वीकृति जताएकी थिइन्, तैपनि, यदि कुनै मानिस असल छ भने कुनै पनि कुराबाट बाँच्नुपर्छ भन्ने कुरामा तिनी विश्वस्त थिइनन्। उनीसँग केलरको कुराकानीको क्रममा उनले अविश्वसनीयताका साथ भनिन्, "अब, मलाई स्पष्ट हुन दिनुहोस्। तपाईंले मलाई भनिरहनुभएको छ कि यदि म साँच्चै राम्रो र सभ्य जीवन बिताउँछु, र मण्डलीमा पनि उपस्थित हुन्छु, तर ख्रीष्टलाई मेरो मुक्तिदाताको रूपमा कहिल्यै ग्रहण गर्दिन भने, म हत्या गर्ने व्यक्तिभन्दा राम्रो छैन? के तपाईंले पनि यसै भनिरहनुभएको छ?"

केलरले उत्तर दिए, "हो, पक्कै।"

तिनले तुरन्त जवाफ दिएर भनिन्, "यो मैले सुनेको सबैभन्दा मुर्ख धर्म हो।"

यसको जवाफमा केलरले भने, "ठीक छ, सायद तपाईंलाई लाग्छ कि यो तपाईंले सुनेको सबैभन्दा मुर्ख धर्म हो, तर पश्चात्ताप गर्ने हत्याराका लागि यो उसले अहिलेसम्म सुनेको सबैभन्दा ठूलो कुरा हो। त्यो भूतपूर्व हत्याराले आफूजस्तै कसैको लागि आशा राख्ने धर्म छ भनेर विश्वास गर्न सक्दैन।"

यद्यपि, यो कथा केही हदसम्म चरम छ, यसले एक महत्त्वपूर्ण बिन्दु बनाउँदछ। त्यो मौलिक र उचित र नैतिक स्त्री जो पूर्ण तया निश्चित छ कि ऊ धेरै मानिसहरूभन्दा राम्रो छ र जसले सुसमाचारको सारलाई अपमानजनक ठान्छ, यदि मूर्ख छैन भने, आफैलाई "शरीर"को पकडमा छ।६५ तिनी शालीन र सोझो हुने कोसिस गरिरहेकी छिन्, तर आफ्नो मुक्तिको निम्ति ख्रीष्टमा भरोसा गर्नुभन्दा स्वतन्त्र तवरमा त्यसो गर्ने कोसिस गरिरहेकी छिन्। यो स्व-धार्मिकताको निकटस्थ फन्दा हो। यस महान खतरालाई बुझेर डिट्रिच बोनहोफरले अनुग्रहद्वारा अँगालेका इसाईहरूको मनोवृत्तिबारे कुशलतापूर्वक वर्णन गरेका छन्: "इसाईहरू ती व्यक्तिहरू हुन् जसले आफ्नो उद्धार आफ्नो छुटकारा, आफ्नो धार्मिकता आफैमा होइन, तर येशू ख्रीष्टमा मात्र खोज्छन्। येशू ख्रीष्टमा भएको परमेश्वरको वचनले तिनीहरूलाई दोषी ठहर्‍याउँछ भनेर तिनीहरूलाई थाहा छ, यद्यपि तिनीहरूले आफ्नै दोष केही पनि महसुस

गर्दैनन्, र येशू ख्रीष्टमा परमेश्वरको वचनले तिनीहरूलाई स्वतन्त्र र धर्मी घोषणा गर्दछ जबकि तिनीहरूले आफ्नो धार्मिकताको बारेमा केही पनि महसुस गर्दैनन।" ६६

हामीले सुसमाचार बुझेका छैनौं जबसम्म परमेश्वरले हामीलाई हाम्रो कामको आधारमा स्वीकार्नुभएको होइन भन्ने कुरा बुझेका हुँदैनौं। येशूलाई संसारमा पठाउनु, संसारका पापहरूको लागि मर्नु र हाम्रो मुक्तिको लागि बौरी उठ्नु परमेश्वरको स्वभाव र चरित्रमा आधारित छ।

हामी अनुग्रहद्वारा बचाइएका छौं। त्यसपछि पावल भन्छन्, अनुग्रहले विश्वासतर्फ डोऱ्याउँछ। विश्वास भनेको के हो? विश्वास अनिवार्यरूपमा एक जागरूकता र प्रतिक्रिया हो जसले हामीलाई जगाएको छ।६७ यहाँ के बुझ्नु महत्त्वपूर्ण छ: हामीलाई बचाउने विश्वास भनेको ख्रीष्टमा भएको विश्वास हो। इसाई विश्वास केही सिद्धान्तहरूमा सामान्य विश्वास होइन। यो विश्वास हो कि पृथ्वीमा वास्तवमा एउटा बच्चा जन्मिएको थियो जो शरीरमा परमेश्वर हुनुहुन्थ्यो, जो वास्तवमा क्रूसमा मर्नुभयो, र जो मृत्युबाट बौरिउठ्नुभयो। पावल यस कुरामा अडिग थिए: "यदि ख्रीष्ट मृत्युबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हिन्छ, र तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ। ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ" (१ कोरिन्थी १५:१४,१७)। यदि येशू साँच्चै हाम्रा पापहरूको निम्ति मर्नुभएन र वास्तवमा मृत्युबाट बौरी उठ्नुभएन भने, हाम्रो विश्वास इच्छापूर्ण सोच, वा नैतिक, उपचारात्मक ईश्वरवाद बाहेक अरू केही होइन।६८ सामन्यता यस्तो विश्वास व्यर्थ छ।

यदि पावल आज जीवित भएको भए, तिनले यसो भन्न सक्थे: यदि येशू उहाँले भन्नुभएको जस्तो हुनुहुन्न भने, यदि उहाँ परमेश्वरको पुत्र हुनुहुन्न भने, यदि उहाँ हाम्रो उद्धारको लागि क्रूसमा साँच्चै मर्नुभएको होइन भने, यदि उहाँ शारीरिक रूपमा मरेकाहरूबाट बौरी उठ्नुभएको छैन भने, यदि उहाँ साँच्चै स्वर्गारोहण हुनुभएको छैन र पिता परमेश्वरको दाहिने हातमा बस्नुभएको छैन भने, त्यसोभए हामी चर्चसित खेल खेल्न बन्द गरौं। कुनै पनि सिद्धान्तले आफैमा कुनै अर्थ राख्दैन। विश्वासमा विश्वास? सामान्य कुराहरूमा विश्वास? होइन। किनभने सत्यमा विश्वास, प्रेममा विश्वास र

६५ "शरीर" को अर्थको गहिरो व्याख्याको लागि अध्याय 4 "चोखो पार्ने अनुग्रह" हेर्नुहोस्।

डाइट्रीच बोनहोफर (Dietrich Bonhoeffer), *लाइफ टुगेदर* (न्यु योर्क: हार्परकोलिन्स प्रकाशन, १९५४), २१-२२।

यो परिभाषाको लागि म टिम केलरले प्रचार गरेको उपदेशको लागि ऋणी छु तर त्यो कुन उपदेश थियो भनेर याद गर्न सक्दिनँ।

न्यायमा विश्वासले हामीलाई परिवर्तन गर्दैन वा हामीलाई नयाँ जीवन दिँदैन। यो येशूमा विश्वास हो। हामीले गरेका कामहरू, भलाइ वा सिद्धान्तहरूद्वारा मुक्ति पाएका छैनौं। हामी ख्रीष्ट, केवल ख्रीष्टको कारणले बचाइएका छौं। उहाँमा भएको विश्वास महत्वपूर्ण छ किनकि उहाँ हाम्रो एकमात्र आशा हुनुहुन्छ।

त्यसपछि, विश्वासले असल कामहरू उत्पन्न गर्दछ। असल कामले हामीलाई बचाउँदैन- न त उद्धारको नजिक ल्याउँछ। तैपनि, हाम्रो विश्वासबाट असल कामहरू निस्कन्छन्। हामीले परमेश्वरको अनुग्रह प्राप्त गरेका छौं र यदि हाम्रो जीवनमा केही फरक छैन भने हामीसँग साँचो बाइबलीय विश्वास छ भनेर भन्न असम्भव छ। यस विषयमा बाइबल व्यवहारिक छ। हामी अनुग्रहद्वारा बचाइएका छौं, तर यदि हाम्रो ठोस चरित्र र विद्यमान व्यवहारमा वास्तवमा केही भइरहेको छैन भने, त्यो साँचो विश्वासी होइन। किनकि अनुग्रहले विश्वासतर्फ डोर्‍याउँछ भने विश्वासले असल कामतर्फ डोर्‍याउँछ। "किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिँडौ भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो" (एफिसी २:१०)।

इसाईहरू परमेश्वरका हातका सीपहरू हुन्। *पोइमा* यूनानी शब्द हो जसको अर्थ हुन्छ, "उहाँले हामीलाई बनाउनुभएको हो" वा "हातको सीप" हो। यो शब्द अंग्रेजी शब्द "पोइम" को मूल हो। इसाईहरू परमेश्वरको अद्वितीय कला हो। कला सुन्दर हुन्छ, कला मुल्यवान हुन्छ, कला कलाकारको आन्तरिक अभिव्यक्ति पनि हो। इसाईहरू परमेश्वरका हातका सीपहरू हुन् भनेर पावलले भन्नुको अर्थ के हो? ख्रीष्टमा हामीलाई सुन्दर देखिन्छ, मूल्यवान ठानिन्छ, र हाम्रो सृष्टिकर्ता, ईश्वरीय कलाकारको अभिव्यक्तिको रूपमा सृष्टि गरिएको छ।

---

६८ "नैतिक उपचारात्मक ईश्वरवाद" क्रिस्चियन स्मिथ र मेलिन्डा लुन्डक्विस्ट डेन्टनले एक्काइसौं शताब्दीको अन्त्यमा अमेरिकी किशोरकिशोरीहरूलाई वर्णन गर्नको लागि पेश गरेको वाक्यांश हो, र उत्तरआधुनिक मानिसहरूले परमेश्वरको बारेमा कसरी सोच्छन् भन्ने सांस्कृतिक ढाँचा हो। स्मिथ र डेन्टन, सोल सर्चिङः अमेरिकी किशोरहरूको धार्मिक र आध्यात्मिक जीवन (न्यूयोर्कः अक्सफोर्ड विश्वविद्यालय प्रेस, 2005)।

तैपनि, हामी त्यो कलाकृतिहरू हौं जसलाई पापले कुरुप बनाएको छ। के तपाईंले एउटा महान कलाकारको महान कृति कुरुप भएको देख्नुभएको छ? कुनै तरिकाले, उत्कृष्ट कृतिको मौलिक सुन्दरता विकृत भएको देख्नु अति नै दु:खपूर्ण हुन्छ। यदि कुनै बालकले हातमा रंग पेन्सिल लिन्छ र भान्साघरिको दराजमा कोरीदिन्छ, यो अति नै नराम्रो देख्छ। तथापि, लियोनार्डो दा भिन्सीको चित्र *मोनालिसा* माथि नराम्रो प्रकारले रंग छर्किदियो भने यो झनै खराब देखिन्छ। बिग्रिएको कुराको महानता र दुर्लभताले त्रासदीको स्तर र हाम्रो प्रतिक्रियामा सन्त्रासको स्तर निर्धारण गर्दछ।

धेरै वर्षअघि, मैले रोम भ्रमण मौका पाएको थिएँ। म सेन्ट पिटर्स बेसिलिकामा *पिएटा* हेर्न उत्सुक थिएँ। यो माइकल एन्जेलाले सिंगमरमरको एकल ब्लकमा खोपेको थियो भन्ने थाहा पाएर (माइकल एन्जेलोद्वारा हस्ताक्षर गरिएको एकमात्र चिन्ह), म प्रत्यक्षरूपमा अध्ययन गर्न चाहन्थे। तर यसलाई हेर्ने ठाउँदेखि धेरै टाढामा, डोरीहरूको पछाडि बलेटफ्रुफ प्यानलहरूद्वारा संरक्षित गरिएको थाहा पाएर म निराश भएँ। यी सावधानीहरू किन? किनभने १९७२मा, एउटा पेन्तिकोस आइतबारको दिन, आफैलाई येशू हुँ भनी दाबी गर्ने मानसिक रूपले विक्षिप्त भूभर्गविदले यसमाथि हथौडाले आक्रमण गरेको थियो। दर्शकहरुले सिंगमरमरको धेरै टुक्राहरू खोसेर लगे। कसै-कसैले फर्काइदिएका थिए, तर कसैले फर्काएन, यतिसम्म कि मरियमको नाक समेत लगेर गए, जसलाई पछिबाट मूर्तिको पछिल्लो भागबाट टुक्रा निकालेर पुनर्निर्माण गरियो। इटालीकाहरू कला संसारको बाँकी भागसहित तहसनहस भए। यसलाई कसरी आफ्नो मौलिक सुन्दरतामा फर्काउन सकिन्छ? तिनीहरूले पुनर्स्थापनामा विशेषज्ञता हासिल गर्ने कुशल कारीगरहरूको खोजी संसारभरि गरे। धेरै समय, सीप, ज्ञान, श्रम र तीब्रतापछि पुनर्स्थापना परियोजना पूरा भयो।६९ थोरैले मात्र यो थाहा गर्न सके कि यो क्षतिग्रस्त भएको थियो।

अनुग्रहद्वारा उहाँले बचाउनुभएकाहरूको लागि परमेश्वरले यसै गर्नुहुन्छ। हामी उहाँका उत्कृष्ठ कृति, उहाँको प्रिय रचना हौं, र उहाँले पापको क्षतिलाई अन्तिम शब्द हुन दिनुहुनेछैन। हाम्रो मूल्य प्रमाणित गर्न, परमेश्वरले हामीलाई येशू ख्रीष्टको स्वरूपमा मात्र होइन, तर उहाँले हामीलाई संसारमा गर्नुपर्ने काम पनि दिनुहुन्छ। हामी यो काम गर्छौं किनभने परमेश्वरले हामीमा उहाँले फेरि काम गर्नुभएको छ। जब हामी यो कुरा गहिराइमा जान्दछौं, जब हामी वास्तवमा यसलाई बुझ्छौं, हामी फेरि कहिल्यै भन्न सक्दैनौं कि हाम्रो असल कामहरूले हामी बचाउँदछ। नैतिकतावाद फेरि कहिल्यै पनि हाम्रो सर्वोत्तम प्रतिक्रिया हुन सक्दैन। हाम्रा असल कामहरू परमेश्वरले हामीमा गर्नुभएका कुराहरूको उपज हुन्। तिनीहरूले परमेश्वरको महिमा झल्काउँछन्, हाम्रो होइन।

म पावलको अनुग्रह समीकरणको आफ्नो व्याख्यामा यूजीन पिटरसनले प्रदान गर्ने अन्तर्दृष्टिलाई कदर गर्दछु:

> ख्रीष्ट येशूमा हामीमाथि अनुग्रह र दयाको वर्षा गर्नको लागि यस संसारमा र त्यसपछिको सबै समयको साथ, उहाँले हामीलाई चाहनुभएको ठाउँमा परमेश्वरले हामीलाई राख्नुहुन्छ। उद्धार उहाँको योजना र उहाँको कार्य हो। हामी उहाँलाई यो गर्न दिन पर्याप्त भरोसा गर्छौं। यो सुरुदेखि अन्त्यसम्म परमेश्वरको उपहार हो। हामी मुख्य भूमिका खेल्दैनौं। यदि हामी यसो गर्‍यौं भने, हामीले सबै कामको निम्ति घमण्ड गर्ने थियौं होला! अँह, हामी न त आफूलाई बनाउन सक्छौं, न त बचाउन सक्छौं। परमेश्वरले नै बनाउने र बचाउने काम गर्नुहुन्छ। उहाँले हामीलाई ख्रीष्ट येशूद्वारा उहाँको काममा सामेल हुन, उहाँले हाम्रो निम्ति तयार पार्नुभएको असल काम गर्न, र अझ असल तरिकाले गरेर लैजानको निम्ति सृष्टि गर्नुहुन्छ।७०
>
> परमेश्वरले ख्रीष्टमा हामीलाई दण्ड, न्याय र नरकबाट बचाउनुहुन्छ।
>
> परमेश्वरले ख्रीष्टमा हामीलाई छुटकारा दिनुहुन्छ, र हामी पूर्णरूपले उहाँसँग मिलापमा आएका छौं।
>
> परमेश्वरले ख्रीष्टमा हामीलाई धर्मी ठहराउनुहुन्छ, र गलत कुरालाई सच्याउनुहुन्छ।
>
> परमेश्वरले ख्रीष्टमा हामीलाई फरि बनाउनुहुन्छ, र हामी नयाँ गरी जन्मेका हुन्छौं।
>
> परमेश्वरले ख्रीष्टमा हामीलाई उहाँको परिवारमा स्वीकार गर्नुहुन्छ।

---

६९ न्यूयोर्क टाइम्सको लेखले पत्रकारहरूको समूहको विवरण दिन्छ जसलाई माथि उक्लन अनुमति दिइएको थियो र मानिसहरूको अगाडि पुनर्स्थापित मूर्तिको नजिकबाट निरीक्षण गर्न अनुमति दिइएको थियो। लाइनहरू जुन नजिकको निरीक्षणमा मात्र देखिने थियो। मरमत गरिएको भागको रंग र मूर्तिको वरपरको संगमरमरको सतहमा कुनै बोधगम्य भिन्नता थिएन। "हामीले दन्त चिकित्सकले जस्तै काम गर्‍यौं," डियोक्लेसियो रेडिग दे क्याम्पोसले भने। पावल होफम्यान, "रेस्टोर्ड पिटा (Pieta) शो; सही नजिकको अवस्था" न्यूयोर्क टाइम्स, जनवरी 5, 1973, https://www.nytimes.com/1973/01/05/archives/restored--pieta--shown--condition--near---perfect--marks --on-marys--cheek.htm

हामीले शिक्षा-सिद्धान्तमा विश्वास गरेकोले उद्धार पाएका छैनौं। हाम्रो सही विश्वासले गर्दा हामी मुक्ति पाउन सक्दैनौं। हामीले उद्धार पाएका छौं किनभने बाहिरबाट केही कुरा वा अझ राम्रो कुरा हामीभित्र प्रवेश गरेको छ। सुसमाचारका लेखकहरूले यसलाई वर्णन गर्नसक्ने सबैभन्दा राम्रो तरिका भनेको यसलाई नयाँ जन्मसँग तुलना गर्नु हो। हिब्रू लेखकहरूले यसलाई खाल्डोबाट निकालिएको अनुभवको रूपमा वर्णन गरे। हामी दासत्वमा थियौं र अहिले हामी स्वतन्त्र छौं। अब हामी डरको दास होइनौं। हामी परमेश्वरका सन्तान बनेका छौं। अघि हामी परमेश्वरको परिवार बाहिर थियौं, तर अहिले हामी परमेश्वरको घरनाको उत्तराधिकारी सदस्य बनेका छौं। हामी पिताको सामुन्ने धर्मी ठहरिएका छौं, जसको मतलब कुराहरू ठीकसँग राखिएका छन्।

उद्धार-मुक्ति बाहिरबाट आउँछ, हामी भित्रबाट होइन भन्ने कुरा कहिल्यै नबिर्सौं। हामी असल छौं भनेर उद्धार पाएका छैनौं, हामीले उद्धार पाएका छौं किनभने परमेश्वर असल हुनुहुन्छ। उद्धार-मुक्ति भनेको यही हो। परमेश्वरले हाम्रो लागि केही गर्नुहुन्छ जुन हामी आफैले गर्न सक्दैनौं। यो बचाउने अनुग्रह हो।

अब हामी ख्रीष्टमा नयाँ जीवनको उत्कृष्ट कृति पवित्र अनुग्रहको वरदानद्वारा पूर्णतया बन्न सक्छ भन्नेतर्फ फर्कन्छौं।

---

पिटरसन, इयुगेन। द *मेसेज*, एफिसी २:७-१०

# जीवन

पवित्र पार्ने अनुग्रहद्वारा, पवित्र आत्माले हामीलाई पवित्र जीवन बिताउन शक्ति दिनुहुन्छ।

स्थिर गराउने अनुग्रहद्वारा, पवित्र आत्माले परमेश्वरको सेवामा दिइएको विश्वासयोग्यता र अनुशासित जीवनलाई सक्षम पार्न हामीलाई सहयोग गर्नुहुन्छ।

प्रशस्त अनुग्रहद्वारा परमेश्वरको शक्ति हाम्रो दुर्बलतामा सिद्ध हुन्छ।

# ४

# अनुग्रह जसले हामीलाई चोखो (पवित्र) पार्दछ

**शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपमा तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्। तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ।**
**– १ थेस. ५:२३-२४**

जोने वेस्लीका अनुसार बाइबलमा पाइने चारवटा महत्त्वपूर्ण सिद्धान्तहरू हुन्- मौलिक पाप, विश्वासद्वारा धर्मी ठहरिनु, नयाँ जन्म र अनिवार्य बाह्य पवित्रता।

प्रोटेस्टन्ट रिफर्मेसनको मुख्य विषय दोषमुक्ति थियो, जुनचाहिँ लगभग दुई वर्ष अघि वेस्लीको थियो। मार्टिन लुथर लगायत सुधारकहरूले घोषणा गरे कि हामी केवल विश्वासद्वारा ईश्वरसँग धर्मी ठहरिएका छौं।७१ र पुनरूत्थानले निर्णायकरूपमा हाम्रा पापहरूको दोष र मुख्य समस्यासँग व्यवहार गर्दछ जसले हामीलाई पाप गर्न निम्त्याउँछ। यसैले, वेस्लीको लागि, नयाँ जन्म पवित्र जीवनको सुरुवात हो – वा, जसलाई हामी "पवित्रीकरण" भन्छौं।

७१ परमेवरको सँगको उचित सम्बन्धको प्रमाणिकता, उहाँ कै अनुग्रहद्वारा हुन्छ, जसद्वारा हाम्रा पापहरू क्षमा हुन्छन् र क्रूसमा येशूको मृत्युको प्रायश्चित बलिदानद्वारा हाम्रा दोषहरू हटाइन्छ, अध्याय ३ हेर्नुहोस्, "बचाउने अनुग्रह।"

अन्तिम अध्यायमा हामीले पापको प्रकृति र पापले हाम्रो संसार र हाम्रो जीवनमा पार्ने हानिकारक प्रभावहरूबारे छलफल गर्‍यौं, तर पापको सुरुवात के हो? हाम्रो हृदयमा पापको स्रोत के हो?

बाइबलले भन्छ, पाप हाम्रो जन्मजात स्वभावबाट उत्पन्न हुन्छ। "तिनीहरूमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं" (एफिसी २:३)। यस पदले दुईटा मुख्य वाक्यांशहरूतर्फ ध्यान आकर्षित गर्छ जुन व्यापकरूपमा गलत बुझिएको छ र अझ बढी बुझ्नको लागि खोल्नु आवश्यक छ।

## स्वभावैले

आफ्नो नयाँ करारका पत्रहरूमा, पावलले स्पष्टरूपमा सिकाउँछन् कि मानिस अनाज्ञाकारी र पापी स्वभाव लिएर जन्मेका छन् (रोमी ७:१८,३५; एफिसी २:१-३; कलस्सी ३:५)। कसैले पनि हामीलाई पाप गर्न सिकाउनु पर्दैन। विश्व विद्यालयमा "पाप गर्ने १०१" भनिने कुनै कक्षा छैन। यो स्वभाविक रूपमा आउँछ, र यसमा हामी उत्तम छौं। यो अहिले लोकप्रिय दृष्टिकोण होइन, न त यो कहिल्यै भएको छ।

चौथो शताब्दीमा जन्मेका पेलागियस एक आयरिस भिक्षु थिए जो पछि रोमी नागरिक बने। तिनले मानिसहरूमा पापी स्वभाव हुँदैन तर केटाकेटीहरू सानै छँदा तिनीहरूका लागि तयार पारिएका नराम्रा उदाहरणहरूद्वारा पापी बन्न सिक्छन् भनी सिकाए। पेलागियसले तर्क गरे कि हामी तटस्थ स्वभावमा जन्मेका हुन्छौं र बाल-बालिकाहरू तिनीहरूको अगाडि भएका नमुनाको कारण खराब वा असल बन्छन्। त्यसैले पेलागियसका अनुसार, पापहरू इच्छाको साहसपूर्व गरिने कार्य हुन्, र यदि हामीले सर्वोत्तम प्रयासहरू लागू गर्‍यौं भने, हामी पापबाट बाहिर धेरै राम्रो जीवन जिउँन सक्छौं।

पेलागियस अर्को प्रख्यात धर्मशास्त्री, हिप्पोको अगस्टिनको समयमा बाँचेका थिए, जसलाई पश्चिमी चर्चको इतिहासमा सबैभन्दा प्रभावशाली इसाई चिन्तकहरूमध्ये एक मानिन्छ। उत्तर अफ्रिकी बिशपले हाम्रो पहिलो आत्मिक आमाबाबुबाट विरासतमा पाएको मौलिक पापको अस्तित्व र यसको दुर्बल प्रभावहरूको बारेमा विस्तृत रूपमा लेखे।

अगस्टिनले पेलागियसको विचारको विरुद्धमा कडा तर्क गरे र यसलाई धर्मशास्त्र र सामान्य ज्ञान दुवैको विपरित छ भने, र उनले पेलेगियसलाई पाखण्डको आरोपमा चर्चबाट बाहिर निकाल्न

महत्त्वपूर्ण भूमिका निभाएका थिए। यद्यपि चौथो शताब्दीदेखि नै मण्डलीले पाखण्डी शिक्षाको रूपमा चित्रण गरे तापनि पेलेगियनवाद आज वर्तमान मण्डलीमा जीवित छ र राम्रोसँग मौलाएको छ।

न्यूयोर्क सहरको यात्रामा, मेरी पत्नी र म ब्रोडवे शो विकेट मा उपस्थित भयौं, जसले एल्फाबा, पश्चिमकी दुष्ट बोक्सी (प्रसिद्ध ओजको जादूगर) र उत्तरको असल बोक्सी, ग्लीन्डाको मित्रताको कथा बताउँछ। यस कथाले प्रत्येक स्त्रीले कसरी पहिचान खोज्न संघर्ष गर्छिन्, र अन्तमा तिनीहरूको जीवनको परिस्थीतिको कारण एल्फबाले दुष्टतालाई रोज्छिन् अनि ग्लीन्डाले असललाई चुन्छिन् भन्ने कुरा वर्णन गरेको छ। एल्फबासित नराम्रो कुराहरू भएको छ, त्यसर्थ उसले नराम्रो बाटो चुनिन्; ग्लीन्डाको परिस्थीति असल छ, तसर्थ उसले असल हुन रोजिन्। यो केवल एक काल्पनिक सांङ्गीत हो, तर अनगन्ती आधुनिक मानिसहरूले पापको बारेमा यस्तै सोचेका हुन्छन्।

तथापि, येशू यस कुरामा सहमत हुनुहुन्न: "तर जुन कुराहरू मुखबाट बाहिर आउँछन्, ती हृदयबाट निस्कन्छन्, र तिनैले मानिसलाई अचोखो तुल्याउँछन्। किनकि हृदयबाट नै खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी, झुटो गवाही र निन्दा बाहिर निस्कन्छन्" (मत्ती १५:१८-१९)। हृदय नै अचोखो पार्ने स्रोत हो: पापबाट आउँछ।

तपाईं एक सानो बच्चा देख्नुहुन्छ, मुस्किलले हिँड्ने उमेरमा पुगेको छ। तिनीहरूले किन त्यस्तै व्यवहार गर्छन्? तिनीहरू किन स्वार्थी छन्। आफ्नो बाटो नपछ्याउँदा तिनीहरू किन रिसाउँछन्? बच्चा तिनीहरूको पालनपोषणको कारण पापी हुँदैन। तिनीहरूका उदाहरणहरूले तिनीहरूलाई त्यस हदसम्म प्रभाव पार्न तिनीहरू लामो समयसम्म बाँचेका छैनन्। एउटा बच्चा पापी हो किनभने पाप हृदयबाट आउँछ – यो जन्मजात हुन्छ। तिनीहरूलाई स्वार्थी हुन सिकाउन आवश्यक छैन – तिनीहरू स्वाभाविक रूपमा गर्छन्। प्रदर्शनमा राखिएको पाप भनेको मानिसभित्र पहिल्यैदेखि नै भएको कुराको अभिव्यक्ति हो। दाऊदले यो कुरा स्वीकारे: "साँच्चै, मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ" (भजन ५१:५)। यो मौलिक पापको अनुभवजन्य तथ्य हो।

यो धर्मशास्त्रीय रूपमा कस्तो देखिन्छ? प्रत्येक मानिस परमेश्वरको स्वरूपमा सृष्टि गरिएको छ, र परमेश्वर पवित्र र असल हुनुहुन्छ। सुरुमा सृष्टि गरिएझैं मानवजातिले ईश्वरीय स्वभावलाई प्रतिबिम्बित गर्‍यो, तर पवित्रता र भलाइको स्रोत हामी होइनौं, - यो अनन्त, त्रिएक परमेश्वर हुनुहुन्थ्यो। विलियम ग्रेटहाउस र रे डानिङले यसो भने: "परमेश्वर मात्र पवित्र हुनुहुन्छ। हामी केवल परमेश्वरसित सहिप्रकारले जोडिदाँ र उहाँको पवित्र पार्ने आत्मामा भरिँदामात्र पवित्र हुन्छौं।" यसर्थ,

पतनबाट पापको परिचय र त्यसपछिका परिणामहरूदेखो, परमेश्वरको छवीमा हाम्रो आवश्यक स्वभाव अक्षुण्ण रहन्छ जबकि परमेश्वरको नैतिक छवि ध्वस्त हुन्छ।७२ ग्रेटहाउस र डनिंगले अझ यसो भन्छन्, “मानिस असल छ, परमेश्वरको निम्ति सृष्टि गरिएको व्यक्ति हो। अस्तित्वको हिसाबले मानिस पापी छ, परमेश्वरको जीवनबाट अलग गरिएको विद्रोही हो र यसैले भ्रष्ट छ।७३ मौलिकरूपमा असल, अस्तित्वमा विद्रोही। यो मौलिक पाप हो।

हामीसति एउटा स्वभाव छ जो हामीले जन्मदै लिएर आएका छौं। यो पित्ताशयमा भएको रोग लागेपछि त्यसलाई निकालेर फ्याक्न सकिनेजस्तो कुनै थोक होइन। यो घमण्ड र आत्मकेन्द्रितताप्रतिको हाम्रो स्वभाव हो। यो हाम्रो हिंसा, अहंकार, आत्मनिर्भरता र आत्म संरक्षणप्रतिको हाम्रो जन्मजात प्रवृत्ति हो। यो उच्च प्रकारको अहङ्कार हो र यसको सबैभन्दा स्पष्ट रूप हो – जसको अर्थ हो कि हाम्रो हृदयमा भएको पापचाहिँ हाम्रो खराब परिस्थीतिमा हामीले गर्ने अविवेकी क्रियाभन्दा बढी हो: यो पहिलो आज्ञाको अवहेलना हो (प्रस्थान २०:२) र परमेश्वरको मात्र उपासना गर्न असफल हुनु हो। एन.टी. राइटले हामीलाई याद दिलाउँछन् कि वास्तवमा हामी पापमा कति गहिरो डुबेका छौं:

> मानव दुर्दशाको लक्षण केवल परमेश्वरको नैतिक व्यवस्थाभङ्ग गरेर सृष्टिकर्ताको स्वरूपलाई ठेस पुर्‍याएका छन् र उहाँको अपमान गरेका छन्, जसको स्वरूपमा तिनीहरू बनिएका छन् भन्ने मात्र होइन, यद्यपि यो कुरा पनि साँचो पनि हो। यो व्यवस्थाभङ्ग गर्नु अझ गम्भीर रोगको लक्षण हो। नैतिकता महत्त्वपूर्ण छ, तर यो सम्पूर्ण कथा होइन। सृष्टिभित्र र त्यसमाथि

७२ Imago Dei “इमेज अफ गड” को ल्याटिन अनुवाद हो। मानवतामा ईश्वरको नैतिक स्वरूप पतनको परिणामको रूपमा क्षतिग्रस्त हुँदा, परमेश्वरको आवश्यक प्रकृतिले परमेश्वरको स्वरूपमा बनेको प्रत्येक व्यक्तिको मूल्यलाई कायम राख्छ। जोन वेस्लीको शिक्षाप्रति विश्वासयोग्य नाजेरेन ईश्वरशास्त्री मिल्ड्रेड ब्यांग्स वान्कूपले “परमेश्वरको स्वरूपलाई परमेश्वर, अरू, आत्मा र पृथ्वीसँगको सम्बन्धको सन्दर्भमा, प्रेम गर्ने क्षमताको रूपमा परिभाषित गर्नुहुन्छ।” ले कार्क, डिस्कभरिङ क्रिस्टियन होलिनेस: द हार्ट अफ वेस्लियन – होलिनेस थियोलोजी (Kansas City: MO: Beacon Hill Press of Kansas City, 2010), 312. साथै, यस अध्यायको अन्तिम खण्ड “पूरा पवित्रता परिभाषित गर्दै” लाई हेर्नुहोस्

७३ ग्रेटहाउस र डनिङ, वेस्लियन थियोलोजीको परिचय (Kansas City, MO: Beacon Hill Press of Kansas City, 1982), 52. तिनीहरूले रोमी ५:१२-२१ मा भएको मौलिक पापहरूको ऐतिहासिक अर्थको विस्तारमा र मौलिक पापको अस्तित्वको अर्थ (रोमी ७:१४-२५) मा जान्छन्, ५३-५४। मौलिक पापको वेस्लेयन परिप्रेक्ष्य पूर्ण भ्रष्टताको क्याल्भिनवादी सिद्धान्तबाट भिन्न छ।

जिम्मेवारी र अधिकारको लागि बोलाइएका मानवजातिले आफ्नो पेशालाई उल्टाएका छन्, सृष्टिभित्रको शक्ति र शक्तिहरूप्रति पूजा र निष्ठा दिएका छन्। यसको नाउँ मूर्तिपूजा हो। यसको परिणाम दासत्व र अन्तमा मृत्यु हो।७४

हामीसँग इतिहासमा भएको खराब विवरणभन्दा अझ डरलाग्दो कुरा छ। हामीसँग पतनको स्वभाव छ। हामीलाई मौलिक पाप र त्यसका काम अनि अवस्थाबाट चंगाइ र छुटकारा दिन परमेश्वरको अनुग्रहको खाँचो छ। यसको लागि हामीलाई दोषमुक्ति र चोखोता दुवैको खाँचो पर्छ। हामी फेरि एउटा व्यक्तिको रूपमा गठन हुन आवश्यक छ, र हामिले हाम्रो हृदयको आमूल नविकरण प्राप्त गर्न आवश्यक छ। यसैले वेस्लेले समानरूपमा भित्री पवित्रता र बाह्य पवित्रतालाई जोड दिए। हामीले हाम्रा पापहरूबाट क्षमा पाउनुपर्छ, ख्रीष्टमा जीवित पारिएको हुनुपर्छ, र विश्वासद्वारा हाम्रा हृदयहरू चोखो पारिनुपर्छ। फलस्वरूप हराएका परमेश्वरको पूर्ण छविको पुनर्प्राप्ति हुन्छ।

## पापमय स्वभावका कार्यहरू

पहिले उल्लेख गरिएझैं, नयाँ नियमका लेखहरू - विशेष गरी प्रेरित पावललाई श्रेय दिइएका लेखहरूले प्रायः मौलिक पापको विनाशकारी नतिजाको पक्षलाई उल्लेख गर्दछ।

जब पावलले यसो भन्छन्, “जे असल छ, त्यो गर्ने इच्छा ममा छ, तर म त्यो पूरा गर्न सक्दिनँ” (रोमी ७:१८), उनले आफ्नो सम्पूर्ण हृदयले परमेश्वरलाई प्रेम गर्न र आज्ञापालन गर्न आफ्नो शरीरमा शक्तिहिनतालाई सङ्केत गरिरहेका छन्। उनी र हामी “म” को दास भएका भएका छौं जसले हामीले जे चाहन्छौं त्यही चाहन्छ। पावलले अझ आफ्नो पत्रमा शरीरले आत्माको विरुद्धमा युद्ध गर्छ भनेर अझ विस्तार गर्छन्: “किनकि पापमय स्वभावका लालसा पवित्र आत्माका विरुद्ध हुन्छन्,

७४ एन.टी राइट, *द डे द रिभोलुसन बिगेन: रिकन्सीडरिङ द मिनिङ अफ जिजस क्रूसिफिक्सन* (न्यूयोर्क: हार्परकोलिन्स पब्लिसर्स, २०१६), ७६-७७।

७५ उन्नाइसौं शताब्दीको उत्तरार्ध र बीसौं शताब्दीको प्रारम्भमा व्यापक रूपमा लोकप्रिय वितरणात्मक दृष्टिकोणको माध्यमबाट क्रिश्चियन जीवनको दुई-प्रकृतिको सिद्धान्त प्रस्तुत गरिएको थियो जसले धेरै उल्लेखनीय इभान्जेलिकल प्रचारकहरू र शिक्षकहरू सहित धेरै इभान्जेलिकलहरूमा दूरगामी प्रभाव पारेको थियो। यो प्रभावले नयाँ अन्तर्राष्ट्रिय संस्करणको प्रारम्भिक (1973) अनुवादको समितिलाई “देह” (सार्क्स) लाई “पापमय स्वभाव” को रूपमा अनुवाद गर्न नेतृत्व गर्‍यो। डनिङले बताउँछन् कि ग्रेटहाउसले पछि सुझाव दिए कि “मूल ग्रीकको विश्वासयोग्य व्याख्याको लागि आधारको रूपमा [अनुवादको त्यो संस्करण] प्रयोग गर्न लगभग असम्भव थियो।” NIV को लागि 2011 अनुवाद समितिले यसको अनुवादलाई “देह” मा परिमार्जन गर्‍यो। डनिङ, पर्स्युइङ द डिभाइन इमेज: एन एक्सजेटिकली बेस्ड थिओलोजी अफ होलिनेस (मेरिकभिल, न्यू साउथ वेल्स: साउथवुड प्रेस, २०१६), किन्डल लोकेशन ७८६।

अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध। तिमी जे गर्न चाहन्छौं त्यसबाट तिमीहरूलाई रोक्नका निम्ति योचाहिँ एक-अर्काको विरुद्धमा हुन्छन्" (गलाती ५:१७)। त्यसपछि उनले आत्माको फलको विपरीत पापमय स्वभावका कामहरू र पापमय स्वभावलाई पछ्याउने कार्यहरू र मनोवृत्तिहरूको ज्वलन्त उदाहरणहरू चित्रण गर्नुहुन्छ (पद १९-२३)। त्यसपछि, मानौ यसलाई घर लैजानको लागि पावलले अन्तिम चुडान्त कुरा व्यक्त गर्नुहुन्छ: "पापमय स्वभाव(शरीर)मा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो" (रोमी ८:६)। मेरो व्याख्या: कि त हामी पापी स्वभाव(शरीर)का कुकर्महरूलाई मार्छौं, वा त तिनीहरूले हामीलाई मार्नेछन्। यो पापमय स्वभावको निरक्षण नगरिएको आकर्षण शक्ति हो।

पापमय स्वभाव (शरीर)को बाइबलीय विचारलाई वर्षौंदेखि सामान्यतया गलत बुझिएको छ। दु:खको कुरा, कसै-कसैले सोच्छन् कि शरीर र आत्माले देह र प्राणलाई बुझाउँछ र यो "पापमय स्वभाव वा शरीर"ले हाम्रो देहमा भएको छालालाई देखाउँछ।७८ फलस्वरूप, कसै-कसैले शरीर नै दुष्टता र पापको स्रोत हो भने भौतिक शरीर आन्तरिक रूपमा खराब हुनुपर्छ भनेर सोच्न उत्प्रेरित भएका छन्। तसर्थ, सोचाइअनुसार, हामीले हाम्रो जीवनका भौतिक पक्षहरूलाई तुच्छ ठान्नुपर्छ, हाम्रो शरीरलाई अधीन राख्नुपर्छ, र कुनै पनि शारीरिक आनन्द वा सन्तुष्टिलाई अनुमति दिनु हुँदैन।७९ यद्यपि, यो अत्यधिक भएजस्तो लाग्नसक्छ, तर जब पनि पापको वर्गीकरण सृजना गरिन्छ, यो केही हदसम्म यो देखा पर्छ, जस्तै शरीरका पापहरू र आत्माका पापहरू, र जब हामी यो विचारलाई अगाडि बढाउँछौ एक निश्चितरूपमा एउटा अर्को भन्दा खराब छ (उदाहरणका लागि, यौन अनैतिकता कुरौटे हुनु र निन्दा गर्नुभन्दा खराब छ; मद्यपान गर्नु घमण्ड वा जातिवादभन्दा खराब छ)। फलस्वरूप, यदि कसैले शरीरको पाप गर्छ भने, जसलाई "नश्वर" पाप पनि मानिन्छ भने त्यो लगभग अक्षम्य हुन्छ, तर आत्माका पापहरूलाई "कोही पनि सिद्ध छैन" भन्ने धर्मी ठहराउनद्वारा पन्साइन्छ। यसरी पापलाई छुट्याउनु र वर्गीकरण गर्नु धर्मशास्त्रीय पवित्रताको स्पष्ट भुल बुझाइ हो, पावलले सबै पापलाई एकै श्रेणीमा वर्गीकृत गरेको तथ्यलाई उल्लेख नगर्नु हो। (उदाहरणका लागि, गलाती ५:१६-२१ हेर्नुहोस्: मूर्तिपूजा र झगडा दुवैलाई "शरीरका (पाप स्वभावका) कामहरू" को रूपमा पहिचान गरिएको छ)।

---

७६ ग्रेटहाउस र डनिङले देहलाई "म आफ्नै लागि बाँचिरहेको छु" भनेर परिभाषित गर्दछ। ग्रेटहाउस र डनिंग, वेस्लेयन ईश्वरशास्त्रको परिचय, 53।

७७ मार्टिन लुथर, रोमीहरूमा व्याख्यान, WA 56.304।

मानव शरीर स्पष्टरूपमा खराब कुरा होइन। आखिर, परमेश्वरले नै मानव शरीर सृष्टि गर्नुभयो र त्यसपछि येशू मानव शरीरमा आउनुभयो। जब पावलले भौतिक शरीरलाई संकेत गर्न चाहन्छन्, उनी सामान्यता युनानी शब्द *सार्क्स* होइन *सोमा* प्रयोग गर्छन्, जसलाई उनले रोमीमा मात्र तेह्र पटक प्रयोग गरेका छन्। रोमा १२:१ मा जस्तै *सोमा* शब्दको अर्थ मानव भौतिक शरीर वा त सम्पूर्ण व्यक्तित्व हुनसक्छ। "आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर", जुनचाहिँ हाम्रो भौतिक शरीरसहित हाम्रो सम्पूर्ण व्यक्तित्वको पवित्रीकरणको लागि स्पष्ट आह्वान हो।

यसर्थ, पापमय स्वभाव(शरीर) के हो, र किन चोखो पार्ने अनुग्रहको खाँचो छ? पापमय स्वभाव (शरीर) भनेको येशूको प्रभुत्व अन्तर्गत आउनुको सट्टा सम्पूर्ण व्यक्ति(शरीर, मन र आत्मा) नै हाम्रो आफ्नै ईश्वर हुनका लागि झुकाव हो। यो हाम्रो आफ्नै पापमय पक्ष हो जसले येशूमा निर्भर हुनुको साटो परमेश्वरबाट स्वतन्त्र भएर आफ्नो जीवन आफ्नोलागि आफै राजा र उद्धारकर्ताको भएर बिताउन चाहन्छ । बचाउने अनुग्रहभन्दा अघि, हामी पवित्र आत्माको सट्टा पापमय स्वभावको पूर्णतया नियन्त्रणमा हुन्छौं। हामीसित पापी स्वभाव छ- हृदयको यस्तो स्वभाव जसले विश्वास गर्छ कि हामी आफैलाई बचाउनसक्छौं र जसलाई पूर्णरूपले पापमय विचारद्वारा प्रभुत्व जमाइएको हुन्छ। तैपनि, हाम्रो पापमुक्ति (पापको लागि क्षमा) र पुनर्जीवन (नयाँ जन्म)को क्षणमा, हामीलाई पवित्र आत्माको वरदान दिइन्छ।८० वेस्लेयन-पवित्रता मानिसहरूले यसलाई "प्रारम्भिक पवित्रीकरण" पनि भन्छन् किनभने हामीलाई अर्थात येशूको आत्मा- जोचाहिँ पवित्र छ- दिन सकिँदैन र हामी आफैले पवित्र जीवनको यात्रा सुरु गर्दैनौं ।८१

---

७८ "देह" र "शरीर" नयाँ करारमा दुई अलग शब्दहरू हुन्: सार्क र सोमा।

७९ ज्ञानवादको धेरै पाखण्डीपन शरीरसँग सम्बन्धित देहको गलत धारणामा आधारित छन्। अमूर्त सर्वोच्च आत्माको प्लेटोनिक विचारले आज पनि कसै-कसैलाई शरीरलाई घृणाको नजरले हेर्ने र शारीरिक अनन्त आत्माको मृत्युलाई जोड दिन उत्प्रेरित गर्छ। यद्यपि, यो त्रुटि शारीरिक पुनरुत्थानको बाइबलीय सिद्धान्तसँग बाझिएको छ। यो प्रचलित भुल बुझाइको सामना गर्न, प्रारम्भिक ईसाई धर्महरूले शारीरिक पुनरुत्थानको महत्त्वलाई जोड दिए (उदाहरणको लागि, "हामी शरीरको पुनरुत्थानमा, र अनन्त जीवनमा विश्वास गर्छौं," प्रेरितहरूको सार)।

यहाँबाट नै सार्वभौमिकताको युद्ध सुरु हुन्छ। मेरो राजा को हुनेछ? इसाई हुनुभन्दा अघि यहाँ कुनै युद्ध थिएन – यतिसम्म कि कहिलेकाहीँ हुने वादविवाद वा द्वन्द्व पनि थिएन। हाम्रो स्व-सार्वभौमिकता र स्वार्थी अभिलाषाहरूप्रति प्रतिबद्ध पापमय स्वभाव(शरीर)ले हामीमाथि प्रभुत्व जमाएको थियो। जब पवित्र आत्मा हाम्रो जीवनमा आउनुहुन्छ, उहाँले हामीलाई नयाँ इच्छाहरू, प्रेरणाहरू र येशू ख्रीष्टको मन दिनुहुन्छ (रोमी १२:२; १ कोरिन्थी २:१६; फिलिप्पी २:५)। यी दुई शक्तिहरू, शरीर र आत्मा एक-अर्काको विरुद्धमा छन् र अहिले सर्वोच्चताको निम्ति लडिरहेका छन्। पवित्रताको सुरुवात गरिएको छ तर अब वृद्धि र परिपक्क हुनुपर्छ।

जब पावलले कोरिन्थमा भएका मण्डलीलाई लेखे, "तिमीहरूसँग बोल्दा आत्मिक जनहरूसँग बोलेजस्तै म बोल्न सकिनँ" (१ कोरिन्थी ३:१)। के यसको अर्थ तिनीहरू इसाई थिएनन् र? अँह, तिनीहरू नयाँ गरी जन्मेका इसाईहरू थिए। वास्तवमा, उनले तिनीहरूलाई "ख्रीष्ट येशूमा पवित्र भएकाहरूलाई" र "सन्त हुन बोलाइएकाहरू" (१:२) भन्दै पत्र लेख्न सुरु गरेका छन्। पुनर्जीवन, पापमुक्ति र छुटकारा भइसकेको थियो। तिनीहरूको अनुग्रहको यात्रामा सुरु भएको थियो। तिनीहरूको समस्या यो छ कि तिनीहरूको शरीरको लागि युद्ध चलिरहेको थियो। तिनीहरूको ईर्ष्या, झगडा, घमण्ड र विभाजन अझै पनि पूर्ण रूपमा प्रदर्शन भइरहेको थियो। तिनीहरू इसाईहरू थिए तर अझै पनि "शरीरका (संसारिक) मानिसहरू" थिए (३:१), जसलाई पावलले अपरिपक्क विश्वाससित तुलना गरे। तिनीहरू इसाई थिए तर अझ पनि "ख्रीष्टमा दुधे बालक" थिए। तिनीहरू केही गर्न हुर्किसक्नुपर्थ्यो। परमेश्वरलाई आफ्नो इच्छा र मन पूर्णतया समर्पण नगरेका तिनीहरूमा अझै पनि प्रतिरोधको स्तर थियो भन्ने यो अर्को तरिका हो।८२

फेरि, जोन वेस्लीले पावलका भनाइहरूको सन्दर्भमा गहिरो अन्तर्दृष्टि प्रदान गर्छन्। कोरिन्थीहरूले आफ्नो विश्वास गुमाइसकेका थिए कि थिएनन् भनी प्रश्न गर्दा, वेस्लीले जोड दिएर भने, "होइन, उनले (पावल) स्पष्ट रूपमा घोषणा गर्छन् कि उनी तिनीहरूसँग थिएन; नत्र भने त्यतिबेलासम्म तिनीहरू "ख्रीष्टमा बालकहरू" हुने थिएनन्। त्यसपछि उनी "सांसारिक" हुनु र

८१"पुनर्जीवन" बाइबलीय शब्द नभए तापनि आध्यात्मवादीहरूले ख्रीष्टमा नयाँ जन्मको फलस्वरूप कुनै व्यक्तिलाई अनुग्रहद्वारा दिइएको नयाँ जीवनको वर्णन गर्न यो शब्द सृजना गरेका छन्। साँचो अर्थमा भन्ने हो भने, मानिस नयाँ जीवनमा बौरी उठ्छ, आत्मिक पुनरुत्थान हुन्छ र वास्तविक परिवर्तनहरू स्पष्ट र अस्पष्ट तरिकामा हुन्छन्।

८२ "वेस्लीले वास्तवमा यो शब्द [प्रारम्भिक पवित्रता] कहिल्यै प्रयोग गरेनन्, तर यसले मुक्तिको क्षणले धर्मी बन्ने प्रक्रिया सुरु गर्छ भन्ने उनको विश्वासलाई संकेत गर्दछ।" लेक्लर्क, डिसकभरिङ ख्रीष्टियन होलिनेस, 318।

"ख्रीष्टमा बालकहरू" हुनु एउटै हो भनी भन्छन्; स्पष्टरूपले देखाउँदै कि प्रत्येक विश्वासी (एक हदसम्म) जब "ख्रीष्टमा बालक" हुन्छ तब ऊ "सांसारिक" हुन्छ।८३ वेस्लीको लागि "सांसारिक" हुनु र "पापमय स्वभावमा" हुनु बराबर हो अनि यसले अपरिपक्क विश्वासलाई दर्शाउँछ, जुनचाहिँ ख्रीष्टको स्वरूपमा र क्रूसको आफैलाई समर्पण गरिदिने तरिकामा बढ्नु आवश्यक छ।८४ यो हरेक विश्वासीको लागि साँचो हो। यो "उद्धार" को प्रश्न होइन तर "प्रभुत्व" को बारेमा हो। पवित्र पारिएकाहरू येशूजस्तै हुँदै जानुपर्छ। तिनीहरूमा मर्नैपर्ने कुराहरू होइन, तर तिनीहरू केही वास्तविक तर लाक्षणिक अर्थमा आफ्नो जीवनमा पहिले कुन कुराले राज्य गरेको थियो, त्यसमा तिनीहरू मर्नै पर्छ।८५ धार्मिक प्रमाणपत्र पर्याप्त छैन, नैतिक स्तर पर्याप्त हुनेछैनन्। हरेक मानिस आफ्नो विश्वासको लागि पापमय स्वभावमा मर्नैपर्छ।

कमजोर मनोवृत्तिको अचम्मलाग्दो क्षणमा, पावलले स्वीकारे, "यद्यपि म आफैलाई त शरीरमा भरोसा राख्ने कारण छ भन्ठान्छ भने, मेरो त झन् बढी कारण छ। आठौं दिनमा मेरो खतना भएको हो। म इस्राएल जातिको, बेन्यामीन कुलको हुँ, हिब्रू पनि हिब्रू, व्यवस्थाको विषयमा हो भने एक फरिसी, जोशको विषयमा हो भने मण्डलीलाई सताउने, धार्मिकताको विषयमा हो भने व्यवस्थामा भएको धार्मिकताबमोजिम निष्खोट ठहरिएको हुँ" (फिलिप्पी ३:४-६)। उनीसित धर्मी बन्ने सबै धार्मिक प्रमाणहरू थिए, तर उनका आत्मविश्वास सांसारिक (शरीर) हुनेवाला थियो। पावल अझ यसो भन्छन्, "तर जति कुरा मेरो निम्ति लाभदायक थिए, ती सब मैले ख्रीष्टको खातिर हानि नै ठानें" (३:७)। उनले नियमहरू पालन र व्यवस्था पालन गरिरहेका थिए, तर उनी शरीरमा बाँचिरहेका थिए र यति बेलासम्म उनले आफ्नो धार्मिकताले उनलाई बचाएको हो र पवित्र पारेको हो भनी विश्वास गरेका थिए निर्भर थिए। ती कुराहरू असल थिए जसलाई तिनको जीवनमा मुख्य स्थानलाई ओगटेका थिए- त्यसैले उनी यी सबै कुरामा मर्नु पर्‍यो ताकि उनले ख्रीष्टलाई चिन्न सकून्। यसबाहेक, ख्रीष्टलाई अझ पूर्णरूपले र बढ्तारूपले चिन्न, पावलले ख्रीष्टको बचाउने र चोखो पार्ने अनुग्रहको लागि आफूले कडा परिश्रमद्वारा कमाएका नैतिक प्रयासलाई बदली गरिदिए: "ख्रीष्टलाई प्राप्त गर्न सकूँ

८१ " 'मन' भनेर अनुवाद गरिएको युनानी शब्द पावलले प्रयोग गरेको सबैभन्दा महत्त्वपूर्ण मानवशास्त्रीय शब्दावली हो। यसले न्यायको शक्ति प्रयोग गर्दा व्यक्तिको तर्क पक्षलाई बुझाउँछ।" डनिंग, *पर्सुयिङ द डिभाइन इमेज*, किंडल स्थान 814। प्रत्येक व्यक्तिको सोच्ने र बुझ्ने बुद्धिको प्रयोग गर्ने परमेश्वरले दिनुभएको क्षमता तथाकथित वेस्लेयन चतुर्भुजको एउटा पक्ष हो जसलाई "कारण" भनिन्छ।

८२ वेस्ली, उपदेश 13: "विश्वासीहरूमा पापमा," जोन वेस्लीको पूर्ण कार्यहरूमा: खण्ड। १, उपदेश १–५३ (फोर्ट कोलिन्स, सीओ: डेलमार्भा प्रकाशन, २०१४), ३.२।

भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहोर-मैला तुल्य म गन्दछु। र सम्पूर्ण रूपले म उहाँमा भएको पाइन सकूँ। व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो" (३:८-९)।

धेरै मानिसहरू नैतिक, धार्मिक पनि छन्, तर सौजन्य, कर्कशता, पक्षपात, कठोरता, र आत्माको चिसोपनको संकेत भनेको शरीर (पापमय स्वभाव) ले धर्म लिएको छ र यसलाई एउटा व्यक्तिको पवित्रताको लागि ख्रीष्ट येशूमा भर पर्ने कुरालाई नकार्ने रणनीतिको रूपमा प्रयोग गरेको छ। एउटा लोभी व्यापारीको रूपमा जसले गरीबीमा भएका मानिसहरूलाई आफ्नो फाइदाको निम्ति जालमा फसाउँछन् र यो शरीर वा पापमय स्वभावको बन्धन हो र फरिसीहरू पनि त्यस्तै छन्। परमेश्वरको दृष्टिमा तिनीहरू एउटै हुन्।

यहाँ अप्ठ्यारो सत्यता छ: इसाईहरू पनि पापमय स्वभावमा जिइरहन सक्छन्। बचाउने अनुग्रहभन्दा अघि, शरीरले आत्मासँग युद्ध गर्दैन किनकि हामी हाम्रा पापहरूमा मरेका हुन्छौं। यद्यपि परमेश्वरको आत्मा हामीमा सक्छौं। अझ पनि हामी असल कुरा लिनसक्छौं र यसैलाई हाम्रो अन्तिम निर्णय बनाउन सक्छौं। हामी अझै पनि परमेश्वरमा भर पर्नुको सट्टा आफ्नै शक्ति र सामर्थ्यमा जिउँन सक्छौं। यसैकारण हामीलाई चोखो पार्ने अनुग्रह आवश्यक पर्दछ हामीमा नै निर्भर हुन चाहने हाम्रो पापमय स्वभावलाई क्रूसमा टाँग्न हामीलाई परमेश्वरको अनुग्रह चाहिन्छ – येशूको आत्माले पूर्ण नियन्त्रण लिन सकोस् भनेर हाम्रो आफ्नै जीवनको व्यवस्थापन गर्न चाहने हाम्रो सांसारिक भागलाई मार्नलाई उहाँको अनुग्रहको खाँचो छ।८६

जीवित रूपमा आउनुभएपछि पनि हामी पापमय स्वभावको (सांसारिक) तरिका नै जिउन प्रशंसित स्कटिश शिक्षक र उपासना लेखक ओसवल्ड च्याम्बर्सले आफ्नो स्वार्थलाई मार्ने कुरालाई विशेषरूपमा लिन्छन् ताकि ख्रीष्टलाई धेरैभन्दा धेरै चिन्न सकिन्छ।

---

८३ डनिङले यसो भने कि "सांसारिकपन एक भ्रामक शब्द हो, एक संज्ञाको रूपमा प्रयोग गरिन्छ जबकि बाइबलले सधैं सांसारिक [शारीरिक] विशेषण रूपमा प्रयोग गर्दछ। " Dunning,Pursuing the Divine Image, Kindle Location 2076. यसले "मासु" एक प्रकारको एलियन चीज हो, जस्तै "हामीभित्र रूपक रूपमा बस्ने क्यान्सर ट्युमर" भन्ने विचारलाई पनि अस्वीकार गर्छ जसलाई शल्यक्रियाद्वारा हटाउनु पर्छ। Ibid., Kindle Location 801. केही उन्नाइसौं शताब्दीका पवित्र प्रचारकहरू सहित हटाउनु पर्ने कुराको अवधारणाका समर्थकहरूले यसलाई उन्मूलनको रूपमा बुझाउँछन्।
८४ विलियम एच ग्रेटहाउस विथ जर्ज लियोन्स, न्यू बीकन बाइबल कमेन्टरी, रोमी १–८: वेस्लियन ट्रेडिशनमा टिप्पणी (कन्सास सिटी, एमओ: बीकन हिल प्रेस अफ कन्सास सिटी, २००८), १८२।

मैले मेरो भावनात्मक विचार र बौद्धिक आस्थाहरू लिनैपर्छ र तिनीहरूलाई पापको स्वभावको विरुद्ध नैतिक निर्णयमा परिणत गर्न इच्छुक हुनुपर्दछ; त्यो हो, कुनै पनि दावीको विरुद्धमा मसँग मेरो अधिकार छ।...एकचोटि जब म यो नैतिक निर्णयमा पुग्छु र त्यसमा कार्य गर्छु, ख्रीष्टले क्रूसमा मेरो लागि पूरा गर्नुभएका सबै कुराहरू ममा पूरा हुन्छन्। परमेश्वरप्रतिको मेरो अनियन्त्रित प्रतिबद्धताले मलाई येशू ख्रीष्टको पवित्रता प्रदान गर्ने मौका पवित्र आत्मालाई दिन्छ।८७

पापी स्वभाव (शरीर)ले हाम्रो जीवनमा शासन गर्नुपर्दैन। पवित्र जीवनको लागि स्वतन्त्रता प्रदान गरिन्छ। चोखो पार्ने अनुग्रह नै साधन र उपाय हो। यसर्थ अनुग्रहको यात्रामा चोखो पार्ने अनुग्रहले वास्तवमा कसरी काम गर्छ? त्यसको लागि अन्तमा हामी अध्यायको बाँकी भाग दिन्छौं.

शरीरले हाम्रो जीवनमा शासन गर्नुपर्दैन। स्वतन्त्रता पवित्र जीवनको लागि प्रस्ताव गरिएको छ। अनुग्रहलाई पवित्र पार्नु साधन र उपाय हो। त्यसोभए अनुग्रहको यात्रामा पवित्र अनुग्रहले वास्तवमा कसरी काम गर्छ? त्यसको लागि, हामी अध्यायको शेष भाग दिनेछौं।

## येशूजस्तै हुनु

म कसैको कथा भन्न गइरहेको छु, जसलाई म जर्ज भनेर सम्बोधन गर्दैछु, वास्तवमा यो उसको खास नाउँ होइन। जर्ज मेरो मण्डलीको सदस्य हो र साह्रै खुशी नहुने व्यक्ति हो। ऊ सधैँ केही न केही कुराको लागि दु:खी हुन्थ्यो। उसलाई कुनै संगीत वा मेरो प्रचार मन पर्दैनथ्यो। उसले भन्यो कि मैले पवित्रताको बारेमा त्यस्तो प्रचार गर्दिनँ जस्तो उसले बाल्यकालमा सुनेको थियो। यसबाहेक, उसलाई नयाँ मानिसहरू मन पर्दैनथ्यो। जर्जले मलाई सात पृष्ठको पत्र लेख्यो जहाँ तपाईंले कल्पना पनि गर्न नसक्ने नराम्रा टिप्पणीहरू थियो, जसले मेरो पास्टोरेटमा मेरा हरेक चालमाथि आक्रमण मात्र गर्दैन तर मेरो उद्देश्यको बारे लेख्ने घृष्टता गर्‍यो।

८६ ओसवाल्ड चेम्बर्सले येशूको मृत्यु र इच्छुक "सह-क्रूसिकरण" को रूपमा पहिचानको रूपमा आत्म-मृत्युको धारणालाई बुझाउँछ। त्यसै गरी, ईसाईहरू उहाँको पुनरुत्थानमा येशूसँग एकताबद्ध हुन सक्छन् र नयाँ जीवनको लागि "सह-पुनरुत्थान" साझा गर्न सक्छन्। येशूको पुनरुत्थान जीवन अब पवित्रताको जीवनमा अनुभव गरिएको छ। चेम्बर्स, माई अटमोस्ट फर हिज हाइस्ट (उरिचस्भिल, ओएच: बारबोर एण्ड कम्पनी, १९३५), ७३।

च्याम्बर्स, माइ अटमोस्ट फर हिस हाइयेस्ट, ५८।

केही समयको लागि उसको गुनासो थियो कि मण्डली आफैभित्र केन्द्रित छ र बाहिर पुग्न सकेको छैन। त्यसपछि, जब मण्डली नयाँ मानिसहरूले भरिन थाल्यो, यो कुरा पनि उसलाई मन परेन किनकि अब उसले भन्यो, हामीले ती पुराना विश्वासीहरूलाई वास्ता गरेका छैनौं, जोहरू वर्षौंदेखि यहाँ आइरहेका छन्, अनि मण्डलीलाई स्थिर गराउन जसले यो मण्डली भवनको पैसा भुक्तान गरेका छन्। उसले भन्यो, हामी खाली अरू मण्डलीहरूबाट भेडा चोरेर मात्र वृद्धि भइरहेका छौं (जुनचाहिँ साँचो होइन)। वास्तवमा चर्चले परिवर्तन चाहेको थिएन।

जर्जले पास्टरको रूपमा मेरो भावनात्मक उर्जालाई धेरै उपभोग गरेको छ। उसले बारम्बार चर्च छोड्ने घम्की दिन्थ्यो। मलाई लाग्छ। हामि सबैलाई थाहा भएको कुरा जो उसलाई पनि थाहा छ- कुनै पनि मण्डलीले उसलाई सहन सक्दैन। अन्तमा, एकदिन मैले उसलाई बोलाए अनि सोधें, “जर्ज, तिमीलाई थाहा छ, म तिमीलाई प्रेम गर्छु, तर अब अझ धेरै ई-मेल र पत्रहरू होइन। ईमेलमा म तिम्रो हृदयको कुरा सुन्न सक्दिनँ र तिमीले मेरो पनि सुन्न सक्दैनौं। अबदेखि उसो, यदि तिमीसित कुनै कुराको फिक्री वा गुनासो छ भने, तिमीले आमने-सामने बसेर यो कुरा बताउनेछौं।”

कमसेकम केही समयको लागि त सबै कुरा राम्रो हुँदै गएको जस्तो देखिन्थ्यो। उसले मलाई कहिल्यै फेरि पत्र पठाएन, तर उसले मण्डलीमा नकारात्मक कुरा फैलाइरह्यो। जर्ज आक्रमणकारी कुकुरभन्दा पनि लामखुट्टेजस्तो थियो- ज्यादै खतरनाक भन्दा पनि रिस उठ्दो थियो।

मेरो लागि सबैभन्दा दु:खको कुरा के थियो भने जर्ज कहिल्यै परिवर्तन हुन सकिरहेको थिएन। उ अस्वभाविक थियो, कसैले लामो समयसम्म याद गरिराख्न सक्ने मान्छे थियो। यो चर्चमा मात्र होइन। उ असल पति थिएन; असल बुबा पनि नभएकाले उसका छोरा-छोरीहरूले उसलाई मन पराउदैन थिए; उसको जीवनमा कुनै खुशी पनि थिएन। सबैभन्दा अचम्मको कुरा, ऊ ६० वर्षभन्दा बढी समयदेखि मण्डलीमा आइरहेको थियो। सायद सबैभन्दा नराम्रो कुरा, उसको परिवर्तन नभएकोमा कोही पनि छक्क परेका थिएनन्, र कोही पनि यस कुरामा खासै चिन्तित थिएनन्। जर्ज परिवर्तन हुँदैन भन्ने कुरालाई सबैले स्वीकार गरेका थिए। “ओह, जर्ज यस्तै हो” सबैले भन्थे। उ येशूजस्तै हुन सक्छ भन्ने कुरा कसैले आशा गरेनन्।

---

च्याम्बर्स, माइ अटमोस्ट फर हिस हाइयेस्ट, ५८।

जर्जको बारेमा सोच्दा, म यो कुरामा विश्वास गर्छु कि मण्डलीको स्वस्थ्यको बारेमा सोधिने प्रश्न, “कति मानिसहरू भेला हुन्छन्?” गलत प्रश्न हो। असल प्रश्न अथवा कम से कम सही दिशातिर वृद्धि हुँदै जाने सही प्रश्न हुनसक्छ, “यी मानिसहरू कोजस्ता छन”?८८ जब कोही इसाई बन्छ, लक्ष्य केवल ख्रीष्टको बारेमा सिक्नुमात्र होइन तर येशूजस्तै बनिँदै जानु पनि हो। यो अनुग्रहको यात्राम सबै चेलाहरूको लागि विशेष लक्ष्य हो।

## चेलापनको लक्ष्य

जब पावलले सेवकाईका वरदानहरू प्रस्तुत गरे, तिनले भने कि त्यहाँ प्रेरितहरू, अगमवक्ताहरू, प्रचारकहरू, गोठालोहरू र शिक्षकहरू हुनेछन्  तर तिनीहरूको एउटै उद्देश्य “ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्” (एफिसी ४:१२)। चेलापनसित सम्बन्धित ती शब्दहरूमा खोलिनुपर्ने धेरै कुराहरू छन्, तर आउनुहोस् हामी “शरीर (देह)”को आवधारणाबाट सुरु गरौं।

शरीर (देह) एउटा आकर्षक उपमा हो किनकि जब पनि आत्मिक विकासको उल्लेख गरिन्छ त्यहाँ केही जीवित छ भन्ने धारणा छ। सबै जीवजन्तुहरू बढ्छन्। मरेका चीजहरू अचल हुन्छ वा नष्ट भएर जान्छ। केवल जीवित वस्तुहरू मात्र बढ्छन्। निर्जीव वस्तुहरू बढ्दैनन्। फर्निचरको टुक्रा बढ्दैनन्। चट्टान बढ्दैन। जीवहरूमात्र बढ्छन्।

एउटा जीवाणु (१) वनस्पति, जनावर वा व्यक्तिजस्ता जीवित वस्तु, अथवा (२) अन्योन्याश्रित अङ्गहरूको कार्य प्रणाली हुनसक्छ जसमा कुनै जीवित प्राणी वा वस्तु समावेश हुन्छ। वनस्पतिहरू जीवाणुहरू हुन्। सुर्यको प्रकाश, पानी र पोषक तत्वबिना बोटबिरुवाहरू बढ्न सक्दैनन्। ती सबैलाई आफ्नो वृद्धि कायम राख्न इकोसिस्टम चाहिन्छ, नत्र ती मर्छन्। हाम्रो मानव शरीर पनि जीवाणु हो। हाम्रो मानव संरचना विज्ञान अन्योन्याश्रित अङ्गहरूको काम गर्ने प्रणाली हो – जो एकसाथ काम गर्ने प्रकारले बनाइएको सञ्चालन प्रणाली हो: “शरीर एक छ, र त्यसका धेरे अङ्गहरू हुन्छन्” (१ कोरिन्थी १२:१२)। जब एउटा अङ्गले राम्रोसित काम गरिरहेको हुँदैन, चाहे त्यो जतिसुकै नगण्य देखिए तापनि यसले सम्पूर्ण प्रणालीलाई हानि पुर्‍याउन सक्छ र हामीलाई अस्वस्थ्य बनाउन सक्छ।

८८ बिल हुल, द डिसाइपल्स- मेकिङपास्टर  ओल्ड तप्पन, एनजे: रेभेल, १९८८), १३।

जब पावलले भन्छन् कि हामी ख्रीष्टका शरीर हौं, तब उनले बताएका छन् कि मण्डली पनि एउटा जीवाणु हो, गतिशील, जीवित व्यक्तिहरू मिलेर बनिएको छ जो एक-अर्कामा निर्भर रहेका अङ्गहरू हुन् र अन्य अङ्गहरूसित मिलेर पवित्र आत्माको सामर्थ्यद्वारा प्राणशक्ति र स्वस्थ्यको लागि एक-अर्कासित मिलेर  काम गरिरहेका छन्: "किनकि शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरूबाट बनिएको हुन्छ" (१को. १२:१४)। जब अङ्गहरू समग्ररूपमा सँगै काम गर्दैनन्, यो रोगी र कमजोर भएको हुन्छ। यसको विपरित,  पुष्टिकारक तरिकामा जब अङ्गहरू जोडिएर एकसाथ वृद्धि हुँदै जान्छ, उत्साह र तन्दुरुस्ती परिणाम हो, र एउटा आकार  बन्न थाल्छ, र अन्तिम लक्ष्य (टेलोस) प्राप्त हुन्छ। हामी शरीरको निर्माण गर्छौं, "जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौ, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं" (एफिसी ३:१३लाई जोड दिएर)। इसाई परिपक्वताको लक्ष्य ख्रीष्टको पूर्णता र ख्रीष्टजस्तै हुनु हो। अर्को कुनै उद्देश्य छैन। यसर्थ, यो मण्डलीको लागि हो। जब हाम्रा व्यक्तिगत अङ्गहरू एकसाथ आउँछन्, यो ख्रीष्टको शरीर जस्तै देखिन्छ। यसबाहेक, यदि हामीले यसलाई पहिलोचोटि गुमायौं भने, पावलले दोहोर्‍याए कि, "बरू प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ" यो के बन्ने उद्देश्यमा बढ्छ (पद १५)।

सबै आत्मिक वृद्धिको लक्ष्य, एउटा एउटा र साम्प्रदायिक रूपमा, व्यक्तिगत र सामुहिक रूपमा, येशूजस्तै बन्नु हो। येशूजस्तै बन्ने कार्य वा प्रक्रिया पवित्रीकरण हो, र अनुग्रहलाई पवित्र बनाएर सम्भव पारिएको छ।

## पवित्रता वैकल्पिक होइन

ग्रीक भाषामा, पवित्रीकरण "पवित्र" (हगियोस) शब्दसँग सम्बन्धित छ। वेस्लेयन-पवित्रता धर्मशास्त्रले सुसमाचारको असल खबर केवल यो मात्र होइन कि हामी मरेपछि एक दिन परमेश्वरको साथमा हुनेछौं तर परमेश्वरको राज्यमा प्रशस्त जीवनको प्रस्ताव अहिले, हामी जहाँ छौं त्यहीको लागि हो। परमेश्वरको योजना यो हो कि हामीमा भएको उहाँको स्वरूप जसलाई पतनद्वारा बिगारिएको थियो त्यसलाई यसको सम्पूर्ण सुन्दरता र महिमामा पुनर्स्थापित गरियोस् कि हाम्रो सोंच, बोली र काममा ख्रीष्टको रूप झल्काउँदै हामी उहाँको उत्कृष्ट कृति बनौं। यसलाई पवित्रीकरण भनिन्छ र हामी त्यही बनिरहेका छौं। यो बढ्दै गइरहेको इसाईको लागि वैकल्पिक छैन।

कसैले नयाँ गाडी किन्दा गाडी बेच्ने व्यक्तिले स्तरीय उपकरण र वैकल्पिक सरसमानहरूको बारेमा छलफल गर्नेछ। हरेक गाडीमा स्टेरिङ ह्वील, सिलबेल्ट, ऐना, मोटर आदि हुनेछन्। यो स्तरीय उपकरण हो, गाडीमा ती सबै लगाइएको छ। तैपनि, यदि कसैलाई स्वचालित सञ्झ्यालहरू, विशेष पाङ्ग्राहरू र उपग्रह स्टरिङ प्रणाली चाहन्छ भने, उनीहरूले ती वैकल्पिक सामानहरूको लागि मूल्यको बारेमा सोध्नु पर्दछ, जसको अर्थ प्रत्येक कारमा ती सब छैन। येशूको चेलाको लागि पवित्रीकरण वैकल्पिक सहायक होइन। यो हरेक मोडलको लागि स्तरीय उपकरण हो। येशूजस्तै हुने आशा गरिएको छ किनभने वृद्धिको कुनै विकल्प छैन। हामी सधैँ आत्मिक तवरमा गठन हुने प्रक्रियामा जहिले पनि कुनै न कुनै कुरातर्फ अघि बढिरहेका हुन्छौं ।

फेरि, पावलले रोमी १२ मा यसलाई पुष्टि गर्छन् जब उनी भन्छन्, “यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूलले जाँच्न सक” (रोमी १२:२)। ढाँचा वा परिवर्तित - ती हाम्रा दुई मात्र विकल्प हुन्। **यदि हामी** परमेश्वरको नविकरण गर्ने शक्तिद्वारा **परिवर्तन हुन सकेनौ भने** (मनमा पूर्णरूपले परिवर्तन), तब हामी संसारमा परमेश्वरको विरुद्धमा भएको शक्तिद्वारा त्यस अनुरूप (ढाँचा दिइएको र बनाइएको) बनिरहेका छौं,। तपाईं आत्मिक बन्न जादैहुनुहुन्छ भन्ने प्रश्न होइन; प्रश्न यो हो कि तपाईंलाई केले बनाउँछ? यदि परमेश्वरले हामीलाई बनाइरहनुभएको छैन भने, त्यहाँ एउटा आत्मिक शत्रु छ जो अति नै दुष्ट छ त्यसले हाम्रो जीवनलाई आफ्नो इच्छाअनुसारको रुप दिनु अति नै खुशी छ।

सरल भाषामा भन्ने हो भने, परमेश्वरबाहेक संसारले मानिसहरूलाई कुरूप र निष्क्रिय बनाउँछ। परमेश्वरले सुधार र रुपान्तरण गर्नुहुन्छ। त्यसैकारण पवित्रीकरण अर्थात येशूजस्तै बन्नु अति नै महत्त्वपूर्ण छ। केही शब्दहरूले मानव जीवनको लागि परमेश्वरको इच्छालाई बाइबलबाट सुन्दर प्रकारले वर्णन गर्दछ: “किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो” (१थेसलोनिकी ४:३); र “सबै मानिसहरूसँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर; पवित्रताविना कुनै मानिसले परमेश्वरलाई देख्न सक्दैन” (हिब्रू १२:१४)। शान्ति र पवित्रताको पछि लाग्ने आज्ञाको अर्थ निष्क्रियतामाथि कार्य गर्नु हो। व्यक्तिको आत्मिक वृद्धिलाई पवित्रीकरण वा पवित्रता भनिन्छ। प्रारम्भिक पवित्रीकरण र सम्पूर्ण पवित्रीकरण एउटै होइन, तर सबै पवित्रीकरणको लक्ष्य येशूजस्तै हुनु हो। यो हरेक इसाई जीवनको लागि परमेश्वरको इच्छा हो किनभने, यदि हामी “ख्रीष्टसम्मै बढ्दैजाओ, जो शिर हुनुहुन्छ” भन्ने वचनअनुसार बढ्दै गएनौं भने, हामी पवित्र प्रेमद्वारा होइन तर अरू नै कुराले बनाइएका हुनेछौं (एफिसी ४:१५)।

# आत्मिक वृद्धिको लागि समीकरण

चेलापन विकल्प होइन। अधिकांश इसाईहरूले यस विषयमा तर्क गर्दैनन्। वास्तविक प्रश्न के हो भने, यो वृद्धि कसरी हुन्छ? जेम्स एमरी ह्वाइटले आफ्नो पुस्तक *रिथिंकिङ द चर्च* मा चेलापन प्रक्रियाबारे थुप्रै मानिसहरूले के विश्वास गर्छन् बनेर व्याख्या गरेका छन्। उनले प्रस्ताव गरेका सुत्र गणित समीकरणको रूपमा दिइएको छ:

उद्धार (मुक्ति) + समय + व्यक्तिगत प्रयोग =जीवन परिवर्तन

यो नियम चारवटा मान्यताहरूमा आधारित छ: १. उद्धारको समयमा जीवन परिवर्तन हुन्छ; (२) यो समयको साथ स्वभाविकरीपमा निरन्तर भइरहन्छ; (३) यो आफ्नो इच्छाद्वारा प्राप्त गरिन्छ; (४) यो एकलै पूरा गर्नसकिन्छ।८९ आउनुहोस् हामी प्रस्तावित परिकल्पनालाई ध्यान दिएर हेरौं।

प्रथम, “उद्धार-मुक्ति” हो। उद्धार-मुक्ति भनेको हाम्रो अस्तित्वको यस्तो आमूल परिवर्तन हो (नयाँ जन्मेको) कि त्यहाँ इच्छाहरू, आदतहरू, मनोवृत्तिहरू र चरित्रको चमत्कारिक रूपान्तरणमा समस्या हुने हृदयको तत्काल परिवर्तन हुन्छ। इसाईहरू जन्मेका हुन्, बनेका होइनन्। किनकि उद्धार-मुक्तिले परमेश्वरसितको हाम्रो सम्बन्धको स्थीतिलाई परिवर्तन गर्छ, हाम्रो अनन्त गन्तब्यलाई परिवर्तन गर्छ, र हाम्रो जीवनमा पवित्र आत्माको शक्ति र कामको परिचय गराउँछ, तत्काल र ठोस वृद्धिको अपेक्षा गरिन्छ। यही नै उद्धार-मुक्तिको धारणा हो।

दोस्रो हो “समय”। रुपान्तरण प्रक्रिया परिवर्तनको समयमा हुन्छ, यो स्पष्ट छ कि एक व्यक्ति इसाई भएको समयमा पूर्णरूपले विकसित भएको हुँदैन। ह्वाइट भन्छन्, प्रतिरोध र स्वार्थका शेष रहेका ठाउँहरू अझै पनि छन्, जससँग कार्य गरिनु आवश्यक छ।९० तसर्थ, यो नियमले पाँच वर्षे इसाईको आत्मिक परिपक्कता पाँच वर्ष हुनेछ र दस वर्षे इसाईसँग दस वर्ष कै परिपक्कता हुनेछ, यस्तै अन्य अरूसित पनि हुनेछ भनी बताउँछ। विश्वासले मद्दत गर्न सक्दैन तर समयको साथ बढ्दै जान्छ, त्यसैले हामीले केवल बाइबल पढ्नुपर्छ अनि सकेसम्म चर्चमा उपस्थित हुनुपर्छ र आत्मको फल गुणात्मक रूपमा बढेर जानेछ, र हामी येशूजस्तै हुनेछौं। यो समयको धारणा हो।

तेस्रो, “व्यक्तिगत प्रयोग” हो। यो व्यक्तिको इच्छाशक्तिसँग सम्बन्धित छ। विचार यो हो कि समयको साथ स्वभाविक रूपमा जे हुँदैन त्यो दृढ संकल्प र मानव प्रयासद्वारा पूरा हुनेछ। एक व्यक्तिले के गर्नै पर्छ भने, एउटा निश्चित तरिकामा जिउँने र काम गर्ने निर्णय गर्नुपर्छ (केही दृढ्तापूर्वक हटाउनु ) – किनकि इसाई जीवन इच्छाका कार्यहरूद्वारा स्थिर हुन्छ। पर्याप्त समय साथै

हाम्रो इच्छाशक्तिले आत्माको फल फलाउनेछ। यो व्यक्तिगत प्रयोगको धारणा हो।

अन्तमा, "एकलै सर्वोत्तमप्रकारले सम्पन्न गर्नु" । चेलापन समीकरणको अन्तिम धारण स्वतन्त्रता हो, अथवा येशू ख्रीष्टसँगको व्यक्तिगत सम्बन्ध एक निजी सम्बन्ध जस्तै हो।९१

यसरी समीकरण जान्छ, तर हामी विरलै ती धारणाहरू वैध छ कि छैन भनी सोध्ने कष्ट उठाउँछौं। के यसरी चेलापन हुन्छ? के हामी उद्धार-मुक्तिपछि हाम्रो आत्मिक जीवनमा स्वत: आफै वृद्धि हुन थाल्छौं? जब कुनै व्यक्ति इसाई हुन्छ, के उसको आदत, विचार, चरित्रको गहिराइमा तुरुन्तै परिवर्तन हुन्छ? के इसाईहरू समय र आफ्नो इच्छाशक्तिले मात्रै वृद्धि हुन्छन्? परमेश्वरसितको हाम्रो सम्बन्ध व्यक्तिगत भएकोले के येशूका चेलाहरूले एकलै काम गर्नु उत्तम हो? यदि यी धारणाहरू सही छन् भने, मण्डलीमा यसको पर्याप्त प्रमाण हुनुपर्दछ। यदि ह्वाइटले देखाएका सबै कुरा सत्य हुन् भने, समीकरणमा काम गर्दा निरन्तर समान परिणामहरू प्रदान गर्दछ: व्यक्तिगत इसाईहरू र ख्रीष्टका शरीर आफ्नो सोंच, बोली र काममा येशूजस्तै हुँदै जान्छ।९२ तैपनि, यो नियम पूर्णरूपमा पूरा भएको छैन भन्ने कुराका केही महत्वपूर्ण कारणहरू छन्:

सुरू गर्नेहरूका लागि, येशूका चेलाहरू जन्मेका र बनाइएका दुवै हुन्छन्। बचाउने अनुग्रहले हाम्रो परमेश्वरसितको हाम्रो सम्बन्धको स्थीति, हाम्रो अनन्तको गन्तब्य परिवर्तन गर्दछ, र पवित्र आत्माको शक्ति र कामलाई हाम्रो जीवनमा परिचय दिन्छ। तैपनि, नयाँ करारका शिक्षाहरूबाट हामी देख्छौं, नयाँ इसाईहरू अझ पनि चरित्रमा परिपक्क भइसकेका छैनन्। इसाई हुनु भनेको ख्रीष्टजस्तै हुनुमा स्वत: अनुवाद हुँदैन। विकास आवश्यक छ।९३ यी वास्तविकताहरूको प्रकाशमा, आउनुहोस् अनुग्रहलाई पवित्र बनाएर आत्मिक वृद्धि कसरी हुन्छ भन्ने बारे बाइबलीय ढाँचालाई विचार गरौं।

**आत्मिक वृद्धि उद्धार-मुक्तिबाट सुरु हुनसक्छ, तर जीवनभरि अनुग्रहमा बढ्दै जान्छौं।**

पवित्रता र सम्पूर्ण पवित्रताबीच भिन्नता छ। पवित्रीकरण तुरुन्तै हुन्छ वा नियमित रूपमा हुन्छ भन्ने बहस जहिले पनि देखिन्छ। के त्यहाँ कुनै महत्त्वपूर्ण क्षण छ, वा यो एक प्रक्रिया हो? यसको जवाफ दुवै हो।९४ चोखो पार्ने अनुग्रह सुरु भएको क्षणमा नै हामी बचाउने अनुग्रहको अनुभव गर्छौं।

---

जेम्स एमरी वाइट, *रिथिङकिङ द चर्च: ए च्यालेन्ज टि क्रिएटिभ रिडिजाइन इन एन एज अफ ट्रान्जिसन* (ग्रान्ड रेपिड्स: बेकर बुक्स, १९९७), ५५।

९० वाइट, रिथिङ्किङ द चर्च, ५६।

ईश्वरशास्त्रविदहरूले यसलाई "प्रारम्भिक पवित्रता" को रूपमा उल्लेख गर्छन् , त्यसपछि अनुग्रहमा आत्मिक वृद्धि हुन्छ, त्यतिबेलासम्म कि हाम्रोतर्फबाट पूर्ण अभिषेक र पूर्ण समर्पणको क्षणमा परमेश्वरले हृदयलाई चोखो र सफा पार्नुहुन्छ। यो एउटा अनुभव हो जसलाई सम्पूर्ण पवित्रता वा "इसाई सिद्धता" भनिन्छ।९५ तथापि, परमेश्वरमा पूरा रीतिले अभिषेक गरिएको क्षणपछि हामी अनुग्रहमा बढ्दै जान्छौं र बाँचुञ्जेलसम्म वृद्धि हुन छोड्दैनौं।

नाजरेनहरूको मण्डलीका लागि विश्वासका लेखहरूले यसो भन्छ: "हामी विश्वास गर्छौं कि चोखो हृदय र परिपक्क चरित्रबीच उल्लेखनीय भिन्नता छ। सम्पूर्ण पवित्रताको परिणामअनुसार पहिलो एकनिमेषमा प्राप्त हुन्छ; पछिबाटको चाहिँ अनुग्रहमा वृद्धिको परिणाम हो। जब हामी विश्वासमा अग्रगामी अनुग्रहको प्रत्युत्तर दिन्छौं, तब हामीले बचाउने अनुग्रह पाउँछौं। हाम्रा प्राथमिकताहरूको आमूल परिवर्तन भएको छ, हाम्रा इच्छाहरूको पुनसंरचना गरिएको छ, र पवित्र आत्माको शक्ति र कार्य हाम्रो जीवनमा शिथिल भएको छ। हामीमा भएका हरेक हानिकारक आदत, चरित्रदोष वा खराब स्वभावबाट तुरुन्तै छुटकारा पाउनुको साटो परमेश्वरले आफ्नो चाहनाअनुसार बनाउन हामीमा निरन्तर काम गरिरहनुभएको छ। सबै इसाई चेलापनको लक्ष्य येशूजस्तै हुँदै जानु हो। यसैले पावल तर्क गर्छन्, जसरी हामी बालकहरू बालकै रहेको चाहँदैनौं, त्यसरी नै हामी तिनीहरू हुर्केको र वयस्कहरूझैं पूर्ण परिपक्कतामा आएको चाहन्छौं, इसाईहरूको हैसियतमा हामीले आत्मिक बालक भएर नबस्ने आशा गर्नुपर्छ। आत्मिक सङ्कट र धर्ममा भएको प्रक्रिया धेरै वर्षसम्म पवित्रताका मानिसहरुले थाहा गरे कि जुन कामको निम्ति तिनीहरूलाई बोलाइएको थियो त्यो वेदीमा आएर समाप्त भयो, जब अगाडि आएका भीडहरूले पुनर्जीवन र पवित्रीकरणको आशिष पाए, तर यो स्पष्ट भयो कि हाम्रो काम केवल यस ठाउँमा सुरु भएको छ। नाजरेन चर्चले यी दुई महत्त्वपूर्ण सिद्धान्तहरूको संयोजन गरिरहेको छ, अर्थात संकट र प्रक्रिया। मानिसहरूलाई परमेश्वरतर्फ डोर्याउनु र प्रारम्भिक उद्धारमा ख्रीष्टको शरीरको उन्नति र इसाई चरित्रको विकास।" *जनरल एसेम्बली जर्नल,* डनिङ, पर्सुयिङ द डिभाइन इमेज, किन्डल लोकेसन २१७६, फुटनोट २६ मा सान्दर्भित।

---

९१ ख्रीष्टसँगको व्यक्तिगत सम्बन्धलाई येशूसँगको व्यक्तिगत सम्बन्धको पर्यायवाची भएको विचार संसारका अन्य भागहरू भन्दा पश्चिमी समाजमा धेरै प्रचलित छ। संयुक्त राज्य अमेरिकामा व्यक्तिवादलाई सांस्कृतिक गुण मानिन्छ। वाइट, रिथिङ्किङ द चर्च, ५७।

वृद्धि उद्धार-मुक्तिमा सुरु हुन्छ, तर हामी जीवनभर अनुग्रहमा निरन्तर बढ्दै जान्छौं। हामी आजभन्दा अझ अर्को वर्ष येशूजस्तै हेर्ने, कार्य गर्ने, सोच्ने हुनैपर्छ, यसरी हामी चोखो पारिने अनुग्रहद्वारा प्रगति गर्छौं।

२. आत्मिक उन्नतिमा समयमात्र होइन, धेरै कुराहरू समावेश छन्।

म पियानो बजाउन सक्छु भनेर कि त मेरा धेरैजसो मित्रहरूलाई थाहा छैन, वा त तिनीहरूले बिर्सी सके। मैले पियानो बजाएको चालीस वर्षभन्दा बेसी भयो। जब म दस वर्षको थिएँ, प्रत्येक दिन म अभ्यास गर्थे (मेरी आमाको रेखदेखमा, जसले फुटबल खेललाई भन्दा पियानो अभ्यासलाई प्राथमिकता दिए)। अहिले म कहिलेकाहीँ पियानो बजाउछु- वर्षमा एकपटक। यदि कसैले मलाई मैले कति लामो समयसम्म बजाएको छु भनेर सोध्यो भने, मेरो लागि चार दशक भन्नु सत्य हुनेछ, तर बाँकी कथा यो हो कि मैले ती चार दशकको अभ्यासको लागि जानी जानी बिताएको छैन। त्यहाँ चर्चमा बाल-बालिकाहरू छन् जसले केही वर्षको लागि मात्र पियानो बजाएका छन् जसले मभन्दा राम्रो बजाउन सक्छन्, यद्यपि, म प्राविधिक रूपमा धेरै लामो समयदेखि बजाइरहेको छु।

यो हाम्रो आत्मिक जीवनभन्दा फरक छैन। केवल जानकारीको लागि खुल्ला हुनुको अर्थ यो होइन कि मानिसहरूले यसलाई अवशोषित गर्छन्, यसलाई बुझ्छन्, यसलाई अँगालेर बस्छन् र यसलाई बस्छन्। आत्मिक उन्नति गर्न समय लाग्छ भन्ने कुरा साँचो भए तापनि पवित्र अनुग्रह स्वाभाविक रूपमा समयको उपज हो वा इसाई संस्कृतिको सम्पर्कको उपज पनि हो भन्ने कुरा साँचो होइन।९६ चर्चहरू ती मानिसहरूले भरिएका छन् जसले वर्षौंसम्म इसाई भएर बिताएका छन् – तैपनि तिनीहरूको जीवनले येशूको आत्मालाई एकदमै कम प्रतिबिम्बित गर्छ। तिनीहरू आलोचनात्मक, कुटिल, सनकी, नकारात्मक र स्वार्थी हुन्छन्। तिनीहरूमध्ये

---

एन.टी राइटले सदगुणको इसाई अवधारणालाई चरित्रको रुपान्तरणको रूपमा पारिभाषित गरेका छन्। राइट, आफ्टर यू बिलिभ: वाई ख्रीष्टियन च्यारेक्टर म्याटर्स (न्यू योर्क: हार्परकोलिन्स पब्लिसर्स, २०१०)। "दिगो राख्ने अनुग्रह" भन्ने अध्याय ५ मा सदगुणको बुझाइलाई अझ धेर समय दिइनेछ।

तात्कालिक वा प्रगतिशील, संकट वा प्रक्रियाको विषय, सम्पूर्ण पवित्रताको अनुभवमा ऐतिहासिक रूपमा वेस्लियन-होलिनेस सर्कलहरूमा ठूलो बहसको विषय भएको छ। जोन वेस्ली आफैंले लगातार दुवैको आवश्यकतालाई जोड दिए, र प्रारम्भिक नाजरेन अगुवाहरू सामान्यतया सन्तुलन सुझाव दिन सावधान थिए। जनरल सुपरिटेन्डेन्ट आर.टी. विलियम्सले चर्च अफ द नाजरेनको १९२८ को महासभामा निम्न कुरा भने: "चर्चले दुवै कुरामा जोड दिनुपर्छ।"

यो हाम्रो आत्मिक जीवनभन्दा फरक छैन। केवल जानकारीको लागि खुल्ला हुनुको अर्थ यो होइन कि मानिसहरूले यसलाई अवशोषित गर्छन्, यसलाई बुझ्छन्, यसलाई अँगालेर बस्छन् र यसलाई बस्छन्। आत्मिक उन्नति गर्न समय लाग्छ भन्ने कुरा साँचो भए तापनि पवित्र अनुग्रह स्वाभाविक रूपमा समयको उपज हो वा इसाई संस्कृतिको सम्पर्कको उपज पनि हो भन्ने कुरा साँचो होइन।९६ चर्चहरू ती मानिसहरूले भरिएका छन् जसले वर्षौंसम्म इसाई भएर बिताएका छन् – तैपनि तिनीहरूको जीवनले येशूको आत्मालाई एकदमै कम प्रतिबिम्बित गर्छ। तिनीहरू आलोचनात्मक, कुटिल, सनकी, नकारात्मक र स्वार्थी हुन्छन्। तिनीहरूमध्ये

### 3. आत्मिक उन्नति समयको प्रश्न होइन, किनकि यो परमेश्वरसितको सहकारिता र सुविचारित तालिम हो

हिब्रूहरूलाई लेखेको पत्रको लेखक यसो भन्छन्: "किनकि यतिको समयसम्म त तिमीहरू शिक्षक भइसक्नुपर्दथ्यो, तर अझै पनि तिमीहरूलाई कसैले परमेश्वरका वचनको आधारभूत शिक्षाहरू सिकाउनुपरेको छ। तिमीहरूलाई खँदिलो भोजन होइन, तर दूधे चाहिन्छ। दूध मात्र खाएर बाँच्ने मानिसचाहिँ धार्मिकताको वचनमा निपुण हुँदैन, किनकि त्यो बालकै हुन्छ। खँदिलो भोजन त परिपक्व मानिसहरूको निम्ति हो। यिनीहरूको मानसिक शक्ति निरन्तर अभ्यासद्वारा असल र खराब छुट्ट्याउन सक्ने भएको हुन्छ। यसकारण ख्रीष्टसम्बन्धी प्राथमिक सिद्धान्तहरूलाई छोडेर हामी परिपक्वतातिर बढौं। मृत्युतिर लैजाने कर्महरूबाट पश्चात्ताप र परमेश्वरमाथिको विश्वासको कुराको जग फेरि नबसालौं" (हिब्रू ५:१२-६:१)।९७

---

९५ इसाई सिद्धता बाइबलीय वाक्यांश हो र प्रायः इसाईहरूको इतिहासभरि प्रयोग हुने गरिन्छ। प्रारम्भिक चर्चका आमा-बुबाहरूले सिद्धान्तलाई ईश्वरत्व वा ईश्वरीय स्वभावमा भाग लिने विचारसँग तुलना गरे। यद्यपि, सिद्धताको आधुनिक अवधारणालाई फरक तरिकाले बुझिन्छ। यसलाई "पापरहित पूर्णता" वा, थोमस नोबलले लेखेझैं, "यस जीवन भित्र, इसाईहरू सिद्धताको अन्तिम चरणमा पुग्न सक्थे भन्ने विचार जहाँ उनीहरू पापरहित र पूर्णरूपमा पवित्र थिए" भनेर सही रूपमा कहिल्यै सिकाइएको छैन। टी.ए. नोवेल, होली ट्रिनिटी, होली पिपल: द हिस्टोरिक डक्ट्रिन अफ क्राइस्ट परफेक्टिङ (Eugene, OR: Cascade Books, 2013), 22. आधुनिक व्याख्याको भ्रमबाट बच्न, र अनुग्रहमा वृद्धिका गतिशील पक्षहरूलाई हाइलाइट गर्न, नोबलको तर्क, "अन्तिम आगमनको सट्टा गतिको पूर्णताको त्यो गतिशील अवधारणालाई ध्यानमा राख्दै, यो ग्रीक शब्दको यो अर्थ 'पूर्णता' शब्द प्रयोग गरेर होइन, तर यसलाई 'पूर्णता' को रूपमा अनुवाद गरेर व्यक्त गर्न उपयुक्त हुन सक्छ।" Ibid., २४।

"यतिको समयसम्म" भन्ने वाक्यांशको आधारमा हामी अनुमान गर्न सक्छौं कि धर्मशास्त्रको यो भाग विश्वासीहरूको लागि लेखिएको थियो  जो केही समयदेखि इसाई भइसकेका थिए। तिनीहरूका शब्दहरू र तिनीहरूको उदाहरणद्वारा अनुग्रहको यात्राको शिक्षक बन्नुको सट्टा, तिनीहरू अझै पनि बालकले खाने खाना खाइरहेका थिए। खँदिलो भोजन खाने र परिपक्क इसाई बन्ने बाटो धार्मिकतामा आफूलाई प्रशिक्षित गर्नु हो – यस्तो प्रशिक्षण जसले तिनीहरूलाई सही र गलतबीचको भिन्नता चिन्न र असल र असलबीचको भिन्नता छुट्ट्याउन मद्दत गर्छ। यो इसाई सिद्धता, वा ख्रीष्टमा परिपक्कतातर्फ गइरहेको छ जसले पश्चात्ताप गर्ने विश्वासीहरूलाई हृदयमा बाँकी रहेका शरीरका पक्षहरूबाट अलग हुन अनुमति दिन्छ।९८

हिब्रू धर्मशास्त्रमा "अभ्यासद्वारा प्रशिक्षित" भन्ने वाक्यांश चाखलाग्दो छ। यसको तात्पर्य जानाजानी गरिएको प्रयास हो र यसले इसाईहरू ख्रीष्टमा हाम्रो आफ्नै आत्मिक वृद्धिमा भाग लिन्छन् भन्ने बुझाउँछ। अरू उदाहरणहरू प्रशस्तै छन्: आफैलाई सुसज्जित गर! आफ्नो विश्वास बलियो पार! दौड भाग लेऊ! आफ्नो हृदयको रक्षा गर! परमेश्वरले हामीमा के काम गरिरहनुभएको छ भनी संसारमा देखाउने यी सबै बाइबलीय आदेशहरू हुन्। यो प्रशिक्षण विशिष्ट अभ्यासहरू अर्थात अनुग्रहका माध्यमहरूद्वारा सम्पन्न गरिएको छ जसलाई जोन वेस्लीले धर्मपरायणता र दयाका कार्यहरू भनेका थिए।९९ धार्मिकताका कामहरूमा समावेश छन् धार्मिकताका कार्यहरूमा प्रार्थना गर्नु, बाइबल पढ्नु, उपवास बस्नु, प्रभुभोज लिनु, बप्तिस्मा, र अन्य विश्वासीहरूसोत समय व्यतित गर्नु जस्ता अनुग्रहका स्थापित माध्यमहरू समावेश छन्। अरूको सेवा गर्दा दयाका कामहरू पनि अनुग्रहको माध्यम हुन्, जस्तै "भोकाहरूलाई खुवाउने, नाङ्गोलाई पहिराइदिने, अपरिचितहरूलाई वास्ता गर्ने, झ्यालखानमा भएका वा बिरामीहरूलाई भेट्न जाने र अनभिज्ञहरूलाई निर्देशन दिने।"१०० अनुग्रहका साधनहरू वरदानको रूपमा ग्रहण गरेझैं हामी तिनीहरूलाई अभ्यास गर्छौं; हाम्रो सहभागीता आवश्यक छ।१०१

---

९६वाइट, *रिथिङ्कीङ द चर्च*, ५९ ।

९७ जोन वेस्लीले "विश्वासीहरूको पश्चात्ताप" शीर्षकको उपदेशमा पवित्र जीवन पछ्याउने ईसाईहरूका लागि पश्चात्तापको निरन्तर आवश्यकतामा जोड दिए। एउटा पवित्र सम्मेलनमा पठाइएको एउटा पेपरमा, सेमिनरीका मेरा एक धर्मशास्त्रका प्राध्यापक, रोब एल. स्टेपल्सले भने, "सम्पूर्ण पवित्रतालाई निरन्तर पश्चात्तापको साथ [परमेश्वरको स्वरूपमा नवीकरण] को हाम्रो गन्तव्यको पूर्ण प्रतिबद्धताको रूपमा बुझ्न सकिन्छ। त्यस्ता प्रतिबद्धतालाई बाधा पुर्‍याउने वा कमजोर पार्ने कुनै पनि कुराबाट र परिणामस्वरूप शुद्धीकरण, वा वेस्लीले 'विश्वासीहरूको पश्चात्ताप' भनेका थिए जसलाई उनले भनेका छन् 'हाम्रो क्रिश्चियन पाठ्यक्रमको प्रत्येक पछिल्लो चरणमा आवश्यक छ। पवित्र धर्मशास्त्रमा, "संशोधन पवित्र सम्मेलन, नर्थवेस्ट नाजरेन विश्वविद्यालय, फरवरी 9, 2007।

तैपनि, सहभागितालाई नियन्त्रणसँग नजोडियोस् भनी हामी होसियार हुनैपर्छ। हामी आफ्नो आत्मिक वृद्धिलाई नियन्त्रण गर्दैनौं। वा त्यसको कारण पनि गर्दैनौं। केही कुरा हाम्रो नियन्त्रणमा छन्। हामी लिखित सन्देश पठाउनसक्छौं, बस गुडाउन सक्छौं, किराना पसलमा किनमेल गर्नसक्छौं। यस्ता कुराहरू पनि छन्, जुन हामी गर्नसक्दैनौं। हामी मौसम परिवर्तन गर्नसक्दैनौं। हामी हाम्रो जीन परिवर्तन गर्नसक्दैनौं। हामीले नियन्त्र गर्न सक्ने र नसक्ने दुवै अस्तित्वमा छन्।

तथापि, त्यहाँ तेस्रो श्रेणी पनि छ: ती चीजहरू जसलाई हामी नियन्त्रण गर्नसक्दैनौं तर त्यससँग मिलेर काम गर्नसक्छौं। निन्द्राको बारे सोच्नुहोस्। यदि तपाईंका छोरा छोरी थिए भने, तपाईंले आफ्ना छोरा छोरीलाई सुत्न पठाएको कुरा थाहा होला। कहिलेकाहीँ तिनीहरूले यस्ता जवाफ दिनेछन्, "म सुत्न सक्दिनँ!" तिनीहरू आंशिकरूपमा सही छन्। तपाईंले जसरी कसैलाई फोन गर्नुहुन्छ त्यसरी तिनीहरू सुत्न सक्दैनन्। आमाबुबाको रूपमा, हामी हाम्रा छोराछोरीहरूलाई आश्वासन दिन सक्छौं कि तिनीहरूले सुत्ने प्रयास गर्नसक्छन्। तिनीहरूले सुत्ने तयारी गर्नुपर्छ। तिनीहरू पलङमा ढल्किनुपर्छ, बत्ती निभाउनुपर्छ, आँखा बन्द गर्नुपर्छ, मधुर संगीत सुन्नुपर्छ, अनि निन्द्रा आउँछ! तिनीहरूले यसलाई नियन्त्रण गर्नसक्दैनन् , तर तिनीहरू असहाय पनि छैनन्। तिनीहरूले आफैलाई सुत्न दिनुपर्छ अनि बिस्तारै निन्द्रालाई आउन दिनुपर्छ। आत्मिक वृद्धिको सन्दर्भमा पनि यही कुरा लागू हुन्छ। हामी आफैले आफैलाई चोखो पार्नसक्दैनौं र येशू जस्तो हुन पनि सक्दैनौं। तर पवित्र आत्माले हामीलाई पवित्र पार्नुहुन्छ। परमेश्वर हाम्रो पवित्रकर्ता हुनुहुन्छ। तथापि, हाम्रि उद्धारमा, मिलेर काम गर्नु आवश्यक छ। हामी आफैलाई बचाउन सक्दैनौं तर बचाउने अनुग्रहलाई काम गर्ने अनुमति दिनसक्छौं।

---

९८"अनुग्रहको माध्यमबाट" म बाहिरी चिन्हहरू, शब्दहरू, वा कार्यहरू बुझ्दछु, परमेश्वरले नियुक्त गर्नुभएको छ, र यस उद्देश्यको लागि नियुक्त गरिएको छ, सामान्य माध्यमहरू हुन जसद्वारा उहाँले मानिसहरूलाई बताउन सक्नुहुन्छ, अनुग्रहलाई रोक्न, प्रमाणीकरण, वा पवित्रीकरण गर्न सक्नुहुन्छ।" वेस्ली, "उपदेश 16: अनुग्रहको साधन," II.1, http://wesley.nnu.edu/john--wesley/the--sermons--of--john--wesley--1872--edition/sermon--16--the-- means--of--grace/. अनुग्रहको साधनहरूलाई कहिलेकाहीँ आत्मिक अनुशाषण पनि भनिन्छ।

प्रख्यात चेलापन शिक्षक डल्लास विलार्डले प्रसिद्ध रूपमा भनेका छन्, "अनुग्रह प्रयासको विरोध होइन; यो आर्जनको विरोध हो।"१०२ अनुग्रह पुनर्जीवन, दोषमुक्ति र क्षमादानभन्दा बढी हो। चेलापनको सम्पूर्ण यात्राको लागि अनुग्रहको खाँचो छ। तैपनि, सायद हाम्रो समयको ठूलो खतरा भनेको हामीले हाम्रो चेलापनको यात्रामा धेरै गरिरहेछौं भनेर सोच्नु होइन तर हामीले केही गर्नै पर्दैन भनेर सोच्नु हो। निष्क्रियता वैधानिकता जत्ति कै खतरनाक हुनसक्छ। जब पावलले पुरानो आत्मालाई हटाउन र नयाँ धारण गर्न भन्छन्, तिनको अर्थ पक्कै पनि हामीले परमेश्वरको सहायताद्वारा यो गर्नुपर्छ भन्ने हो। पावल यस विषयमा कुनै सम्झौता गर्दैनन्: "आफैलाई भक्तिमा तालिम देऊ" (१तिमोथी ४:७) अनि फेरि, "के तिमीहरूलाई थाहा छैन, दौडमा दगुर्नेहरू सबै दगुर्छन्, तर इनामचाहिँ एउटैले मात्र पाउँछ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड" (१कोरिन्थी ९:२४)।

अनुग्रहको अर्थ परमेश्वरले हामीले आफ्नो लागि गर्न नसक्ने सबै कुराहरू गर्नुभएको छ, तर यसको अर्थ यो होइन कि हामी अब उपभोक्ताहरू बन्छौं जसले सम्बन्धमा केही योगदान गर्दैन। यो गलत विचारले गर्दा थुप्रै इसाईहरूको चेला बन्ने दृष्टिकोण फलस्वरूप आत्मिक उन्नति र परिपक्कताको कमी छ। यसैले, डलास विलार्डले पनि भने, "हामी जान्दछौं, येशूले भन्नुभएझैं 'किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौं' (यूहन्ना १५:५)...तर त्यस पदको पछाडिपट्टि लेखिएको छ 'तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि केही गर्न सक्दैनौ' भन्ने कुरामा हामीले राम्रोसँग विश्वास गरेका थियौं। र यो भाग हो जुन हामीलाई सुन्न सबैभन्दा गाह्रो समय छ।१०३ येशू ख्रीष्टले अनुकरण गर्नुभएका गतिविधिहरू, अनुशासनहरू र अभ्यासहरूको वरिपरि हाम्रो जीवनलाई पुनर्व्यवस्थित गरेर हामी परमेश्वरको सक्रिय अनुग्रहमा सहयोग गर्छौं। यसबाहेक, हामी तिनीहरूमा हाम्रो पवित्रता कमाउनको लागि होइन तर "कडा परिश्रम" गरेर गर्न नसक्ने कुराहरू प्रशिक्षणद्वारा पूरा गर्न तिनीहरूमा भाग लिन्छौं।

---

जोएल बी. ग्रीन एण्ड विलियम एच. विलिमोन, eds., *वेस्ली स्टडी बाइबल निउ रिभाइस्ड स्टेन्डर्ड भर्सन* (नेस्भील: एबीङ्डन प्रेस, २००९), १४८८, फुटनोट "गोइङ ओन द परफेक्सन।"

अनुग्रहका साधनहरू बारे थप जानकारीको लागि अध्याय ५, "दिगो बनाउने अनुग्रह"।

**४. आत्मिक उन्नति एक साम्प्रदायिक प्रयास हो**

पावलले अनुग्रहको यात्राबारे गरेको वर्णनको साम्प्रदायिक जोड देखेर पश्चिमी पाठकहरू छक्क पर्छन्, यद्यपि थुप्रै गैर-पश्चिमी संस्कृतिहरूलाई पहिले नै थाहा छ कि हामी एकलै यात्रा गर्न सक्दैनौं। मण्डलीसँग सम्बन्धित् उहाँको सर्वोच्च ईश्वरशास्त्रीय ग्रन्थबाट पढ्नुहोस्: "उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ" (एफिसी ४:१६)।

व्यक्तिवादी आत्मिकतालगायत व्यक्तिवादको वेदीमा नतमस्तक हुन अभ्यस्त संस्कृतिहरूका लागि यी पदहरू जति अनपेक्षित हुन सक्छन्, पावलले हाम्रो चेलापन कहिल्यै एकल कार्यको लागि थिएन भन्ने कुरामा क्षमाप्रार्थी छन्। शरीरको प्रत्येक "भाग" (व्यक्तिगत) महत्त्वपूर्ण छ र यसको लागि एक अद्वितीय काम छ, तर सबै व्यक्तिगत कामको संयुक्त घोषित उद्देश्य छ: अन्य अङ्गहरूलाई *वृद्धि* गर्न सहायता गर्ने सबै व्यक्तिगत कामहरूको संयुक्त निर्दिष्ट उद्देश्य छ।

यो पवित्र तालमेल हो। "सिनर्जी" ग्रीक शब्द *सिनर्गोस* बाट आउँछ, जसको अर्थ "सँगै काम गर्नु" हो। यो भनिएको छ कि सबै मिलेर गरेको कामचाहिँ एकलै गरेको कामभन्दा ठूलो छ, वा व्यक्तिगत भागहरूको संयोजन एक एकलै गर्नसक्छ भन्दा अधिक प्रभाव उत्पन्न गर्दछ। सिनर्जी प्रकृति, व्यापार, खेलकुद र पारिवारिक सम्बन्धहरूमा पाइन्छ। यो अन्तरनिर्भरता, आपसी सम्बन्ध, पारस्पारिकताको सामर्थ्य हो।१०४

पारस्पारिकताको एक लोकप्रिय उदाहरण जेब्रा र एउटा साना चरा बीचको सम्बन्ध हो जसलाई अक्सपेकर भनिन्छ। अक्सपेकरले जेब्राको पिठ्युँमा भएको मसिनो किरालाई खान्छ, एउटा किटनियन्त्रकको रूपमा काम गर्छ; अक्सपेकरले जब डराउँछ तब एकप्रकारको आवाज निकाल्छ, अनि यसले जेब्राहरूको लागि शत्रु नजिकै भएको चेताउनी दिने काम गर्छ। जेब्राले त्यो सानो चराको निम्ति प्रशस्त खानेकुरा प्रबन्ध गरिदिन्छ; चराले जेब्रालाई स्वच्छता र स्वस्थ्य सेवा प्रदान गर्छ। यी दुई पशु-पक्षी पूर्णरूपले फरक छन्, तर उन्नतिको लागि तिनीहरूलाई एक-अर्काको आवश्यकता पर्दछ।

---

डल्लास विलार्ड, द ग्रेट ओमिसन: रिक्लेमिङ जिजस एसेन्सिएल टिचिङ ओन डिसाइपल्सीप (न्यू योर्क: हार्परकोलिन्स, २००६), ६१

विलार्ड, "आत्मिक गठन: यो के हो, र यो कसरी गरिन्छ," n.d., http:// www.dwillard.org/articles/individual/spiritual--formation--what--it--is--and--how--it--is--done.

सिनर्जी एक स्वस्थ शरीरको मापन हो जुन बढ्दो र पूर्ण प्रेमले भरिएको छ (जसलाई ग्रीकले अगापे भन्छ)। जवाफदेहिता, प्रोत्साहन, सल्लाह, मध्यस्थता प्रार्थना, र समर्थन अन्य व्यक्तिहरू बाहेक असम्भव छ। हामी एकसाथ मिलेर पवित्र जन बन्छौं। हामी समुदायमा सबैभन्दा स्पष्ट रूपमा परमेश्वरको आवाज सुन्छौं। प्रेम अगम्भीर हुन्छ जबसम्म यो वास्तविक सम्बन्धको सन्दर्भमा बाँच्दैन। अनुग्रहको यात्रा एक समुहमा गरिने कार्य हो![१०५]

त्यसैले तिनीहरू यहाँ सँग-सँगै छन्। चेलापनमा वृद्धिको लागि दुई भिन्न समीकरणहरू।

लोकप्रिय समीकरण:

उद्धार-मुक्ति + समय + व्यक्तिगत इच्छाशक्ति = आत्मिक वृद्धि

पवित्रता समीकरण:

अनुग्रह + परमेश्वरसित सहकारिता + इसाई समुदाय = ख्रीष्टजस्तै

इसाईहरूलाई अनुग्रहमा बढ्नलाई बोलाइएको छ, अर्को तरिकामा भन्नुपर्दा हामी येशूको प्रतिरूपमा बढ्छौं। हामी ख्रीष्टमा नयाँ जीवन पाउँछौं ताकि हामी ख्रीष्टमा हुर्कन सकौं। परमेश्वरले फेरि बनाउनुहुन्छ र फेरि तयार पार्नुहुन्छ। यो पवित्रता अनुग्रह हो।

सी.एस. लुइसले भन्दा बढी उटपटाङ्ग तरिकाले यस बारे अरू कसैले भनेको मलाई थाहा छैन:

आफूलाई जीवित घरको रूपमा कल्पना गर्नुहोस्। परमेश्वर त्यस घरलाई पुनर्निर्माण गर्न आउनुहुन्छ। सुरुमा, सायद उहाँ के गर्दै हुनुहुन्छ भनेर तपाईं बुझ्न सक्नुहुन्छ। उसले नालीहरू ठीक गर्दै हुनुहुन्छ र चुहिने छत मर्मत गर्दैहुनुहुन्छ र यस्तै अरू कामहरू गरिरहनुभएको छ: तपाईलाई थाहा थियो कि यी कामहरू गर्न आवश्यक थियो, यसर्थ तपाई छक्क पर्नु हुन्न। तर अहिले उहाँले नमिठो दुख्ने गरी र कुनै अर्थ नलाग्ने गरी घरलाई खटखटाउन थाल्नुहुन्छ। उहाँले पृथ्वीमा के गरिरहनुभएको छ?

---

१०४ अन्तरनिर्भरताको बाइबलीय समझको बारेमा थप जानकारीको लागि, मण्डलीको रूपकको रूपमा मानव शरीरमा पावलको नयाँ करारको शिक्षा हेर्नुहोस् (१ कोरिन्थी १२, एफिसी ४)। पारस्परिकताको बारेमा थप जानकारीको लागि, ईसाई विवाहमा उहाँको शिक्षा हेर्नुहोस् (एफिसी ५)।

१०५वाइट, रिथिङ्किङ द चर्च, ६१। अध्याय ५ लाई पनि हेर्नुहोस् अनि इसाई जवाफदेहिता र दिगो राख्ने अनुग्रहमा जोड दिनुहोस्।

यसको स्पष्टीकरण यो हो कि उहाँले सोच्नुभएको भन्दा एकदम फरक घर बनाइरहनुभएको छ - यहाँ नयाँ घरको वरपर बढाउने, त्यहाँ थप भुइँ बनाउने, धरहराहरू उचाल्ने, आँगन बनाउने। तपाईंले सोच्नुभयो कि एउटा राम्रो सानो कुटीर बनाइँदैछ: तर उहाँले महल बनाउनु भएको छ। उहाँ आफैं आएर त्यहाँ बस्न चाहनुहुन्छ।१०६

परमेश्वरले हामीलाई बचाउनु मात्र होइन, उहाँले हामीलाई परिवर्तन पनि गर्नुहुन्छ। उहाँले हामीलाई हामी जहाँ छौं स्वीकार गर्नुहुन्छ तर हामीलाई त्यहाँ नछोड्ने गरी प्रेम गर्नुहुन्छ। उहाँले पुन: कल्पना, पुन:निर्माण र पुन:तयार गर्नुहुन्छ। जब हामी आफैलाई पूर्ण अभिषेक र परमेश्वर पितामा पूर्ण समर्पित हुन्छौं, पवित्र आत्मा परमेश्वरले हाम्रो हृदयलाई चोखो र चोखो पार्नुहुन्छ, हामीलाई परमेश्वर पुत्रको स्वरूपमा पुन: निर्माण गर्नुहुन्छ। हामी हाम्रो सोंच, बोली र काममा ख्रीष्ट जस्तै बन्छौं। हाम्रो घर नयाँ व्यवस्थापनमा छ।

"पवित्रता भनेको तपाईको जीवनको कुनै कुना यस्तो छैन जो येशू ख्रीष्टको नियन्त्रणबाट बन्द गरिएको छैन।"१०७ हामी हाम्रो जीवनको गाडीको स्टेयरिङ ह्वीलबाट हात हटाउछौं र येशूलाई जिम्मा दिन्छौं र आदेशहरू दिन्छौं। हामी भन्छौं, "तपाईं मेरो मुक्तिदाता (उद्धारकर्ता) हुनुभएको छ; अब म मेरो घुँडा टेकेर तपाईंलाई मेरो प्रभु (पवित्रीकरण) बनाउँछु।" हामी एक पवित्र उद्देश्यको लागि अलग पारिएका छौं, र परमेश्वरको सिद्ध प्रेम हामी मार्फत प्रवाह गर्न थाल्छ। हामी सारा हृदय, मन र शक्तिले परमेश्वरलाई साँचो प्रेम गर्न थाल्छौं, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्छौं।

## सम्पूर्ण पवित्रता परिभाषित

सम्पूर्ण पवित्रीकरणको अर्थ के हो भन्ने बारे केही अन्तिम शब्दहरू छन्। "सम्पूर्ण" ले हामीमा परमेश्वरको पूरा भएको कामलाई बुझाउँदैन, तर धेरै वास्तविक अर्थमा, यो पूर्णता हो। परमेश्वरले हामीभित्र र हामीमाथि निरन्तर काम गर्नुहुन्छ, त्यसैले त्यस अर्थमा, हाम्रो जीवनको उत्कृष्ट कृति हाम्रो महिमासहित सबै चीजहरूको अन्तिम पुनरुत्थान नभएसम्म चलिरहन्छ।१०८ हामी त्यसक्षणमा हुनसक्ने अनुग्रहलाई पवित्र बनाएर पूर्ण र "पूर्णरूपले पूरा" भएका छौं। हाम्रो जीवन *शालोम*को गर्नुभएको छ र हाम्रो जीवनलाई सुन्दर बनाउदै हुनुहुन्छ। *शालोम*को अर्थ शान्ति हो, तर यसको अर्थ

---

१०६ सी.एस.लिउस, *मेर क्रिष्टियानिटी* (न्यू योर्क: टचस्टोन, १९९६), १७५...७६ ।

पनि पूरा, पूर्णता, एकता, र लक्ष्य (टेलोस) सँग सद्‌भावमा काम गर्ने प्रत्येक भाग हो जसको लागि हामी सिर्जना गरिएको हो।

उत्कृष्ट महिमाद्वारा चिन्हित छ। शालोम भनेको त्यो हो जो परमेश्वरले सृष्टिमा कल्पना हामीले पहिले नै चर्च गरेझैं सम्पूर्ण पवित्रीकरण भनेको स्व-केन्द्रित अस्तित्व (देह) को निरन्तर त्याग र परमेश्वरको मार्ग र इच्छाको लागि गैर-प्रतिरोधी आज्ञाकारिताको निरन्तर समर्पणताको जीवनकाल हो। जसरी येशूले भन्नुभयो: : "कोही मपछि आउने (चेला) इच्छा गर्छ भने

त्यसले आफूलाई (पापमय स्वभाव) इन्कार गरोस्, र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस" (लूका ९:२३)।१०९ यस्तो क्रूस-केन्द्रित जीवनको परिणाम चाहिँ परमेश्वर र आफ्नो छिमेकीहरूको लागि सिद्ध प्रेममा ख्रीष्टजस्तै हुनु हो।

नाजरेनहरूको मण्डलीको लागि विश्वासको दशौं अनुच्छेदले पवित्रतालाई यसरी स्पष्ट पार्छः

हामी विश्वास गर्छौं कि सम्पूर्ण पवित्रकरण परमेश्वरको कार्य हो, जुन चाहिँ पुनर्जीवनपश्चात हुन्छ, जसद्वारा विश्वासीहरूलाई मौलिक पाप, वा भ्रष्टताबाट मुक्त बनाइन्छ, र परमेश्वरप्रति सम्पूर्ण समर्पणताको स्थितिमा ल्याइन्छ, र प्रेमको पवित्र आज्ञाकारितालाई सिद्ध बनाइन्छ।

यो कार्य पवित्र आत्माको बप्तिस्माद्वारा वा उहाँद्वारा भरिएपछि हुन्छभरिनुद्वारा बनाइएको हो, र एउटै अनुभवमा पापबाट हृदयको शुद्धीकरण हुन्छ र पवित्र आत्माको स्थायी, आन्तरिक उपस्थितिले, विश्वासीलाई जीवन र सेवाको लागि सशक्त बनाउँछ। सम्पूर्ण पवित्रकरण येशूको रगतद्वारा प्रदान गरिएको छ, विश्वासद्वारा अनुग्रहद्वारा तुरुन्तै प्राप्त हुन्छ, सम्पूर्ण अभिषेकद्वार अघि बढ्छ; र यस कार्य र अनुग्रहको अवस्थाको लागि पवित्र आत्माले साक्षी दिनुहुन्छ।

---

मैले पहिलो पटक डेनिस किन्लाले 1991 को सेमिनरी चैपल प्रवचनमा यो वाक्यांश प्रयोग गरेको सुने। यो मेरो जीवनमा ईश्वरको नियन्त्रण ईश्वरको तर्फबाट हेरफेरको चाहना होइन तर आत्मीयताको लागि चाहना थियो भन्ने कुरा मैले बुझेको पहिलो पटक पनि थियो। मेरो अनुमानमा, किन्ला 2017 मा आफ्नो मृत्यु नहुँदासम्म बीसौं शताब्दीको उत्तरार्ध र एक्काइसौं शताब्दीको शुरुवातका उत्कृष्ट पवित्र प्रचारकहरूमध्ये एक थिए।

"महिमामय" ले मृत्यु पछि विश्वासीको अवस्था र सबै चीजहरूको अन्तिम पुनरुत्थानलाई बुझाउँछ। "परमेश्वरको अनुग्रहद्वारा हामी अन्ततः महिमा हुनेछौं - ख्रीष्टसँग पुनरुत्थान हुनेछ जब उहाँ फर्कनुहुन्छ, र उहाँको पूर्ण प्रतिरूपमा परिणत हुनेछ, उहाँको महिमाको आनन्द उठाउनको लागि।" ग्रेटहाउस र डनिङ, वेस्लियन धर्मशास्त्रको परिचय, 54। थप रूपमा, डियान लेक्लेर्कले "एक व्यक्तिलाई पापको उपस्थितिबाट हटाइन्छ" मा अन्तिम पवित्रीकरणको रूपमा महिमालाई बुझाउँछ। लेकार्क, डिस्कभरिङ ख्रीष्टियन होलिनेस, ३१८।

हामी विश्वास गर्छौं कि सम्पूर्ण पवित्रीकरणको महिमामा ख्रीष्टजस्तै चेलाको रूपमा वृद्धि हुन ईश्वरीय उमङ्ग समावेश छ। यद्यपि, यो उमङ्गलाई होसियारीपूर्वक पालनपोषण गर्नुपर्छ, र आत्मिक विकासको आवश्यकता र प्रक्रियाहरूमा र ख्रीष्टजस्तै हुनलाई चरित्र र व्यक्तित्वमको सुधारमा होसियारीपूर्वक ध्यान दिनुपर्छ। यस्तो उद्देश्यपूर्ण प्रयासबिना, कसैको साक्षी कमजोर हुन सक्छ र अनुग्रह आफै निराश हुन सक्छ र अन्ततः हराउन सक्छ।

अनुग्रहका साधनहरू, विशेष गरी मण्डलीको संगति, अनुशासन, र संस्कारहरूमा भाग लिँदा, विश्वासीहरू अनुग्रहमा र परमेश्वर र छिमेकीप्रतिको सम्पूर्ण हृदयको प्रेममा बढ्छन्।११०

हामीले एउटा साधारण प्रश्नको साथ पवित्र बनाउने अनुग्रहबारे हाम्रो छलफल समाप्त गर्नुपर्छ: कुन उद्देश्यको लागि पवित्र बनाउने अनुग्रह दिइएको छ? यो वांछित पवित्रता किन आवश्यक छ? यस्तो ख्रीष्टजस्तै जीवनको प्रमाण के हुनेछ?

हामी सिद्ध प्रेममा फर्कन्छौं। सम्पूर्ण पवित्रता नैतिकताको शिखर होइन। यो आत्म-त्यागी प्रेम को उच्चतम रूप हो। सम्पूर्ण पवित्रीकरण हामीमा पूर्ण बनाइएको पवित्र प्रेम हो। वेस्लीले सम्पूर्ण पवित्रतालाई पूर्ण प्रेमको रूपमा परिभाषित गरेका छन् भनेर सबैलाई थाहा छ। यो पवित्रतामाथि उहाँको शिक्षाको एकल सामग्री थियो। मिल्ड्रेड बैंग्स विनकूपले यस कुरालाई दावी गर्दै यसो भन्छन्: "इसाई सत्यको कुनै पनि खण्डको वेस्लीले गरेका छलफलले उनलाई तुरुन्तै प्रेममा डोर्‍यायो। 'परमेश्वर प्रेम हुनुहुन्छ।' प्रायश्चितको प्रत्येक पक्ष प्रेमको अभिव्यक्ति हो; पवित्रता प्रेम हो; 'धर्म' को अर्थ प्रेम हो। ईसाई सिद्धता प्रेमको सिद्धता हो। मानिसप्रति परमेश्वरको हरेक पाइला, र मानिसको प्रतिक्रिया, कदम-कदममा, प्रेमको कुनै न कुनै पक्ष हो।"१११ यस विषयलाई स्पष्टसँग बताउनलाई, विनकूप थप्छन्, "ईसाई पवित्रता हाम्रो (*raison d'être) (हुनुको* कारण) हो भनेर भन्नुको अर्थ हामी प्रेमको सबै कुरामा प्रतिबद्ध छौं भनेर भन्नु हो, र यो वास्तवमा ठूलो आदेश हो।"११२

---

सम्पूर्ण पवित्रताले जीवनभर आफैलाई (शरीर) इन्कार गर्ने र क्रूस उठाउने भन्ने बुझाउँछ भन्ने विचारको सन्दर्भमा, "जो प्रारम्भिक पवित्रता आन्दोलनको दक्षिणी शाखाहरू मध्ये एकका नेता ओ. म्याकक्लुर्कनले पवित्र जीवनको यस पछिल्लो पक्षलाई 'आत्मप्रति गहिरो मृत्यु' भनेर उल्लेख गरे, जुन वास्तविकतामा ख्रीष्टियन जीवनभरि हुने गरेको अनुभवबाट उहाँले स्वीकार गर्नुभयो। अनुभवको एक क्षणमा सारा जीवनलाई संकुचित गर्न सकिँदैन।" Dunning,Pursuing the Divine Image, Kindle Location 853. यस बारे थप छलफलको लागि, विलियम जे. स्ट्रिकल्याण्ड र एच. रे डनिङ, जे. ओ. म्याक्क्लुर्कन: हिज लाइफ, हिज थिओलोजी, एण्ड सिलेक्शन्स फ्रॉम हिज राइटिंग्स (नेशभिल: ट्रेवेका प्रेस, १९९८)।

संक्षेपमा भन्नुपर्दा, प्रेम नै यस विषयको महत्त्वपूर्ण पक्ष हो। प्रेमभन्दा कम कुनै पनि कुराले पवित्र जीवनको "हुने कारण"लाई

छोटकरीमा भन्नुपर्दा, प्रेम कुराको मुटु हो। प्रेम भन्दा कम कुनै पनि पवित्र जीवनको "हुने कारण" को लागि सेट गरिएको लक्ष्यमा पुग्दैन। प्रेम रहित सम्पूर्ण पवित्रीकरणको कुनै पनि ज्ञान कठोर, कानूनी, न्यायिक, र अपवित्र छ। अगापे (इसाई प्रेम) त्यो प्रेम हो जसले अन्य सबै प्राकृतिक प्रेमहरूलाई तिनीहरूको उचित क्रममा राख्छ।११३

अगापेले अन्य सबै चाहनाहरूलाई मार्गदर्शन, व्याख्या र नियन्त्रण गर्छ। किनभने हामीलाई अगापे प्रेममा वृद्धि हुन प्रोत्साहित गरिएको छ, हामी बुझ्छौं कि यो दिइएको छ र वृद्धि गरिएको छ: यो वरदान हो र यो पवित्रआत्माको स्थायी उपस्थीतिद्वारा हामीमा यो हुर्केको छ। प्रयास गरिन्छ, तर अनुग्रह प्रदान गरिन्छ।

हामी पवित्र प्रेमको खोजी गर्ने (अग्रगामी) अनुग्रहद्वारा आकर्षित भएका छौं। हामी बचाउने अनुग्रह मार्फत पवित्र प्रेम द्वारा समातिएका छौं। हामी पवित्र अनुग्रहबाट पवित्र प्रेमद्वारा चोखो र अलग भएका छौं। हामी पवित्र प्रेममा प्रशस्त हुँदा हामी अनुग्रहमा बढ्छौं। यसरी हामी ख्रीष्टमा जीवनको पूर्णता अनुभव गर्छौं।

---

चर्च अफ नाजरेन, म्यानुअल: २०१७-२०२१, "X. Christian Holiness and Entire Sanctification" (Kansas City, MO: Nazarene Publishing House, 2017), 31-32.

मिल्डर्ड ब्याङ्ग्स वाइनकुप, अ थियोलोजी अफ लभ: द डायनामिक अफ वेस्लियानिजम (कन्सास सिटी, एमओ: बिकन हिल प्रेस अफ कन्सास सिटी, १९७२), ३६।

वाइनकुफ, अ थियोलोजी अफ लभ, ३६।

प्रेमका लागि चार ग्रीक शब्दहरू - इरोस, स्टोर्जे, फिलियो, र अगापे - को एक प्रबुद्ध सारांशको लागि म "प्रेम र संगति" शीर्षक अन्तर्गत Wynkoop को छोटो व्याख्या सिफारिस गर्दछु। उनी तर्क गर्छिन् कि अगापे बाहेक सबै प्राकृतिक प्रेम हुन्, थोरै प्रयास चाहिन्छ। अगापे प्रेमको एक फरक आयाम मात्र होइन, तर यो एक गुण हो जसद्वारा एक व्यक्तिले जीवनको आदेश दिन्छ, केवल ख्रीष्टको पूर्णताले सम्भव भएको हो। "प्रेम जसलाई हामीले इसाई प्रेम भनिन्छ, त्यो अन्य प्रेमहरूको विकल्प होइन, न त यो ती प्रेमहरूमा थपिएको हो, तर यो सम्पूर्ण व्यक्तिको गुण हो किनकि यो ख्रीष्टमा केन्द्रित छ। विकृत आत्म-अभिमुखीकरण, जसले अन्य सबै सम्बन्धहरूलाई दोष दिन्छ किनभने यसले तिनीहरूलाई व्यक्तिगत फाइदाको लागि प्रयोग गर्दछ (प्रायः धेरै सूक्ष्म र भ्रष्ट तरिकाहरूमा), पवित्र आत्माको स्थायी उपस्थितिद्वारा पूर्णतामा ल्याइएको छ। यस सम्बन्धमा जीवनका अन्य सबै सम्बन्धहरू अभिवृद्धि र सुशोभित र पवित्र बनाइन्छ।" वाइनकुफ, अ थियोलोजी अफ लभ 38॥

# ५

# अनुग्रह जसले हामीलाई स्थिर गराउँछ

**अब, जसले तिमीहरूलाई पापमा फस्नदेखि बचाउनसक्नुहुन्छ, र जसले तिमीहरूलाई आनन्दसित उहाँकै महिमाको सामने निष्ककलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ, उही एकमात्र परमेश्वर, हाम्रा मुक्तिदातालाई येशू ख्रीष्ट हाम्रा प्रभुमा महिमा, प्रभुत्व, पराक्रम र अधिकार युग-युग पहिलेदेखि आज र सदासर्वदा भइरहोस्।आमेन। - यहूदा १:२४-२५**

प्रत्येक इसाईको जीवनमा एक बिन्दु आउँछ जब उनीहरूमाथि केही कुरा आउन सुरु हुन्छ। कहिलेकाहीँ यो तुरुन्तै हुन्छ, र कहिलेकाहीँ यो अनुग्रहको यात्रा गर्दै जाँदा हुन्छ: मेरो जीवनका पक्षहरू ख्रीष्टको प्रभुत्वमा अ-समर्पण रहन्छन्। मेरो पुनर्निर्माण गरिएको घरमा कोठाहरू छन् (सी. एस. लुइसको दृष्टान्तमा फर्केर हेर्दै) जुन परमेश्वरको कामबाट बन्द छन्।

किनकि परमेश्वर हाम्रो पवित्रतामा निरन्तर प्रतिबद्ध हुनुहुन्छ, हामीलाई येशूजस्तै बनाउँदै, पवित्र आत्माले जाँच्न थाल्नुहुन्छ, "के सबै मेरो हो? के तिम्रो हरेक अंग मेरो हो? के तिमीले आफ्नो लागि राखेको केही छ?"

हाम्रो पहिलो प्रतिक्रिया यो हुनसक्छ, "तपाईले सबै कुरा लिनसक्नुहुन्छ तर(खाली ठाउँ भर्नुहोस्)। मैले तपाईलाई मेरो 99 प्रतिशत दिएको छु। के मैले आफ्नो लागि राख्न सक्ने केही पनि छैन? के तपाईं सबै कुराको आशा गर्नुहुन्छ?" ११४

"हेर, मेरो जीवनमा त्यो कुराले खासै फरक पर्दैन भन्ने सोच्नदेखि सावधान रहनुहोस्। तपाईलाई धेरै फरक पर्दैन यसको मतलब यो परमेश्वरको लागि ठूलो कुरा हो भन्ने हुन सक्छ। परमेश्वरको सन्तानले कुनै पनि कुरालाई मामूली मानिनु हुँदैन। हाम्रो जीवनमा कुनै पनि कुरा परमेश्वरको लागि केवल एक तुच्छ विवरण होइन। च्याम्बर्स, माइ अटमोस्ट फॉर हिज हाइस्ट, ७६–७७।

हाम्रो चेलापनको अन्तिम लक्ष्य (टेलोस) पूरा गर्न धैर्यवान प्रेम र अटल समर्पणका साथ, येशूको आत्माले बिस्तारै भन्नुहुन्छ , "हो, तिम्रा सबै कुरा म चाहन्छु। शत प्रतिशत। केही पनि बाँकी छोडिनेछैन।"

पूर्ण रूपमा परमेश्वरको हुनु भनेको परमेश्वरको प्रतिज्ञा गरिएको सबै जीवनमा सहभागी हुनु हो। जसरी हामी आफ्नो सबै कुरा परमेश्वरमा सुम्पन्छौं, त्यसरी नै अझ ठूलो शान्ति र आनन्द प्राप्त हुन्छ। ओसवाल्ड चेम्बर्स विश्वास गर्छन् कि अनन्त जीवन परमेश्वरबाटको उपहार होइन तर परमेश्वरकै उपहार हो। यसबाहेक, येशूले आफ्नो पुनरुत्थानपछि र पेन्तिकोसको प्रत्याशामा आफ्ना चेलाहरूलाई प्रतिज्ञा गर्नुभएको आत्मिक शक्ति पवित्र आत्माको वरदान होइन, तर शक्ति नै पवित्र आत्मा हुनुहुन्छ (प्रेरित १.८)।

परिणामस्वरूप परमेश्वरप्रतिको हरेक त्यागसँगै प्रचुर मात्रामा जीवनको अन्तहीन आपूर्ति हुन्छ। फेरि, च्याम्बर्सको अन्तरदृष्टि ज्ञानवर्धक छ: "सबैभन्दा कमजोर व्यक्तिले पनि परमेश्वरको पुत्रको ईश्वरत्वको शक्तिको अनुभव गर्नसक्छ, जब उहाँले यो 'हुन दिने' इच्छा गर्नुहुन्छ। तर हाम्रो आफ्नै शक्तिको सानोभन्दा सानो हदमा 'अडकाएर' राख्ने कुनै पनि प्रयासले हामीमा येशूको जीवनलाई मात्र कम गर्नेछ। शक्तिले हामीमा येशूको जीवनलाई मात्र घटाउनेछ। हामीले छोडिदिनु पर्छ, र बिस्तारै, तर पक्कै पनि, परमेश्वरको महान पूर्ण जीवनले हामीलाई आक्रमण गर्नेछ, प्रत्येक भागमा प्रवेश गर्नेछ।" ११५

मानव हृदय पाप र अनाज्ञाकारिता को विशेष स्थान हो, तर यो अनुग्रह र पवित्रताको स्थान पनि हो। अनुग्रह खोज्दा, परमेश्वरले हाम्रो हृदयलाई लुकाउनु हुन्छ; बचाउने अनुग्रहमा परमेश्वरले हाम्रो हृदय कब्जा गर्नुहुन्छ; पवित्र अनुग्रहमा, परमेश्वरले हाम्रो हृदयलाई चोखो गर्नुहुन्छ। हाम्रो प्रवृत्ति सेवकको हृदयबाट बालकको हृदयमा सर्छ। यदि हामीले आज्ञा पालन गरेनौं भने के हुनसक्छ भन्ने डरले हामी अब परमेश्वरको सेवा गर्दैनौं भनेर हामीले पत्ता लगायौं। बरु, हामीलाई प्रेमको हृदय दिइएको छ जसले हामीलाई आज्ञा पालन गर्ने इच्छा दिन्छ। तथापि, कुनै गल्ती नगर्नुहोस्: अनुग्रहको यात्रामा ख्रीष्टको दावी हामी सबै भन्दा कम छैन - सबै, पूर्णता, पूरा।

---

च्याम्बर्स, *माई अटमोस्ट फर हिस हाइयेस्ट,* 74–75.

पवित्रता भनेको पवित्र उद्देश्यको लागि अलग हुनु हो र येशूको आत्माले यति भरिनु हो कि हाम्रो मानसिकता, मनसाय र मनोवृत्तिहरू ख्रीष्ट जस्तै छ। हामी आफैलाई इन्कार गर्छौं, जसको अर्थ हामीले "म" माथिको हाम्रो अधिकार त्याग्छौं। हामी हाम्रो क्रूस उठाउँछौं, जसको अर्थ हामीले हाम्रो अधिकार येशूलाई हस्तान्तरण गर्छौं। यहाँ अचम्मको विरोधाभास छ: "म" को हाम्रो अधिकार त्याग्दा र येशूलाई हाम्रो अधिकार हस्तान्तरण गर्दा, हामी जीवन पाउँछौं। जब हामी ख्रीष्टमा हाम्रो जीवन गुमाउँछौं, तब हामी यसलाई भेट्टाउँछौं। जो परमेश्वरबाट रोकिन्छ अन्तमा त्यो हराउँछ; जो परमेश्वरमा छोडिन्छ त्यो लिन सकिँदैन। "किनभने तिमीहरू मरेका छौं, र तिमीहरूका जीवन ख्रीष्टसँग परमेश्वरमा लुकेर रहेको छ" (कलस्सी ३.३)। प्रतिष्ठापन पूर्ण छ।

परमेश्वरप्रति हाम्रो प्रतिष्ठापन हाम्रो पवित्रकरणको स्रोत होइन। हामी आफैलाई पवित्र बनाउन सक्दैनौं; हामी आफैलाई पवित्र बनाउँदैनौं। येशूको आत्माले यो गर्नुहुन्छ। येशूजस्तै बन्न चाहनु पर्याप्त छैन। इच्छा पर्याप्त छैन, र नक्कल मात्र यति टाढा जान्छ। हामीमा येशूको आत्मा हुनुपर्छ, वा पावलले भनेझैं, ख्रीष्ट तिमीहरूमा बनिनुपर्दछ (गलाती ४.१९)।

थुप्रै अर्थहरूमा, फरिसीहरू येशूको समयका उत्कृष्ट मानिसहरू थिए। तिनीहरू नैतिकवान थिए, तिनीहरू सफा थिए, र तिनीहरू असल थिए। तैपनि, तिनीहरूको भलाइ व्यवहार परिमार्जनमा र तिनीहरूको हृदयमा कहिल्यै व्यवहार नगर्ने पाप व्यवस्थापनको प्रणाली मार्फत पवित्र हुने प्रयासहरूमा अवस्थित थियो। तिनीहरू ईश्वरीय हुन र चोखो जीवन बिताउन चाहन्थे, तर तिनीहरूको स्व-इन्कार स्व-सेवामा परिणत भयो, र तिनीहरूको क्रूस-बोकाइले तिनीहरूलाई कम प्रेमिलप बनायो। मानिसले भित्री भाग लिनुभन्दा पहिले बाहिरको व्यवस्थापन गर्न सक्छ। माथि उल्लेख गरिएझैं, तपाईंको हृदयमा जे छ अन्ततः भाग्नेछ। फरिसी इसाई - जसले आत्म-निर्देशित प्रयास र शरीरद्वारा पवित्र जीवन बिताउने प्रयास गर्दछ - सधैं पूर्ण प्रेमको कमी हुनेछ किनभने यो येशू जस्तै बन्न चाहने पर्याप्त छैन। येशूको आत्मा हामीमा हुनुपर्छ। यो हृदय पवित्रता को मूल हो। सशक्तिकरण, सक्षम र पवित्र जीवन जिउनको लागि अनुग्रह चाहिन्छ।

डलास विलार्ड बताउँछन् कि पवित्र जीवनलाई वास्तवमा आत्म-निर्देशित उपक्रमहरू मार्फत येशूको अनुकारण गर्ने कुनै पनि प्रयासभन्दा बढी अनुग्रह चाहिन्छ: "यदि तपाईं साँच्चै अनुग्रह उपभोग गर्न चाहनुहुन्छ भने, केवल पवित्र जीवन बिताउनुहोस्। जसरी 747 हवाइजहाजले उड्नलाई इन्धन खर्च गर्छ त्यसरी नै साँचो सन्तले कृपा खर्च गर्छ । येशूले जे गर्नुभयो र भन्नुभयो त्यो नियमित रूपमा गर्ने व्यक्ति बन्नुहोस्। तपाईंले पाप गरेर भन्दा पवित्र जीवन बिताएर धेरै अनुग्रह

उपभोग गर्नुहुनेछ किनभने तपाईंले गर्नुहुने प्रत्येक पवित्र कार्यलाई परमेश्वरको अनुग्रहले समर्थन गर्नुपर्ने हुन्छ। र त्यो समर्थन कार्यमा पूर्णरूपले परमेश्वरको अतुलनीय अनुग्रह हो।" ११६ हामीसँग परमेश्वरको दिगो अनुग्रहको निरन्तर समर्थन हुनुपर्छ - हामीलाई पतन हुनबाट जोगाउने अनुग्रह (यहूदा १:२४)।

यसो भन्दै गर्दा, अनुग्रह कायम राख्दा हाम्रो सहभागिताको आवश्यकतालाई अस्वीकार गर्दैन। अध्याय 4 मा, हामीले देख्यौं कि अनुग्रहको अर्थ परमेश्वरले हाम्रोलागि हामीले गर्न नसक्ने सबै कुरा गर्नुभयो, तर यसको अर्थ यो होइन कि हामी अब सम्बन्धमा केही योगदान नै नगर्ने "अनुग्रहका उपभोक्ताहरू" बन्छौं। हामी येशूले गरेर देखाउनु भएका ती गतिविधिहरू, अनुशासनहरू, र अभ्यासहरू वरिपरि हाम्रो जीवनलाई पुन: क्रमबद्ध गरेर परमेश्वरको सक्रिय अनुग्रहको साथ सहयोग गर्छौं। हामी तिनीहरूमा हाम्रो पवित्रता कमाउन होइन तर कडा प्रयास गरेर हामीले गर्न नसक्ने कुराहरू प्रशिक्षण मार्फत पूरा गर्नको लागि भाग लिन्छौं।

## प्रदान गरिएको धार्मिकता

सायद अध्यारोपित र प्रदान गरिएको धार्मिकता बीचको भिन्नतामा केही शब्दहरू मद्दतगार हुनेछन्। डियान लेक्लर्कका अनुसार, अध्यारोपित धार्मिकता भनेको "येशूको धार्मिकता हो जसले ईसाईहरूलाई श्रेय दिन्छ, जसले ईसाईहरूलाई धर्मी ठहराउन सक्षम बनाउँछ। परमेश्वरले एउटा मानिसलाई ख्रीष्टको धार्मिकता मार्फत हेर्नुहुन्छ, तर यसले व्यक्तिको भित्री रूपान्तरण र परमेश्वरद्वारा शुद्धिकरणको कुरा गर्दैन।" अर्कोतर्फ, प्रदान गरिएको धार्मिकता भनेको "व्यक्तिको नयाँ जन्मको क्षणमा दिइएको परमेश्वरको अनुग्रहपूर्ण वरदान हो। परमेश्वरले हामीलाई पवित्र बनाउने प्रक्रिया सुरु गर्नुहुन्छ।" ११७

यी दुई बीचको भिन्नता तपाईले सोचे जस्तो सूक्ष्म छैन। एउटा श्रेय दिइएको धार्मिकता हो – जस्तो थियो त्यस्तै लागू भयो; अर्को एउटा प्रदान गरिएको धार्मिकता हो जुन बास गर्छ। प्रदान गरिएको धार्मिकतालाई परमेश्वरको वरदानको रूपमा बुझ्न सकिन्छ जसले ख्रीष्टको चेलालाई पवित्रता, चोखोता र सिद्ध प्रेमको लागि प्रयत्नशील रहन सक्षम र शक्ति दिन्छ। अझ स्पष्टरूपमा,

116 विलार्ड, द ग्रेट ओमिसन,६२।

तिमोथी टेनेन्टले भिन्नतालाई राम्रोसँग ग्रहण गर्छन् : "इसाईहरूको रूपमा, हामी जान्दछौं कि परमेश्वरले पापीहरूलाई स्वीकार गर्नुहुन्छ र तिनीहरूलाई ख्रीष्टको धार्मिकता (अध्यारोपित) ले पहिराउनुहुन्छ। तब परमेश्वरले हामीमा हरेक असल काम गर्नुहुन्छ, ताकि एक पटक मात्र हामीलाई दिइएको धार्मिकता, वास्तविक समयमा, निरन्तर बढ्दै जाने उपायहरूमा हामीलाई प्रदान गरिएको होस्।"११८

## अनुग्रहको आशापूर्ण दृष्टि

प्रदान गरिएको धार्मिकताले नै जोन वेस्लीलाई परिवर्तनको सम्भाव्यताको बारेमा पूर्ण रूपमा आशावादी बनायो। मौलिक पापको विनाशलाई पूर्णरूपले मान्यता दिएर, वेस्ली मानव स्वभावको बारेमा आशावादी थिएनन्। यद्यपि, उनी पूर्णरूपले विश्वस्त थिए कि परमेश्वरको अनुग्रहले वास्तवमा नै जीवनलाई भित्रबाट परिवर्तन गर्नसक्छ।

मैले एक पटक मेरो साथी वेस्ली ट्रेसीले यसलाई "अनुग्रहको कट्टरपन्थी आशावाद" भनेर उल्लेख गरेको सुनेको थिएँ। उदाहरणको लागि, उनले मलाई एउटा कथा सुनाए: कल्पना गर्नुहोस् कि त्यहाँ एउटी सानी केटी छे जो चर्चको पछाडि हिँड्छे। उ एघार वा बाह्र वर्षकी हुन् । उसका लुगाहरू फोहोर र अव्यवस्थित छन्; उसको कपाल पातलो र घुङ्ग्रिएको छ। उनले केही दिनभन्दा बढी समयदेखि साँच्चै नुहाउन नपाएकोजस्तो गन्ध आउँछ। तपाईलाई उनको इतिहासको थोरै थाहा छ। विद्यालय राम्रोसँग चल्दैन । उनी आफ्नो कक्षामा पछाडि परेकी छिन् र उत्तीर्ण ग्रेडहरू बनाउँदैनन्। तपाईं निश्चित हुनुहुन्छ कि समस्या उनको बुद्धि होइन तर, सम्भवतः, घरमा के भइरहेको छ। उनी आफ्नो जैविक बुबालाई चिन्दिनन्, र उनको आमासँग धेरै लिभ-इन प्रेमीहरू छन्। बन्द ढोका पछाडि बाल दुर्व्यवहारको अफवाहहरू छन्, र उसको पाखुरामा भएको चोटपटकहरूले यसलाई पुष्टि गरेको देखिन्छ।

---

११७लेक्लार्क, डिसकभरिङ ख्रीष्टियान होलिनेस, 312. यसैकारण जोन वेस्लीले नयाँ जन्मलाई प्रारम्भिक पवित्रीकरणको रूपमा उल्लेख गरेका छन्। अर्कोलाई इन्कार नगर्दा, सुधारिएको परम्पराले आरोपित धार्मिकतामा जोड दिन्छ, जबकि वेस्लेयन-पवित्र धर्मशास्त्रले प्रत्याभूत धार्मिकतामा प्राथमिक जोड दिन्छ।

११८ तिमोथी टेनेन्ट, "एउटा धार्मिकता अभिमुखीकरणमा बाँच्दै: भजन 26" Seedbed दैनिक पाठ, सेप्टेम्बर 1, 2019, https://www.seedbed.com/living--in--a--righteousness--orientation--psalm - 26/। टेनेन्टले थपे: "केवल नयाँ सृष्टिमा यो पूर्ण रूपमा पूर्ण बनाइएको छ, तर पवित्रता भनेको प्रत्येक विश्वासीको आह्वान हो - पवित्रको रूपमा अलग हुन - ताकि हामी पूर्ण हृदयले "महासभामा" प्रभुको प्रशंसा गर्न सकौं" (भजनसंग्रह २६.१२)

त्यसपछि ट्रेसीले भनिन्, "एउटा व्यवहारवादीले त्यो जवान केटीलाई हेरेर भन्थे, 'उ जीवनदेखि डराएकी छे; उसको जीवन सधैं अस्तव्यस्त रह्यो। केही चीजहरू बचाउन योग्य छन्, तर उ सधैं लङ्गडा भएर हिँड्छिन्, र यदि उसको वातावरण फरक भएको भए उ कहिल्यै पनि हुन सक्दिन।' एक व्यवहारवादीले के यही भन्लान्। तर, ट्रेसी जारी राख्छिन्, "के तपाईंलाई थाहा छ अनुग्रहको कट्टरपन्थी आशावादमा विश्वास गर्ने व्यक्तिले के भन्नुहुन्छ? 'तिनलाई जे सुकै गरिएको भए तापनि वा तिनले आफूलाई जे गरे तापनि त्सस सानी केटीसँग सुसमाचारको आशा छ। परमेश्वरले उसलाई उहा जहाँ हुनुहुन्छ त्यहाँ लैजान सक्नुहुन्छ र उसलाई आफूले चाहेको जस्तो बनाउन सक्नुहुन्छ।" वा, वेस्लीले यसलाई भन्न सक्छन्, "मलाई सारा लन्डनको सबैभन्दा खराब मानिस देखाउनुहोस्, र म तपाईंलाई त्यस्तो व्यक्ति देखाउनेछु जससँग प्रेरितहरूसँग भएको सम्पूर्ण अनुग्रह छ।"

यो आशावादले हाम्रो पापपूर्ण अवस्थालाई गम्भीर रूपमा लिन्छ, तर यसले कसैलाई, जहाँबाट, जुनसुकै कुराबाट पनि लिनको लागि अनुग्रहको शक्तिलाई अझ गम्भीरतापूर्वक लिन्छ, र परमेश्वरले आफ्नो चाहनाअनुसार बनाउनुहुन्छ।[११९] कुनै पीडा धेरै पीडादायी छैन, कुनै घाउ यति गहिरो छैन, कुनै पनि पाप यति डरलाग्दो छैन कि परमेश्वरको अनुग्रहले परिवर्तन गर्न, निको पार्न र पूर्ण गर्न सक्दैन।

## क्षमा र शक्ति

अनुग्रहको यात्रा सम्पूर्ण व्यक्तिको रूपान्तरण हो। धार्मिकता प्रदान गरिएको छ; पवित्रता दिइएको छ। यो "कडा प्रयत्न गर्नु" वा "आफूलाई एक साथ प्राप्त गर्नु" होइन, तर एक वास्तविक परिवर्तन हो जसले सशक्त जीवनको परिणाम दिन्छ। अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरको अनुग्रहको लागि आवश्यक छ क्षमा र शक्तिको लागि परमेश्वरको अनुग्रह चाहिन्छ। हामीलाई हाम्रा पापहरूको क्षमा (माफी) चाहिन्छ, र परमेश्वरलाई आदर गर्ने जीवन जिउनको लागि हामीलाई शक्ति (सामर्थ्य) चाहिन्छ। एउटा बिना अर्को खतरनाक चरममा जान्छ। यदि हामी भन्छौं, "परमेश्वरले हामीलाई क्षमा गर्नुहुनेछ, तर उहाँले वास्तवमा कसरी हामी असिद्ध जीवन बिताउछौं भनेर वास्ता गर्नुहुन्छ किनभने, यो सबै अनुग्रहले ढाकिएको छ," हामी विप्रतिषेधवादको खतरामा छौं। यसको विपरित,

११९ "वेस्लीले भन्नुभएझैं, यस्तो आशावादलाई अस्वीकार गर्नाले पापको शक्तिलाई अनुग्रहको शक्ति भन्दा ठूलो बनाउँछ - एक विकल्प जुन वेस्लियन-पवित्र ईश्वरशास्त्रको लागि अकल्पनीय हुनुपर्छ।" लेक्लार्क, डिस्कभरिङ क्रिष्टियान होलिनेस, 27।

यदि हामी मान्दछौं कि अनुग्रह केवल हाम्रा पापहरू क्षमा गर्नको लागि आवश्यक छ तर त्यहाँबाट लिने कुरा हामीमा निर्भर छ, हामी वैधानिकताको खतरामा छौं। दुवै खतरनाक चरमहरू हुन् जुन अनुग्रहको यात्रामा बाधाहरू हुन्। प्रेरित पावलले यी दुई चरम कुराहरू बोल्छन् जब उनी भन्छन्, "डर र कम्पसाथ तिमीहरूकोआफ्नो मुक्तिको काम गर्न परिश्रम गर। किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ" (फिलिप्पी २.१२-१३)। हाम्रो आत्मिक वृद्धिको लागि को जिम्मेवार छ? यो हाम्रो काम हो कि परमेश्वरको काम? पावलले दुवैको जिम्मेवारी हो, र त्यो कुनै विरोधाभास होइन भनी जवाफ दिए।

विधिवादको चरम विचार गर्नुहोस्। यसको कडा ईश्वरशास्त्रीय परिभाषामा कानूनीवाद भनेको मुक्तिको लागि नियम, नियमहरू, र विशेष आचार संहिताहरूको पालना गर्नु आवश्यक छ भन्ने अति जोड दिइएको धारणा हो। व्यावहारिक रूपमा भन्नुपर्दा, कानुनवाद भन्छ, हामीलाई थाहा छ कि परमेश्वरले येशूको क्रूसमार्फत हाम्रो मुक्तिको लागि प्रबन्ध गर्नुभएको छ, तर यो हाम्रो जीवनमा कहिले वास्तविक हुन्छ कि हामी धेरै प्रार्थना गर्छौं, हरेक दिन हाम्रो बाइबल पढ्छौं, र निश्चित व्यक्ति र ठाउँहरूबाट सावधानीपूर्वक जोगिन्छौं भन्ने कुरामा निर्भर गर्दछ। यसको हृदयमा, कानूनीवादले केवल परमेश्वरले गर्न सक्ने कुरा हाम्रो लागि गर्न खोजिरहेको छ। नियमहरू पालन गर्ने व्यक्तिको नतिजा धेरै थोरै अनुग्रह, शान्ति वा आश्वासनको साथमा ठूलो मात्रामा अपराध, डर, निराशा र असुरक्षा हो। यो अनुग्रहरहित चेलापन हो र यसको सबैभन्दा टाढाको चरम सिमामा लगिएको, स्व-धार्मिक मानवतावादको एक भ्रान्तिजनक रूप र अहंकारी स्वभाव बन्छ। कानुनविद्हरूले आफैंको लागि उच्च अपेक्षाहरू छन् तर अरू सबैका लागि पनि उच्च स्तरहरू छन्, जुन अनाकर्षक छ र चर्चबाट अलग भएकाहरूलाई हटाउँछ।

कानुनवादको विपरित एन्टिनोमियनवादको विपरीत चरम हो। एन्टिनोमियनवाद एक प्राविधिक शब्द हो जुन दुई ग्रीक शब्दहरूबाट आएको हो: एन्टी, जसको अर्थ "विपरीत" र नोमोस, जसको अर्थ "कानुन" हो। संयुक्त रूपमा, यसले अराजकताको विचार व्यक्त गर्दछ। जबकि यो सत्य हो - र हामीले यस बिन्दुमा बहस गर्न धेरै समय बिताएका छौं - कि एक इसाईले अनुग्रहले मात्र मुक्ति पाएको छ र असल कामहरू वा हाम्रा आफ्नै कार्यहरूद्वारा होइन, यो सत्यले हामीलाई नैतिक र आत्मिक दायित्वहरूबाट मुक्त गर्दैन। व्यवहारिक रूपमा भन्नुपर्दा, एन्टिनोमियन व्यक्ति भन्छन्, "कृपा प्रशस्त भएकोले मैले अझ धेरै अनुग्रह प्राप्त गर्न किन पाप नगर्ने? किनकी म अनुग्रहले ढाकिएको छु, म

कुनै नैतिक स्तरको पालन गर्न बाध्य छैन। म जिम्मेवारीको बोझबाट मुक्त भएको छु। प्रेमले सबै कुरालाई ढाक्दछ।" यो तर्कविहिन (र अव्यावहारिक) जस्तो लाग्न सक्छ, यो कतिपय ईसाईहरूको मानसिकता हो। "मलाई कुनै गम्भीर प्रतिबद्धता वा आत्म-त्यागको बारे नभन्नुहोस्। मैले कसैको काँधमा गह्रौं आत्मिक बोझ राखेको छु किनभने यसले केवल पुरानो जमानाको अपराध र कानुनवादलाई निम्त्याउँछ। म अनुग्रहभित्र छु।"१२० उल्लेखनीय कुरा के छ भने, जोन वेस्ली कुनै कानुनविद् थिएनन्, तर उनले एन्टिनोमियन सोच्ने तरिकालाई कानुनवादभन्दा पनि ठूलो खतरा मान्छन् र एन्टिनोमियनवादलाई सबै पाखण्डहरूमध्ये सबैभन्दा खराब ठान्छन् किनभने यसले पूर्ण प्रेमको अवमूल्यन गर्‍यो। पवित्रताबिना प्रेम गर्नु अनुमति छ; प्रेम बिना पवित्रता कठोर छ।

१७५१ मा, जोन वेस्लीले बढो विश्वासको साथ एक मित्रलाई, उनको प्रचार या त धेरै वैधानिक वा धेरै अनुमोदन (एन्टिनोमियन) थियो भन्ने आरोपको जवाफमा एउटा पत्र लेखे। उहाँको प्रतिक्रिया शिक्षाप्रद थियो: "म व्यवस्थाबिनाको सुसमाचारभन्दा सुसमाचारबिनाको व्यवस्था प्रचार गर्न सल्लाह दिँदिनँ। निस्सन्देह, आ-आफ्नो पालोमा दुवैको प्रचार गर्नुपर्छ; हो, दुवै एकैपटक, वा दुवै एउटैमा।" वेस्लीले तनावमा राखिएको "एकै ठाउँमा दुवै" को अर्थ के हो भन्ने कुराको सारांश दिन्छ: "परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ; यसकारण उहाँलाई प्रेम गर्नुहोस् र आज्ञापालन गर्नुहोस्। ख्रीष्ट तपाईंको लागि मर्नुभयो; यसकारण पापको लेखि मर्नुहोस्। ख्रीष्ट जीवित हुनुभयो; यसकारण परमेश्वरको स्वरूपमा बौरि उठ्नुहोस्। ख्रीष्ट सधैंभरि जीवित हुनुहुन्छ; यसकारण परमेश्वरसँग महिमामा बाँचुञ्जेल परमेश्वरको निम्ति बाँच्नुहोस्। ... यो बाइबलीय मार्ग हो, मेथोडिस्ट मार्ग, साँचो मार्ग। परमेश्वर अनुमति दिनुहुन्छ कि हामी त्यहाँबाट, दाहिने हात वा देब्रे तर्फ कहिल्यै नफर्कौं।१२१

त्यसोभए यो कुन हो? हाम्रो उद्धार र आत्मिक वृद्धि परमेश्वरको काम हो कि हाम्रो काम? पावलले स्पष्ट पार्छन्: यो "कि त...वा" होइन तर "दुवै...र" हो। पूर्ण उद्धार-मुक्ति सुरुदेखि अन्त्यसम्म परमेश्वरको काम हो। हामी परमेश्वरको अनुग्रहद्वारा खोजिएका, बचाइएका, पवित्र, र स्थिर बनाइएका छौं। तैपनि, पवित्रसंग सहयोग गर्न सबै प्रयास गर्नको लागी हामीलाई बारम्बार

---

